सिन्चारको मृत्यु हमासको निम्ति गम्भीर... | पृष्ठ ६ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com





वर्ष २६ • अंक १४८ • २०८१ साल कार्त्तिक ४ गते आइतबार (20 October, Sunday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-


## गढीमाई मेला समस्या निदानप्रति मन्त्री यादव गम्भीर



**टुडे समाचारदाता**

बारा । विश्व प्रसिद्ध पञ्च वर्षीय गढीमाई मेलाको व्यवस्थापन तयारी सन्दर्भमा बृहत छलफल भएको छ।

खानेपानी मन्त्री प्रदीपकुमार यादवले विश्व प्रसिद्ध पञ्च वर्षीय मेलाको व्यवस्थापनमा कुनै पनि किसिमले समस्या उत्पन्न हुन नदिनका लागि सबै पक्षलाई आग्रह गरे।

मन्त्री यादवले बाराको बरियारपुरमा लाग्ने विश्वप्रसीद्ध पञ्चवर्षीय गढीमाई मन्दिरमा आउने दर्शनार्थी र भक्तजनहरुका लागि शुद्ध खानेपानीको प्रबन्ध मिलाउन मन्त्रालयका कर्मचारीहरुलाई निर्देशन दिए।

गढीमाई मेलाको तयारीबारेमा स्थलगत अनुगमन गर्दै मन्त्री यादवले आफ्नो तर्फबाट मेला भर्न आउने भक्तजनहरुका लागि शुद्ध खानेपानी, शुलभ शौचालय र मेलाको सरसफाईमा सक्रियतापूर्वक भूमिका निर्वाह गर्न तयार रहेको प्रतिवद्धता जनाए।

बाराको महागढीमाई नगरपालिका-२ स्थित गढीमाई मन्दिरमा मंसिर दोस्रो सातादेखि पञ्चवर्षीय मेला लाग्दै छ । पञ्चवर्षीय गढीमाई मेला पशु बलीका लागि विश्वमै प्रसिद्ध रहेको छ।

मन्त्री यादवले पञ्चवर्षीय गढीमाई मेलामा देशविदेशबाट लाखौँ श्रद्धालु र भक्तनहरु आउने भएकाले उनीहरूले गर्ने दर्शन र यात्रामा कुनै असुविधा नहुने गरी प्रबन्ध मिलाउनुपर्नेमा जोड दिए।

यसअघिको पञ्चवर्षीय गढीमाई मेलामा खानेपानी र शौचालयको अभावले दर्शनार्थी र भक्तजनहरुले समस्या खेप्नु परेको गुनासो आएको प्रसंग उल्लेख गर्दै मन्त्री यादवले विगतकोबाट पाठ सिकेर यस पालिको मेलामा कुनै पनि किसिमको समस्या उत्पन्न हुन नदिन सबै पक्ष सचेत हुन जरुरी रहेको बताए।

गढीमाई मेलामा आउने दर्शनार्थी र भक्तजनहरुको सेवा सुविधाका लागि स्थानीय सरकार र सरोकारवाला निकायहरूसँग मन्त्रालयले समन्वय गरेर समयमै उचित र भरपर्दो व्यवस्थापन गरिने उनले बताए।

# संघीय गठबन्धनको बाछिटा मधेश प्रदेशमा

## लामिछानेको पक्राउप्रति राउतको आपत्ति, समस्यामा प्रदेश सरकार

**टुडे समाचारदाता**

काठमाण्डु। संघीय सरकारमा नरहे पनि गठबन्धनमा रहेको जनमत पार्टीले पूर्वउपप्रधान एवं गृहमन्त्री समेत रहेका राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)का अध्यक्ष रवि लामिछाने पक्राउको विरोध गरेको छ।

जनमत पार्टीका अध्यक्ष डा.सिके राउतले राज्यले गरेको 'फ्रेमिङ'का आधारमा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति एवं पूर्वगृहमन्त्री रवि लामिछानेलाई पक्राउ गरिएको दाबी गरेका छन्।

सहकारी संस्थाको रकम अपचलन प्रकरणमा सभापति लामिछाने पक्राउ परेपछि अध्यक्ष राउतले फेसबुक मार्फत सार्वजनिक गरेको प्रतिक्रियामा भनेका छन् , '२१ सिट भएको नयाँ/राष्ट्रिय पार्टीका सभापति रविजीको अहिलेको पक्राउलाई म प्रतिशोध र निषेधको राजनीतिको अलावा केही भन्न सक्दिन।'

प्रतिनिधि सभाकी उपसभामुखलाई एमाले नेतृत्वको गठबन्धनले हटाउन खोज्दा जनमत पार्टीले त्यसको विरोध गरेको थियो। सरकारको पछिल्लो दुईवटा कार्यको सार्वजनिक रुपमा राउतले विरोध गरेका छन्।

स्रोतका अनुसार राउतको कथनलाई एमाले अध्यक्षसमेत रहेका प्रधानमन्त्री केपी शर्मा ओलीले 'नोटिस'मा लिएका छन्। संघीय सरकारलाई समर्थन गरे पनि सरकार बाहिर नै रहेको जनमत पाटीको नेतृत्वमा मधेशमा रहेको सरकारलाई एमाले, कांग्रेस र लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा) नेपालले समर्थन गरेको छ।

संघीय सरकारलाई अप्ठ्यारोमा पार्ने काम जानाजान राउतले गरिरहेको भन्दै एमालेका कयौँ नेताहरुले असन्तुष्टि जनाउँदै प्रदेश सरकारबाट जनमतलाई हटाउनु पर्ने आवाज उठाउन थालेका छन्।

प्रमुख प्रतिपक्षी दलका नेता माओवादी अध्यक्ष प्रचण्डले शुक्रबार बोलाएको बैठकमा अनुपस्थित रहेका डा. राउतले रविको पक्षमा दिएको अभिव्यक्तिलाई सत्तारुढ दलका नेताहरुले रुचाएका छैनन्।



जनमत पार्टीका प्रवक्ता डा.शरद यादवले रविको पक्षमा पार्टी रहेको बताए। 'पार्टी अध्यक्षले सामाजिक सञ्जालमा राख्नु भएको धारणा नै आधिकारीक हो' उनले भने, 'रविलाई पक्राउ गर्नु पूर्वाग्रह हो।'

डा.राउतको स्ट्याट्सममा भनिएको छ, आफूहरूको बीचमा धरातल र कैयन एजेन्डा फरक होला, कतिपय ठाउँमा विपरीत धारमा पनि उभिएको उल्लेख छ, तर लोकतन्त्रमा प्रतिशोध र निषेधको राजनीति हुनु हुँदैन भन्नेमा आफूहरूको एकमत रहेको छ।

'सुनौलो भविष्य बोकेको कोपिलालाई निमोठिएको हो, भावी पुस्ताको स्वर्णिम भविष्यलाई भ्रुणमा नै हत्या गर्न खोजिएको छ' उनले अगाडि भनेका छन्, यो पक्राउ राज्यद्वारा 'फ्रेमिङ्ग' गरिएको दाबी गरे।

डा. राउतको अभिव्यक्तिले प्रदेश सरकारमाथिको संकट बढाएको छ। स्रोतहरुका अनुसार डा.राउत प्रदेश सरकारबाट बाहिरिन खोजेका छन् । प्रदेश सरकारको गतिविधिले जनमत पार्टीको लोकप्रियतामा गिरावट आइरहेको उनको मूल्यांकन छ।

मुख्यमन्त्री सतीश कुमार सिंहको कारण पार्टीमा आन्तरिक विवाद पनि बढेको छ। मधेश प्रदेशमा सत्ता साझेदार नेपाली कांग्रेस जनमत पार्टीसित सन्तुष्ट छैन। मुख्यमन्त्री सिंहविरुद्ध सक्रिय रुपमा लागेको कांग्रेसका लागि डा.राउतको अभिव्यक्ति मुद्दा बनेको छ।

डा. राउतले सरकारको आलोचना गरिरहेको बेला जनता समाजवादी पार्टी(जसपा)नेपालले पक्षमा सशक्त रुपमा उभिएको छ। सत्ता गठबन्धनलाई गरेको समर्थन फिर्ता नलिएकाले सरकारको आलोचना गर्न नमिल्ने जसपा नेपालका प्रवक्ता समेत रहेका मधेश प्रदेशका सभासद मनिष सुमनले बताए। प्रचण्डले बोलाएको विपक्षी दलहरुको बैठकमा सहभागी नभएको जसपा नेपाल लामिछनेको पक्राउ प्रकरणमा मौन बसेको छ।


डा. राउतले आफैले भोगेको पीडालाई पनि लामिछानेको पक्राउ प्रकरणसित जोडेका छन्। पछिल्लो दशकमा सरकारद्वारा ऐन कानुनको दुरुपयोगबाट सर्वाधिक दमनको शिकार आफू भएको बताउँदै उनले दुई दर्जनभन्दा बढी पटक हिरासत/जेल जानु परेको दाबी गरेका छन्। 'यहाँको ऐन कानुन नै त्यस्तै छ कि राज्यले चाहेमा सडकमा हिँडिरहेको होस् कि घरमै सुतिरहेको जोसुकै, जस्तो सुकै निर्दोषलाई समातेर २५-५० दिन त अनुसन्धानको नाममा त्यस्तै हिरासतमा राखिदिन सक्छ ' उनले भने, 'अदालतले पछि उनलाई जतिसुकै निर्दोष साबित गरे तापनि राज्यले कुनै माफी समेत माग्नु पर्दैन।'

सरकारमा बस्ने पार्टी र शीर्षनेता तथा राज्य चलाउनेहरू कानुनको दुरुपयोग गरेको उनको आरोप छ। शीर्ष नेताहरूले आफ्नो वा आफ्नो पार्टीको विरोध गर्नेहरूलाई तह लगाउन, आफ्नो पार्टीमा जबर्जस्ती प्रवेश गराउन, अनुचित आर्थिक असुली गर्न त्यसको प्रयोग हतियारको रूपमा गर्दै आएको उल्लेख गर्दै उनले भनेका छन्, एउटा निमुखा, गरिब आम मानिसको त हत्या हुँदा समेत प्रहरीले उजुरी दर्ता गर्न नमानिराखेको अवस्था छ।

मधेश प्रदेशमा तिहार अगावै सरकारमा भारी फेरबदल भए अनौँठो नहुने एकजना मन्त्रीले बताए। नाम सार्वजनिक नगर्ने शर्तमा उनले भने, 'प्रदेश सरकारबाट अब जनमत बाहिरिने छ। त्यसको पृष्ठभूमि जनमतका अध्यक्ष डा.राउतले नै बनाएका छन्।' प्रधानमन्त्री ओलीको पनि राउतसितको मोह भंग भएको उनले बताए।







# विदेशी मुद्राको विनिमय दर

काठमाण्डु । नेपाल राष्ट्र बैङ्कले शनिबारका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ। राष्ट्र बैङ्कका अनुसार अमेरिकी डलर एकको खरिददर एक सय ३४ रुपैयाँ २१ पैसा र बिक्रीदर एक सय ३४ रुपैयाँ ८१ पैसा कायम भएको छ।

युरोपियन यूरो एकको खरिददर एक सय ४५ रुपैयाँ ५४ पैसा र बिक्रीदर एक सय ४६ रुपैयाँ १९ पैसा, युके पाउन्ड स्ट्रलिङ एकको खरिददर एक सय ७५ रुपैयाँ ०७ पैसा र बिक्रीदर एक सय ७५ रुपैयाँ ८५ पैसा, स्विस फ्र्याङ्क एकको खरिददर एक सय ५४ रुपैयाँ ९७ पैसा र बिक्रीदर एक सय ५५ रुपैयाँ ६६ पैसा कायम गरिएको छ।

अष्ट्रेलियन डलर एकको खरिददर ९० रुपैयाँ ०५ पैसा र बिक्रीदर ९० रुपैयाँ ४६ पैसा, क्यानेडियन डलर एकको खरिददर ९७ रुपैयाँ ३१ पैसा र बिक्रीदर ९७ रुपैयाँ ७५ पैसा, सिङ्गापुर डलर एकको खरिददर एक सय दुई रुपैयाँ २७ पैसा र बिक्रीदर एक सय दुई रुपैयाँ ७३ पैसा निर्धारण गरिएको छ।जापानी येन १० को खरिददर आठ रुपैयाँ ९५ पैसा र बिक्रीदर आठ रुपैयाँ ९९ पैसा, चिनियाँ युआन एकको खरिददर १८ रुपैयाँ ८९ पैसा र बिक्रीदर १८ रुपैयाँ ९८ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३५ रुपैयाँ ७३ पैसा र बिक्रीदर ३५ रुपैयाँ ९७ पैसा, कतारी रियाल एकको खरिददर ३६ रुपैयाँ ८१ पैसा र बिक्रीदर ३६ रुपैयाँ ९७ पैसा कायम भएको छ।

केन्द्रीय बैङ्कका अनुसार थाई भाट एकको खरिददर चार रुपैयाँ ०५ पैसा र बिक्रीदर चार रुपैयाँ ०६ पैसा, युएई दिराम एकको खरिददर ३६ रुपैयाँ ५४ पैसा र बिक्रीदर ३६ रुपैयाँ ७० पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३१ रुपैयाँ १८ पैसा र बिक्रीदर ३१ रुपैयाँ ३२ पैसा, साउथ कोरियन वन एक सयको खरिददर नौ रुपैयाँ ७८ पैसा र बिक्रीदर नौ रुपैयाँ ८३ पैसा, स्विडिस क्रोनर एकको खरिददर १२ रुपैयाँ ७५ पैसा र बिक्रीदर १२ रुपैयाँ ८१ पैसा र डेनिस क्रोनर एकको खरिददर १९ रुपैयाँ ५२ पैसा र बिक्रीदर १९ रुपैयाँ ७० पैसा तोकिएको छ।



राष्ट्र बैङ्कले हङकङ डलर एकको खरिददर १७ रुपैयाँ २७ पैसा र बिक्रीदर १७ रुपैयाँ ३५ पैसा, कुवेती दिनार एकको खरिददर चार सय ३७ रुपैयाँ ९४ पैसा र बिक्रीदर चार सय ३९ रुपैयाँ ८९ पैसा, बहराइन दिनार एकको खरिददर तीन सय ५५ रुपैयाँ ९८ पैसा र बिक्रीदर तीन सय ५७ रुपैयाँ ५७ पैसा तथा भारतीय रुपैयाँ एक सयको खरिददर एक सय ६० रुपैयाँ र बिक्रीदर एक सय ६० रुपैयाँ १५ पैसा तोकेको छ।राष्ट्र बैङ्कले यो विनिमय दरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने जनाएको छ । वाणिज्य बैङ्कले तोक्ने विनिमय दर भने फरक हुनसक्ने र अद्यावधिक विनिमय दर केन्द्रीय बैङ्कको वेबसाइटमा उपलब्ध हुने जनाइएको छ।रासस

# रासस समाचार उत्पादनको 'इपिसेन्टर' हो : मन्त्री गुरुङ



काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले राष्ट्रिय समाचार समिति (रासस) राष्ट्रिय र अन्तरराष्ट्रिय समाचार उत्पादन तथा वितरणको 'इपिसेन्टर' (केन्द्रविन्दु) भएको बताउनुभएको छ।

अन्तवार्तामा शनिबार उहाँले समाचार सेवामा अथक महत्त्व बोकेको राससले सबै 'मिडिया' लाई सुहाउने समाचार संप्रेषण गर्न आवश्यक रहेको बताउँदै संस्थागत क्षमता वृद्धि गर्ने र 'इन हाउस' मा केही सुधार गर्न सुझाव दिनुभयो।

"पछिल्लो समय सञ्चार गृह सूचना प्रविधिमैत्री बन्दै गएका छन् । समय सापेक्ष राससले पनि आफ्ना गतिविधि र उत्पादनमा प्रविधिमैत्री बनाउन जोड दिनुपर्छ," सरकारका प्रवक्तसमेत रहनुभएका सञ्चारमन्त्री गुरुङले भन्नुभयो, "रासस 'आइटी फ्रेन्डली' बनाउनुपर्छ, जनशक्तिको कार्यक्षमता बढाउनुका साथै व्यवस्थापनमा पनि ख्याल गर्नुपर्छ।"

राससले पछिल्लो समय २४ सै घण्टा सेवा सञ्चालन गर्दा सञ्चार क्षेत्रमा सकारात्मक सन्देश प्रवाह भएको आफूले पाएको उल्लेख गर्दै मन्त्री गुरुङले भन्नुभयो, "बाढी र प्रकोपका बेला राससले सूचना प्रवाहमा निर्वाह गरेको भूमिका प्रशंसनीय छ, सेवा दिनमा रासस अब विश्राम लिँदैन भन्ने कामबाटै पुष्टि भएको छ। सरकारको उद्देश्य पनि सूचनामा जनताको पहुँच बढीभन्दा बढी विस्तार गर्नु हो।"

राससको सेवा विस्तार हुँदै गए पनि त्यसअनुसार जनशक्तिको कार्यक्षमता बढाउनुपर्नेमा जोड दिँदै मन्त्री गुरुङले राष्ट्रपति, प्रधानमन्त्री, संवैधानिक निकाय र राष्ट्र निर्माणका जिम्मेवार प्रमुखलाई बोलाएर राससमार्फत धारणा सम्प्रेषण गराउनुपर्ने बताउनुभयो। उहाँले सङ्घीय मन्त्रालयले गरेका कामका बारेमा राससले समाचार बनाउनुपर्नेमा जोड दिनुभयो । "२२ वटा मन्त्रालयले के काम गरिरहेका छन् भन्ने कुरा जनताले थाहा पाउनुपर्छ", उहाँले रासससँग भन्नुभयो, "राससले कार्यशैली नीति, रणनीति र ऐन पनि संशोधन गर्नुपर्ने छ।"रासस

# केही स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना

काठमाण्डु। हाल देशभर पश्चिमी वायुको प्रभाव रहनुका साथै स्थानीय वायुको पनि केही प्रभाव रहेको छ। जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाका अनुसार कोशी, बागमती, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशका केही भू-भागमा आंशिकदेखि साधारणतया बदली रही र बाँकी भू-भागमा आंशिक बदलीदेखि मौसम मुख्यतया सफा छ भने कोशी र बागमती प्रदेशको एक-दुई स्थानमा हल्का वर्षा भइरहेको छ।

विभागका अनुसार शनिबार दिउँसो देशका पहाडी भू-भागमा आंशिकदेखि साधारणतया बदली रही बाँकी भू-भागमा आंशिक बदलीदेखि मौसम मुख्यतया सफा रहने छ। देशका पहाडी भू-भागका एक-दुई स्थानमा मेघ गर्जन/चट्याङ्गसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना छ।

शनिबार राति कोशी, मधेस, बागमती, गण्डकी र लुम्बिनी प्रदेशलगायत पहाडी भू-भागमा आंशिकदेखि साधारणतया बदली रही बाँकी भू-भागमा आंशिक बदलीदेखि मौसम मुख्यतया सफा रहने छ।



कोशी, मधेस, बागमती, गण्डकी र लुम्बिनीलगायत पहाडी भू-भागका एक-दुई स्थानमा मेघ गर्जन/चट्याङ्गसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना छ।रासस

# रक्तदान कार्यक्रम सम्पन्न

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाममा युवाहरुको एक समूहले रक्तदान कार्यक्रम गरेको छ।

जनकपुरधाममा शनिबार लायन्स क्लब अफ जनकपुरधाम राजधानीको आयोजनामा भएको रक्तदान कार्यक्रममा दुई दर्जन रक्तदाताले रक्तदान गरेको छ।

सो रक्तदान कार्यक्रममा सुमन कुमार झा, अमित कुमार यादव, ललित नारायण झा, राहुल निधि, दीपक कुमार साहलगायत २४ जनाले रक्तदान गरेको लायन्स क्लब अफ जनकपुरधाम राजधानीका सचिव प्रभाषकुमार झाले जानकारी दिए।




# तीनकुने क्षेत्रको बागमतीबाट एक 'मेट्रिक टन' फोहर व्यवस्थापन



काठमाण्डु। बागमती सफाइ महाअभियानको पाँच सय ९७ औं हप्तामा तीनकुने पुल क्षेत्रको नदी किनारमा सफाइ गरी एक मेट्रिक टन फोहर व्यवस्थापन गरिएको छ।

'हप्तामा दुई घण्टा स्वयंसेवा' भन्ने नाराका साथ भएको सफाइमा पूर्वमन्त्री अग्नि खरेललगायत अभियानकर्मीको सक्रियता थियो । विसं २०६० जेठ ५ गतेदेखि सुरु भएको सफाइ महाअभियान प्रत्येक हप्ताको शनिबार दुई घण्टा नदी किनारमा गर्ने गरिएको छ । त्यस क्रममा आज तीनकुनेस्थित पुलमुनिको पाँच सय मिटर तलसम्म सफाइ गरिएको अभियानकर्मी डा माला खरेलले राससलाई जानकारी दिनुभयो । आजको सफाइबाट उठाइएको फोहर काठमाडौं महानगरपालिकाले व्यवस्थापन गरेको छ।

सफाइ महाअभियान सुरु भएदेखि प्रत्येक हप्ताको आज निरन्तर चलिरहेको छ । यो महाअभियानबाट प्रभावित भएर काठमाडौं उपत्यकामा बागमतीका सहायक नदी पनि सफाइ भइरहेको छ । यसैगरी काठमाडौं उपत्यका बाहिरका मुख्य नदी एवं सहरमा पनि सफाइ भइरहेको छ।

महाअभायनबाट प्रभावित भएर देशभर एक सय आठभन्दा बढी स्थानमा सफाइ भइरहेको जनाइएको छ।रासस

# 'भूमिसम्बन्धी समस्या समाधान गर्न कात्तिकभित्रै आयोग गठन हुन्छ'

त्रिशूली। भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले भूमिसम्बन्धी समस्या समाधान गर्न छिट्टै आयोग गठन हुने बताउनुभएको छ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) नुवाकोटले शनिबार विदुरमा आयोजना गरेको अन्तरक्रिया तथा भेटघाटमा उहाँले आयोगलाई अधिकारसम्पन्न बनाई कात्तिकभित्रै गठन गर्ने तयारी भइरहेको बताउनुभयो।



"विगतका आयोगले काम नगरेको गुनासो धेरै छन्। त्यसमा केही यथार्थ पनि छ। भूमिसम्बन्धी समस्या समाधानका लागि आवश्यकताअनुसार आयोग बनाउन अझै केही कानुनी समस्या छन् तर दलीय र सरकारको सहमतिमा सकेसम्म सबै समस्या समाधान गर्नसक्ने गरेर अधिकार सम्पन्न आयोग गठन हुनेछ। आयोगले गर्ने काममा कानुनी प्रश्न उठ्न नदिन भूमि ऐन, नापी ऐनसहित यससँग सम्बन्धित कानुन निर्माण तथा सुधारमा मन्त्रालय लागिरहेको छ", मन्त्री अधिकारीले भन्नुभयो।

अब बन्ने आयोगले विगतका आयोगले गरेका कार्यको दायित्व ग्रहण भूमिहीन, सुकुम्बासी र अव्यवस्थित बसोबासीका समस्या समाधानमा केन्द्रित हुने उल्लेख गर्नुहुँदै उहाँले बिर्ता र गुठी समस्या समाधानका लागि क्रमशः कानुन निर्माण गरेर अगाडि बढ्ने सरकारेको लक्ष्य रहेको बताउनुभयो।रासस

# न्हूदँ ११४५ समारोह समितिको अध्यक्षमा श्रेष्ठ

काठमाण्डु। यस वर्ष नेपाल संवत्को नयाँ वर्ष मनाउन न्हूदँ ११४५ समारोह समितिमा नेवाः अगुवा तथा पूर्वमन्त्री राजेन्द्र श्रेष्ठ अध्यक्ष चुनिनु भएको छ।

न्हूदँ ११४४ समारोह समितिका अध्यक्ष प्रा डा नरेशमान बज्राचार्यको सभापतित्वमा शुक्रबार बसेको बैठकले नेवाः अभियानकर्मी श्रेष्ठलाई सर्वसम्मतिबाट अध्यक्षमा चुनेको हो।

नेपाल संवत्लाई राष्ट्रिय मान्यता दिलाउन विगत लामो समयदेखि सक्रिय रहिआउनु भएका उहाँ नेपाली समाजमाझ बौद्धिक व्यक्तित्वको रुपमा परिचित हुनुहुन्छ।संविधानसभाबाट



समावेशी संविधान निर्माण गर्ने कार्यमा उहाँले महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएको थियो । उहाँ हाल जनता समाजवादी पार्टीका अध्यक्ष हुनुहुन्छ।

उक्त बैठकले नव वर्ष नेपाल संवत् ११४५ देशभर विविध कार्यक्रम गरी मनाउन ७२ सदस्यीय मूल समारोह समिति गठन गर्नाका साथै दैनिन्दिनका कार्य सञ्चालनका लागि १७ सदस्यीय सचिवालय पनि गठन गरेको छ।

यस अतिरिक्त बैठकले न्हूदँ मनाउने कार्यलाई थप व्यवस्थित र वैधानिक बनाउन संस्था दर्ता गरी संस्थागत रुपमै अघि बढ्ने निर्णय पनि गरेको छ।रासस

# चाडपर्वका बेला पनि विदेशिने क्रम घटेन

काठमाण्डु । चाडपर्वका बेला पनि वैदेशिक रोजगारीमा जानेहरूको संख्या निरन्तर बढिरहेको छ।

वैदेशिक रोजगार विभागका अनुसार गत असोजमा श्रम स्वीकृति लिएर ५३ हजार पाँच सय २५ जना विदेशिएका छन्। असोजमा १७ हजार सात सय २४ जना नेपाली संयुक्त अरब इमिरेट्स, १० हजार चार सय ६८ जना साउदी, नौ हजार सात सय ९८ जना कतारमा, तीन हजार आठ सय सात जना कुबेत र एक हजार तीन सय १४ जना मलेसिया गएका छन्।

यसैगरी, असोजमा युरोपेली मुलुक रोमानिया क्रोएशिया, साइप्रस, माल्टा र पोर्चुगल जानेको संख्यामा पनि वृद्धि भएको छ । गत भदौमा ५७ हजार चार सय ९३ जना नेपाली रोजगारीका लागि विदेसिएका थिए।रासस

## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : वाद विवादबाट बच्नु। |
| बृष | : नयाँ कार्य हुने। |
| मिथुन | : पुरस्कार प्राप्त लाभ। |
| कर्कट | : बौद्धिक क्षमता। |
| सिंह | : प्रतिभा सम्पन्नता। |
| कन्या | : शिक्षामा उन्नति। |
| तुला | : पारिवाहिक सुख। |
| वृश्चिक | : धन वृद्धि सञ्चय। |
| धनु | : प्रेम प्रसंग, मित्र सुख। |
| मकर | : सुख समृद्धि हुने। |
| कुम्भ | : भ्रमण अवसर हुने। |
| मीन | : अवसर प्राप्त। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८१३५३४, ९८१५८१३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन


| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



धनुषाको विदेह नगरपालिका-६ तिनकैरिया चोक बजारमा छठ पूजामा प्रसाद सामग्री राख्न प्रयोग गरिने नाङ्लो र डालो किनमेल गर्दै स्थानीय । तस्विर : रासस

# बागमती मनुष्मारा झाँझ सिँचाइ प्रणालीमा दुई करोडको क्षति

जनकपुरधाम । गत असोज ११, १२ र १३ गतेकोअविरल वर्षासँगै आएको बाढीले बागमती मनुष्मारा झाँझ सिँचाइ कार्यालय अन्तर्गत करिब रु दुई करोड बराबरको भौतिक क्षति भएको छ । साथै सिँचाइ प्रणालीमा पुऱ्याएको क्षतिका कारण सिँचाइको कार्यमा समस्या उत्पन्न भएको कार्यालय प्रमुख रामदुलारी शरण भगतले जानकारी दिनुभयो ।



बाढीले सो कार्यालयअन्र्तगत झाँझ सिँचाइ प्रणलीमा रहेका मूल नहर र शाखा नहरको (बैक) डिल र तटबन्ध कटान गरेको, विभिन्न स्थानमा नहर तोडफोर गरेको र नहरको गेट तथा हेडवर्क्समा क्षति पुऱ्याएको बताइएको छ ।

झाँझ नदीमा एक्कासी आएको बाढीले रौतहट जिल्लामा रहेको झाँझ सिँचाइ प्रणालीमा करिब दुई करोड मूल्य बराबरको भौतिकरुपमा क्षति पुगेको कार्यालयको प्रारम्भिक अनुमान छ । रौटहटको महम्मदपुर, शिवनगर, भेडियाही, देवाहीगुनाही तथा जयनगरलगायत ग्रामीण क्षेत्रमा बाढीले ठाउँठाउँमा भाँझ सिँचाइ प्रणालीको संरचना भत्काएको थियो । भाँझ सिँचाइ प्रणालीबाट चार हजार हेक्टर जमिनमा सिँचाइ सुविधा पुऱ्याउँदै आएको सो कार्यालयको सिँचाइ प्रणालीमा भएको क्षतिका सम्बन्धमा अनुगमन तथा निरीक्षण गरी सो क्षतिबारे जानकारी दिएको हो ।उक्त क्षतिग्रस्त संरचनाको मर्मत सम्भार तथा निमार्णमा ठूलो रकम लाग्ने उहाँले बताउनुभयो । समयमा मर्मत नगरेमा त्यहाँ आउँदो हिउँदे बालीमा नहर सञ्चालन गर्न नसक्ने अवस्था रहेको प्रमुख भगतले बताउनुभयो ।

उक्त कार्यालयअन्तर्गत सिँचाइ आयोजनाको निर्माण २०३९/४० बाट सुरु भई २०४४/४५ बाट कार्यान्वयनमा आएको बताइएको छ । कार्यालयअन्तर्गत सर्लाहीतर्फ हिरापुर ब्यारेज मनुष्कमारा सिँचाइ प्रणाली प्रथमबाट दुई हजार आठ सय हेक्टर तथा मानपुर ब्यारेज मनुष्मारा सिँचाइ प्रणाली दोस्रोबाट तीन हजार दुई सय हेक्टर गरी छ हजार हेक्टर जमिनमा सिँचाइ सुविधा पुऱ्याउँदै आएको प्राप्त विवरणमा उल्लेख गरिएको छ ।

रौतहटतर्फ भाँझ सिँचाइ प्रणालीबाट चार हजार हेक्टर जमिनमा सिँचाइ सुविधा पुऱ्याएको छ ।

अर्थात सर्लाही तथा रौतहटमा गरी कूल १० हजार हेक्टर जमिनमा सो कार्यालयबाट सिँचाइ सुविधा पुऱ्याउँदै आएको कार्यालयले जनाएको छ ।रासस

# सुक्खाबन्दरगाहद्धारा तीन महिनामा १२ अर्ब ७५ करोड राजस्व सङ्कलन




वीरगञ्ज । वीरगञ्जको सिर्सियास्थित सुक्खाबन्दरगाह भन्सार कार्यालयले चालु आर्थिक वर्षको तीन महिनाको अवधिमा रु १२ अर्ब ७५ करोड ७८ लाख २१ हजार राजस्व सङ्कलन गरेको छ । कार्यालयले चालु आवको असोज मसान्तसम्मको अवधिमा कुल वार्षिक लक्ष्यको २१ दशमलव २५ प्रतिशत राजस्व सङ्कलन गरेको हो ।


सुक्खाबन्दरगाह भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत धनबहादुर बरुवालले गत आर्थिक वर्षको तीन महिनाको तुलनामा चालु आवको सोही अवधिमा राजस्व सङ्कलन रु २५ करोड ८४ लाख ११ हजार ले कमी भएको बताउनुभयो ।"गत आर्थिक वर्षको तीन महिनाको तुलनामा चालु आवको सोही अवधिमा सवारीसाधन र मदिराजन्य पदार्थको आयातमा गिरावट आएसँगै राजस्वमा प्रत्यक्ष असर पारेको देखिन्छ", उहाँले भन्नुभयो, "चालु आवको दसैँमा पनि अपेक्षाकृत आयात बढ्न सकेन । जसले गर्दा राजस्वको लक्ष्य भेट्टाउन सकेन ।"

कार्यालयले चालु आवको पहिलो महिना साउनमा मासिक लक्ष्यको ७९ दशमलव २८ प्रतिशत अर्थात रु तीन अर्ब ७५ करोड २२ लाख ११ हजार राजस्व सङ्कलन गऱ्यो । त्यस्तै चालु आवको दोस्रो महिना भदौमा मासिक लक्ष्यको ८८ दशमलव ५० प्रतिशत अर्थात चार अर्ब ६४ करोड १९ लाख एक हजार राजस्व सङ्कलन गऱ्यो ।

त्यस्तै चालु आवको तेस्रो महिना अर्थात असोजमा भने मासिक लक्ष्यको ९० दशमलव ३१ प्रतिशत अर्थात चार अर्ब ३६ करोड ३७ लाख नौ हजार राजस्व सङ्कलन गऱ्यो । सुक्खाबन्दरगाह भन्सार कार्यालयका अनुसार गत आर्थिक वर्षको असोज मसान्तसम्मको अवधिमा रु १३ अर्ब ११ करोड ६२ लाख ३२ हजार राजस्व सङ्कलन भएको थियो ।रासस

# वीरगञ्जको घडीअर्वा पोखरीमा छठको तयारी थालियो

वीरगञ्ज । वीरगञ्जको घडीअर्वा पोखरीमा आसन्न छठपर्वको तयारी थालिएको छ । छठ पूजा व्यवस्थापन समिति घडीअर्वा पोखरीका अध्यक्ष दिलीप साहले विगतका वर्षमा जस्तै यस वर्ष पनि घडीअर्वा पोखरीमा छठ पूजाको तयारी थालिएको बताउनुभयो ।



उहाँले भन्नुभयो,"घडीअर्वा पोखरीमा छठको पण्डाल र झिलिमिली र झकिझकाउ सजावटले पनि धेरै दशनार्थीलाई आकर्षित गर्दै आइरहेको छ । पण्डाल र लाइट व्यवस्थापनको जिम्मेवारी दिइसकेका छौँ ।" तराई -मधेशका महिलाले छठ पूजा गर्नाले आफ्नो परिवार र सन्ततीको सुख समृद्धिको कामना गर्दै मनाउने गर्छन । यस वर्ष छठ पर्वको मुख्य दिन यही कात्तिक २२ गते कातिक शुक्ल षष्ठीको दिन परेको छ । छठपर्व विशेष गरी कात्तिक शुक्ल चतुर्थीका दिनदेखि आरम्भ भएर षष्ठीको दिनसम्म मनाउने गरिन्छ ।

घडीअर्वा स्पोर्ट्स क्लबका अध्यक्ष सन्तोषकुमार साहले २०६० सालदेखि घडीअर्वा पोखरीमा छठपूजा मनाउँदै आइरहेको बताउनुभयो ।"छडपूजा गर्ने दर्शनार्थीलाई सहज र सुलभ ढङ्गले पूजा गर्न सकियोस् भनेर नै व्यवस्थापन गर्न लागिएको हो," उहाँले भन्नुभयो । छठपूजा व्यवस्थापन समितिका सहसचिव प्रभाकर गुप्ता विगतका वर्षमा भन्दा पनि यो आकर्षक खालका बत्ती र पण्डाल राखिने दाबी गर्नुभयो ।

"छठ पूजाको मुख्य आकर्षण भनेको नै पण्डाल हो । पण्डालमा जति धेरै आर्कषण ल्याउन सकिन्छ । त्यति नै सुन्दर र भव्य देखिनेछ," उहाँले भन्नुभयो,"घडीअर्वा पोखरीमा छठको सजावट र डेकोरेसन हेर्नका लागि पनि मुलुकका विभिन्न ठाउँबाट आउने परम्परा जस्तै भइसकेको छ । अब हामीले तेस्रो मुलुकबाट आउने पर्यटकलाई पनि छठको रौनकता देखाउन जरुरी भइसकेको छ ।" सहसचिव गुप्ताले घडीअर्वा पोखरीको सजावट र डेकेरेसनले मुलुकभरका दर्शनार्थीलाई मोहित पार्ने भएकाले पनि यस वर्ष एक लाखभन्दा धेरै दर्शनार्थीले घडीअर्वा पोखरीको अवलोकन गर्ने दाबी गर्नुभयो ।

समितिका अध्यक्ष कानुले छठ पूजाको सजावट र व्यवस्थापनको लागि करिव १७ लाख खर्च लाग्ने अनुमान रहेको जानकारी दिनुभयो ।"छठपर्वका लागि आवश्यक पर्ने खर्चका व्यवस्थापनको लागि ऐच्छिक रुपमा रु दुई सय ५० को टिकट काट्ने व्यवस्था गरेका छौँ," उहाँले भन्नुभयो,"छठ पर्वमा घडिअर्वा पोखरी दर्शन र पूजापाठका लागि भने कुनै शूल्क लाग्ने छैन ।

" समितिका अनुसार विगतका वर्षमा जस्तै यो वर्ष पनि घडीअर्वा पोखरीको चारैतर्फ झिलिमिलि बत्ती, पण्डाल र रङ्गीचङ्गी फूलहरुले सजावट गरिनेछ ।रासस

# सप्तरीबाट १३ सडक आश्रितको उद्धार



राजविराज । मेची-महाकाली राष्ट्रिय उद्धार यात्राको पाँचौँ दिन सप्तरीबाट शुक्रबार १३ जनाको उद्धार गरिएको छ ।

'यो पटकको चाडपर्वमा कसैले बस्न नपरोस् सडकपेटीमा' भन्ने भावनासहित मानवसेवा आश्रम र आनी छोइङ डोल्मा फाउन्डेसनको संयुक्त आयोजनामा यात्रा सुरु भएको हो । सोही क्रममा मेची-महाकाली राष्ट्रिय उद्धार यात्राअन्तर्गत राजविराज नगरपालिका- ७ बाट चार, वडा नं ६ बाट तीन र वडा नं १ बाट ए गरी आठजना र त्यस्तै सप्तकोशी नगरपालिका-१ बाट पाँच गरी १३ जनाको उद्धार गरिएको मानव सेवा आश्रमका संस्थापक अध्यक्ष रामजी अधिकारीले जानकारी दिनुभयो ।

उद्धार गरिएका ११ पुरुष र दुई महिलालाई शुक्रबार नै मानवसेवा आश्रम सर्लाही सेवा केन्द्रमा पठाइएको छ । यसअघि मानवसेवा आश्रम र आनी छोइङ डोल्मा फाउन्डेसनको संयुक्त आयोजनामा सुरु भएको मेची-महाकाली राष्ट्रिय उद्धार टोलीलाई सप्तरीको राजविराजमा स्वागत गरिएको थियो ।राष्ट्रिय उद्धार यात्राको टोली तथा स्थानीय जनप्रतिनिधिहरूले शुक्रबार राजविराजमा संयुक्त रूपमा सचेतनामूलक ऱ्याली प्रदर्शनसहित राजविराज नगरपालिकाको विभिन्न भाग परिक्रमा गरी नगरपालिकाको प्राङ्गणमा अभियानको उद्देश्यबारे जानकारी गराइएको थियो । उक्त अवसरमा आनी छोइङ डोल्मा फाउन्डेसनकी संस्थापक आनी छोइङ डोल्मा, जिल्ला समन्वय समिति सप्तरीका प्रमुख शिवनारायण साह, राजविराज नगरपालिकाकी कार्यवाहक नगरप्रमुख इसरत परविन, सप्तरीका प्रहरी उपरीक्षक ढकेन्द्र खतिवडा, राष्ट्रिय अनुसन्धान आयोग सप्तरीका प्रमुख अनुसन्धान उपनिर्देशक सुरेन्द्र कोइराला, जसपाकी केन्द्रीय सदस्य रमिलादेवी साहलगायत उपस्थित हुनुहुन्थ्यो ।

राष्ट्रिय उद्धार यात्रीहरूले कोशी प्रदेशमा ४३ को उद्धार गरेका छन् । जसमध्ये झापाबाट १२ जना, सुनसरीबाट १२ मोरङबाट चार र उदयपुरबाट १६ को उद्धार गरिएको हो । उद्धार हुनेहरूमा नौ महिला र ३५ पुरुष छन् । उद्धार भएकामध्ये १० जनालाई मानवसेवा आश्रम झापा सेवा केन्द्रमा र ३० जनालाई मानवसेवा आश्रम विराटनगर सेवा केन्द्रमा पठाइएको छ । एक जनालाई थप उपचारका लागि मानव सेवा आश्रम मुख्य सेवा केन्द्र हेटौँडा पठाइएको छ ।

गत असोज २६ गते विजयादशमीका दिन प्रधानमन्त्री निवास बालुवाटारबाट प्रधानमन्त्री केपी शर्मा ओलीले यात्राको समुद्घाटन गर्दै यात्रीहरूलाई बिदाइ गर्नुभएको थियो । ३२ दिने मेची महाकाली राष्ट्रिय उद्धार यात्रा कात्तिक २७ गतेसम्म चल्नेछ । रासस

# लोप हुँदै मखानखेती



जलेश्वर । मखानखेतीका लागि उर्वर भूमि मानिएको महोत्तरीमा मखानखेती लोप हुँदै गएको छ ।

कुनै बेला मिथिला क्षेत्रकै आम्दानीको स्रोत मानिएको मखानखेती लोप हुन थालेको जलेश्वर नगरपालिका-१ का किसान विजय मुखियाले बताउनुभयो।किसानहरुलेआम्दानीका लागि पोखरीमा माछापालन गर्न थालेपछि मखानखेती लोप हुन थालेको उहाँको भनाइ छ ।

जिल्लामा चाडबाड, पूजाआजा, विवाह व्रतबन्धजस्ता शुभकार्य होस् या मृत्यु र श्राद्ध कर्ममा समेत मिथिलामा मखानको प्रयोग हुने गर्दछ । मखान आयआर्जनको माध्यमसँगै मिथिलाको संस्कृति जोगाउने उपक्रम र परम्परागत पुर्ख्यौली पेसा पनि रहेको जलेश्वर नगरपालिका-५ का सांस्कृतिविद् ध्रुव राय बताउनुहुन्छ । मीठो खाद्य पदार्थका रुपमा रहेको मखान भारतबाट समेत आयात हुने गर्छ । मखानखेती घटेसँगै खासगरी मलाह जातिको रोजगारी घट्दै गएको मलाह जातिका अगुवा राम विशेष मुखिया बताउनुहुन्छ ।

केही वर्ष अघिसम्म मखानको बजार राम्रो भएपछि उनीहरुले मखानखेती गरी आम्दानी लिन थालेका थिए । तर किसानहरुले पोखरीमा माछापालन गर्न थालेपछि सो खेती लोप हुन थालेको स्थानीय जोगी मुखियाले बताउनुभयो । विशेषगरी पोखरी र तलाउमा गरिने मखानखेती सुरुमा मेहनत र खर्च गर्नु परे पनि पछि थोरै मेहनतमा आय आर्जन गर्न सकिने खेती हो । मलाह जातिहरु मखानखेतीतर्फ बढी आकर्षित थिए । पोखरीभित्र मखान तयार भएपछि उनीहरु बाहिर निकाली घाममा सुकाई आगोमा भँटेर लावा तयार गरी बेच्ने चलन थियो ।

जिल्लाको मटिहानी, सिमरदही, धिरापुर, आवर रामगोपालपुर, हरि हरपुर हरिनमरी र सदरमुकाम जलेश्वर नगरपालिकाका दर्जनौँ गाउँमा दुई सय ५० बढी पोखरीमा मखानखेती गरिन्थ्यो । हाल आएर थोरै सत्र्यामा मात्रै हुने गरेको स्थानीयवासी बताउँछन् ।

मिथिलामा कोजाग्रत पूर्णिमाका दिन ठूलो परिमाणमा मखान बिक्री हुने गर्दछ भने दीपावली र छठ पर्वलगायत मखानको विशेष महत्व हुने गर्दछ ।


# 'ट्रायल पास' गरेपछि 'लाइसेन्स कार्ड' आवश्यक पर्दैन : प्रधानमन्त्री ओली

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले सवारी चालक अनुमतिका लागि 'ट्रायल पास' गरेपछि 'लाइसेन्स कार्ड' आवश्यक नपर्ने व्यवस्था गरिएको बताउनुभएको छ ।

सामाजिक सञ्जालमा शनिबार उहाँले 'पोष्ट' गर्नुभएको सामग्रीमा नागरिक 'एप' मार्फत सम्बन्धित व्यक्तिको मोबाइलमा लाइसेन्स उपलब्ध हुने उल्लेख गर्नुभएको छ । सवारी नियम उल्लङ्घनमा ट्राफिक प्रहरीले चिट काट्दा सम्बन्धित ठाउँमै 'डिजिटल पेमेन्ट' गर्ने व्यवस्था पनि सरकारले गरेको छ ।

"यसले सवारी लाइसेन्स छपाइ नहुँदा परेको समस्या अन्त्य भएको छ भने सवारी नियम उल्लङ्घनमा जरिवाना तिर्दा हुने झन्झट हटेको छ, कात्तिक ४ गते आइतबारदेखि बागमती प्रदेश यातायात व्यवस्था कार्यालयबाट परीक्षणका रुपमा यो व्यवस्था सुरु हुनेछ", सामाजिक सञ्जालबाट सार्वजनिक गर्नुभएको सन्देशमा प्रधानमन्त्री ओलीले भन्नुभएको छ ।

नागरिक एपमा अरू सेवा पनि थप्ने तयारी सरकारले गरेको छ । कुनै पनि कामका लागि लाममा बस्नुपर्ने समस्याबाट मुक्त गर्ने तयारीमा सरकार



लागेको उहाँले बताउनुभयो । नागरिकलाई छिटो सेवा प्रवाहमा यसबाट सहयोग पुग्ने आशा गरिएको प्रधानमन्त्री ओलीको भनाइ छ ।रासस


## श्री राम जानकी माध्यमिक विद्यालय, झिटकहिया
औरही गा.पा.–१, धनुषा, मधेश प्रदेश (नेपाल)

## शिक्षक छनौट सम्बन्धि सूचना

दोस्रो पटक प्रकाशित मिति: २०८१/०७/४

यस विद्यालय व्यवस्थापन समितिको मिति २०८१/०७/२ गतेको निर्णयानुसार तपसिल वमोजिम इच्छुक शिक्षकहरुले आवेदन फारम भर्नका लागि यो सूचना प्रकासन गरिएको व्योहोरा सम्बन्धित सवैलाई जानकारी गराईन्छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या | विषय | शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|
| १. | ०१/२०८१/०८२ | शिक्षक | उ.मा.वि. (अनुदान कोटा) | १ | नेपाली | स्नातकोत्तर वा सो सरह तह उत्तीर्ण भएको । |
| २. | ०२/२०८१/०८२ | शिक्षक | उ.मा.वि. (अनुदान कोटा) | १ | लेखा | स्नातकोत्तर वा सो सरह तह उत्तीर्ण भएको । |

**थप जानकारीहरू:-**
१) नेपाली नागरिक हुनुपर्ने
२) स्थायी अध्यापन अनुमतिपत्र भएको
३) उमेर १८ वर्ष पुगी ४० बर्ष ननाघेको
४) **संलग्न गर्नुपर्ने कागजात:–**
- प्रमाणित आवेदन फारम
- SEE देखि माथिल्लो सबै प्रमाणपत्रहरुको प्रतिलिपि नोटरी पब्लिकबाट प्रमाणित गरेको
- सकल बैंक भौचर र फोटो २ प्रति

५) **परीक्षाको किसिम:–** लिखित र मौखिक
६) **फारम भर्ने समय:–** २०८१/०७/०४ गते देखि २०८१/०७/११ गते सम्म ।
७) **फारम तथा परीक्षा दस्तुर:–** रु १५००।- खाता नं. ०८००७१६२४०७०१००१) सनराइज लक्ष्मी बैंक, फारम विद्यालयबाट उपलब्ध हुनेछ ।
८) माथिल्लो र विशेष थप योग्यता तथा अनुभवी भएकोलाई विशेष ग्रहायता दिइनेछ ।
९) **सम्पर्क मिति:–** २०८१/०७/१२
१०) **फारम भर्ने स्थान:–** श्री राम जानकी माध्यमिक विद्यालय, झिटकहिया औरही गा.पा.-१, धनुषा
११) परीक्षा मिति सम्पर्क मितिको दिने तोक्ने ।
१२) **सम्पर्क नं.** :– ९८४४०५१०४१ (प्र.अ.), ९८१७६०१०७८ (वि.व्य.स.अध्यक्ष)

**प्राधानाध्यापक**



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# पीडितले न्याय पाओस्

सहकारी संस्थाको रकम अपचलनमा देशका ठूला राजनीतिकर्मीहरु, पूर्व उपप्रधानमन्त्री, गृहमन्त्रीलगायतका नेताहरुको सहभागिता पाइएको छ । अर्बौं रुपैयाँ अपचलन भएको छ । लाखौं मानिस पीडित छन् । छाक काटेर, तलब, सञ्चयकोष, खुद्रा व्यवसायबाट थोरथोरै रकम जोगाएर सहकारीमा बचत गरेकाहरुको निक्षेप डुब्दा ठूलो पीडा छ । सहकारीमा राजनीति गर्नुको कुनै औचित्य छैन । सहकारीको रकम अपचलन गर्नेहरुबाट पीडितले निक्षेप फिर्ता पाउनु पर्छ । पीडितहरुका लागिको पक्राउ परे र को छुटे भन्दा पनि डुबेको निक्षेप फिर्ता कसरी पाउने नै चासो हो । सहकारीको रकम अपचलन गर्नेहरु उपर ठगीमा मुद्दा चल्ने छ, अथवा अन्य कानुनी उपचार होला । तर पीडितको निक्षेप डुब्न भएन । पीडितको संचित रकम फिर्ता हुनुपर्छ । प्रहरीले निवर्तमान गृह एवं उपप्रधानमन्त्री समेत रहेका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का अध्यक्ष रवी लामिछानेलाई पक्राउ गरेको छ । साढे तीन महिना पूर्व लामिछाने देशका उपप्रधान तथा गृहमन्त्री थिए । त्यस बखत पनि सहकारीको रकम अपचलनमा उनको संलग्नता रहेको विषय संसदमा समेत उठेको थियो । सोही विषयमा कयौं दिन संसद अवरुद्ध भएको थियो । तत्कालीन सत्ता साझेदार नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले उनको बचाउ गरेका थिए । त्यसपछि सत्ता परिवर्तन भयो र लामिछाने गृह मन्त्रीबाट मुक्त भए । अहिले एमालेका अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री छन् । नेपाली कांग्रेसका नेता रमेश लेखक गृहमन्त्री छन् । लामिछानेलाई सहकारीको रकम अपचलनमा पक्राउ गरिएको छ । रवि लामिछाने पक्राउ पर्नु ठूलो सफलता सरकारका लागि होइन । पीडितको निक्षेप फिर्ता दिलाउनु सरकारका लागि ठूलो विषय हो । सरकारले निक्षेप फिर्ता गराउन लामिछाने लगायत दोषी रहेका व्यक्तिलाई समेत कानुनको दायरामा ल्याउनु पर्छ । कानुनभन्दा माथि कोही हुनु हुँदैन । लामिछानेलाई संसदीय छानबिन समितिले दोषी ठहर गरेको छ । उनले करोडौं रकम अपचलनमा सक्रिय भूमिका निर्वाह गरेका छन् । लामिछाने लगायत दोषी देखिएका सबैलाई कानुनको दायरामा ल्याउनु पर्छ । पक्राउ गरी मुद्दा चलाउने र अदालतबाट सफाइ पाउने प्रक्रियालाई मात्र अवलम्बन गर्दा सर्वसाधारण बचतकर्ताहरुको रकम फिर्ता हुने सुनिश्चितता खोज्नु पर्छ । लामिछानेलाई पक्राउ नगरी रकम असुल हुने सम्भावना देखिए पहिलो प्राथमिकतामा रकम फिर्तालाई राख्नु पर्छ । सहकारी बचतकर्ताको रकम मास्ने हरक व्यक्तिलाई कारबाहीको दायरामा ल्याउनै पर्छ । सहकारी पीडितहरुलाई न्याय देउ सरकार ।

# स्वरोजगार नीति किन आवश्यक ?

**लोकेन्द्र खडका**

राज्यले आवश्यकता महसुस गरी राष्ट्रिय रोजगार नीति, वैदेशिक रोजगार नीति, युवा नीति लगायत निर्माण नगरेको होइन तर ती नीतिहरू वर्तमान नेपालको समस्या समाधानार्थ पर्याप्त भएनन् ।गरिबी निवारणका लागि राज्यमा उपलब्ध श्रमशक्तिलाई सुरक्षित एवं व्यवस्थित तरिकाले उत्पादनको क्षेत्रका आबद्ध गराई अर्थतन्त्र सबल बनाउने रोजगार नीतिमा उल्लेख छ । यस्तै, युवालाई नेतृत्वदायी भूमिकामा स्थापित गर्दै राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक क्षेत्रमा योगदान दिन सक्ने युवा तयार गर्ने लक्ष्य युवा नीतिले लिएको छ तर रोजगारका अवसर गुम्ने क्रम निरन्तर छ । निर्यातभन्दा आयात अत्यधिक भई स्वरोजगारका अवसर समेत गुमिरहेका छन् ।रोजगारीका अवसर वृद्धि गर्न ठुल्ठुला बहुराष्ट्रिय कम्पनीलाई भित्र्याउँदा स्वदेशका थुप्रै स-साना उद्योग बन्द भई स्वरोजगारको पूर्वाधार भत्किने गर्छन् । बजार नियन्त्रित अर्थ-व्यवस्थामा रोजगार तथा स्वरोजगारका अवसरलाई निजी क्षेत्रले पूर्ण रूपमा बेवास्ता गरी मुनाफामा मात्र ध्यान दिएको हुन्छ । यस्तो अवस्थामा राज्यले अभिभावकीय भूमिका निभाउन नसक्ने हो भने लाखौंको संख्यामा रोजगारी र स्वरोजगारका अवसर एकैपटक गुम्ने गर्छन् ।संसारको सबभन्दा धेरै दुध उत्पादन गर्ने देश भारत र संसारको सबभन्दा सस्तो दुध उत्पादन गर्ने देश चीनका बिचमा अवस्थित नेपालका लाखौं किसान परिवार पशुपालन र दुग्ध व्यवसायमा संलग्न भई आफ्नो जीविकोपार्जन गरिरहेका छन् । अब खुला अर्थतन्त्रका नाममा भारतबाट पाउडर दुध र चीनबाट कच्चा दुध भित्र्याई उपभोक्तालाई सस्तोमा दुध खुवाउनु उपभोक्ताको हितमा छ भन्ने निष्कर्ष राज्यले निकाल्ने हो भने नेपालका लाखौं किसान बेरोजगार हुन्छन् । यो त एउटा प्रत्यक्ष देख्न सकिने उदाहरण हो । निर्माणको क्षेत्र, कपाल कटाइको क्षेत्र, प्लम्बिङ, मार्बलिङजस्ता क्षेत्रमा विशेष गरी छिमेकी देश भारतबाट श्रमिक आउने गरेका छन् । यस्ता काममा देशकै युवा लाग्ने वातावरण राज्यले तयार गर्न सकेको छैन । यी र यस्ता समस्या समाधानार्थ स्वरोजगार नीति आवश्यक देखिन्छ ।

### राजनीतिकसंगै आर्थिक परिवर्तन

देशमा हुने हरेक ठुला परिवर्तनले युवामा आशाको सञ्चार गरेको हुन्छ अनि आशा पूरा नभएमा चाँडै निराशा समेत पलाउँछ । विशेष गरी २०४६ र २०६४ को परिवर्तनपछि युवामा आशा पनि बढेको र निराशा पनि चाँडै आएको देखिन्छ । परिवर्तनपछि युवामा बढेको उत्साह र आशालाई उत्पादकत्व वृद्धिमा जोड्न सकेको भए राजनीतिक परिवर्तनलाई टेवा पुग्ने गरी आर्थिक विकासका पूर्वाधार निर्माण हुने थिए । त्यसो नभएर राजनीतिक प्रणाली परिवर्तन गर्ने तर देशको उत्पादन प्रणालीलाई यथावत् राख्दाको परिणाम अहिले देशको अर्थतन्त्रमा देखिरहेको छ ।

उत्पादन प्रणाली परिवर्तन गर्न उत्पादनका साधनको बाँडफाँड गर्ने प्रणालीमा परिवर्तन गरिनुपर्दथ्यो । हामीकहाँ जमिनको स्वामित्त्व लिने, पुँजी आर्जन गर्ने र श्रमिक व्यवस्थापन गर्ने विधि-प्रक्रिया पुरानै किसिमको छ । नयाँ प्रविधिको प्रयोगमा हामी धेरै पछाडि छौं । त्यसैले राजनीतिक परिवर्तन र आर्थिक परिवर्तनमा तालमेल मिलिरहेको छैन । युवाहरू परिवर्तनका संवाहक हुन् भन्दै राजनीतिक परिवर्तनमा युवालाई सरिक गराउने तर परिवर्तनपछिको आर्थिक परिवर्तनको चरणमा युवालाई सरिक नगराउनु नै हाम्रो प्रमुख समस्या देखिएको छ ।

नेपालमा वार्षिक कति युवा श्रम-बजारमा आउँछन् होला भन्ने अनुमान एसईई परीक्षा दिने विद्यार्थीको संख्याबाट पनि गर्न सकिन्छ । २०८० मा एसईई दिने विद्यार्थी चार लाख ५० हजार थिए भने ५० प्रतिशतभन्दा बढी अनुत्तीर्ण भए । उत्तीर्ण भएका दुई लाख २५ हजार युवामध्ये ५० प्रतिशतले उच्च शिक्षाका लागि अवसर पाए भने बाँकी एक लाख २५ हजार र दुई लाख ५० हजार गरी तीन लाख ७५ हजार युवा एसईईपश्चात् श्रम बजारमै प्रवेश गर्ने हुन् । एसईईसम्मको अध्ययन गर्ने चरणमै नपुगी श्रम बजारमा प्रवेश गर्ने युवा पनि तीन लाख ७५ हजारकै हाराहारीमा हुने भएकाले वार्षिक सात लाख ५० हजार युवा श्रम बजारमा प्रवेश गर्ने अवस्था देखिन्छ ।

वार्षिक सात लाख ५० हजार युवालाई आर्थिक उपार्जनमा संलग्न गराई देशको अर्थतन्त्र सबल बनाउन देशले कस्तो नीति अपनाउनुपर्छ भन्ने नै आजको जल्दोबल्दो विषय हो । उत्पादनका साधनमध्ये श्रम नै यस्तो साधन हो, जुन आज प्रयोग गऱ्यो भने गरियो, गर्न नसके खेर जान्छ, सञ्चय गर्न सकिन्न । साथै नकारात्मक परिणाम समेत देखिन थाल्छ । वैदेशिक रोजगारीमा अदक्ष श्रमिक पठाएर कुनै पनि देशको आर्थिक उन्नति हुन सक्दैन । २०५० को दशकबाट तीव्र गतिमा वैदेशिक रोजगारीमा प्रवेश गर्न सुरु गरेर आजको मितिमा दैनिक २००० युवा वैदेशिक रोजगारका लागि बहिर्गमन भएको तथ्यांक देखिन्छ भने सरदर ४५ वर्षको उमेरपश्चात् ऊ स्वदेश फर्किएर नेपालको श्रम बजारमा पुनः प्रवेश गरिसकेको हुन्छ ।

### निजी तथा सरकारी क्षेत्रको सहकार्य

देशमा रोजगारका अवसर सिर्जना गर्ने माध्यम सरकारी र निजी क्षेत्र हुन् । सरकारी क्षेत्रमा रोजगारका अवसर सीमित छन् । निजी क्षेत्रले पनि बजार मागको तुलनामा गुणात्मक रूपमा रोजगारका अवसर सिर्जना गर्ने अवस्था देखिँदैन । सम्पूर्ण रोजगार क्षेत्रको ८५ प्रतिशत हिस्सा निजी क्षेत्रले र १५ प्रतिशत सरकारी क्षेत्रले ओगटेको हुनाले स्वरोजगारको क्षेत्र विस्तारका लागि पनि निजी तथा सरकारी क्षेत्रको सहकार्य अपरिहार्य देखिन्छ ।




हाम्रो संविधानले रोजगारीलाई मौलिक अधिकारमा परिभाषित गरिसकेको छ, तर विद्यमान नीति-नियमले श्रम बजारमा प्रवेश गर्ने वार्षिक सरदर पाँच लाख युवालाई काममा जोड्न सकिरहेको छैन । त्यसैले श्रम बजारमा प्रवेश गर्ने युवालाई समेट्नका लागि स्वरोजगार नीतिको आवश्यकता खट्किएको छ । यस नीतिले धेरै विषयको गन्तव्य तय गर्न, प्राथमिकता निर्धारण गर्न अनि देशमा उपलब्ध साधन-स्रोतको बाँडफाँड गर्न भूमिका खेल्न सक्छ ।सम्पूर्ण रोजगार क्षेत्रको ८५ प्रतिशत हिस्सा निजी क्षेत्रले र १५ प्रतिशत सरकारी क्षेत्रले ओगटेको हुनाले स्वरोजगारको क्षेत्र विस्तारका लागि पनि निजी तथा सरकारी क्षेत्रको सहकार्य अपरिहार्य देखिन्छ ।

विश्व व्यापार संगठनको सदस्य भइसकेको अवस्थामा नेपालले आफ्नो उत्पादन विश्व बजारमा खुला रूपमा बिक्री गर्न त सक्छ भनिन्छ, तर नेपाली उत्पादन विश्व बजारमा प्रतिस्पर्धात्मक बन्न कठिनाइ हुने गर्छ । त्यसैले नेपालले ठुलाठुला उद्योगमा लगानी गर्ने र विश्व बजारमा आफ्नो पकड बनाउने योजना बनाउनुभन्दा स्वदेशी बजारलाई लक्षित गरी दैनिक उपभोग्य वस्तुमा आत्मनिर्भर बन्दै आयात प्रतिस्थापन गर्ने पहिलो रणनीति लिनुपर्छ । सँगसँगै निर्यात प्रवर्द्धन गर्न, उत्पादन लागत मूल्य कम गर्न र उत्पादनको गुणस्तर सुधारमा ध्यान दिन जरुरी छ । गुन्द्रुक, हरियो धनियाँ, भटमास, दैनिक उपभोग्य तरकारीजस्ता वस्तु जुन स्वदेशमा सजिलै उत्पादन गर्न सकिन्छ, त्यस्ता वस्तु उत्पादन गरी बिक्री गर्ने विषय स्वरोजगार नीतिसँग जोडेर हेरिनुपर्छ ।

विप्रेषणमा राज्य रमाइरहँदा नेपालको उर्वर भूमि बाँझै रहेर कृषिप्रधान देशमा कृषि क्षेत्रको अधिकांश स्वरोजगारका अवसर गुमिरहेको विषयलाई गम्भीरतापूर्वक लिइनुपर्छ । दीर्घकालीन कृषि योजना तय गरेर युवाका लागि स्वदेशमै स्वरोजगारका अवसर प्रदान गर्न स्वरोजगार नीति आवश्यक हो ।

### अवस्थाको विश्लेषणसहित नीति

के कारणले देशमा रोजगार र स्वरोजगारका अवसर साँघुरिँदै गएका छन् ? नीतिगत समया हो कि व्यवस्थापकीय समस्या हो ? यी प्रश्नलाई समेटेर स्वरोजगार नीति ल्याउन आवश्यक छ । वैदेशिक रोजगारीले पहाडी भेगबाट तराईमा बसाइँसराइ हुने, तराई र उपत्यकामा मानव व्यवस्थापनमा समस्या हुने तर नेपाली अर्थतन्त्रको मेरुदण्डका रूपमा रहेको ग्रामीण उत्पादन तथा उपभोग प्रणाली ध्वस्त हुँदै परनिर्भर अर्थतन्त्र निर्माण भइरहेको छ । पहाडी क्षेत्र तथा हिमाली क्षेत्रका विकास पूर्वाधार, शिक्षा, स्वास्थ्य तथा खानेपानीका क्षेत्रमा राज्यले पछिल्ला २० वर्षमा गरेको लगानी खेर गइरहेको छ । यसको ठिकविपरीत देशका ठुल्ठुला सहरका विकास निर्माणका कार्य तथा जनसंख्या व्यवस्थापनमा समस्या सिर्जना भइरहेको छ । अर्थात् नेपाली युवा स्वदेशी श्रम बजारमा कार्यरत नभएकै कारण विदेशी कामदारको चाप क्रमशः नेपालमा बढिरहेको छ । उचित नीतिको अभावमा आजका दिनमा आठ लाखभन्दा बढी अदक्ष, अर्धदक्ष तथा दक्ष कामदारका रूपमा विदेशी श्रमिक नेपालमा कार्यरत रहेको अवस्था देखिन्छ ।

भारतजस्तो विश्वको सबभन्दा दोस्रो ठुलो जनसंख्या भएको देशको सबभन्दा बढी विप्रेषण भित्र्याउने देशहरूको सूचीमा नेपाल ८औं नम्बरमा पर्छ । यी सबै विषयलाई नीतिगत रूपमा व्यवस्थापन गरी स्वरोजगारका अवसर संरक्षण गर्नु आजको आवश्यकता हो ।

देशको अर्थतन्त्रलाई चलायमान गराउँदै देशको बेरोजगारी समस्याको सम्बोधन गर्न स्थानीय आवश्यकताका आधारमा स्थानीय श्रम तथा कच्चा पदार्थको अधिकतम प्रयोग गर्ने गरी साना-साना कुटिर उद्योग, साना तथा घरेलु उद्योग स्थापना गर्न आवश्यक छ । स-साना उद्योग स्थापना गर्दै कच्चा पदार्थबाट क्रमशः 'सेमी-फिनिस्ड गुड्स' तहमा पुग्नका लागि आफैं मालिक तथा आफैं कामदारका रूपमा लाखौं युवालाई आबद्ध गराउन सकिन्छ । यसबाट वार्षिक रूपमा श्रम बजारमा प्रवेश गर्ने युवाहरू, वैदेशिक रोजगारबाट फर्केका युवाहरू लाभान्वित भई स्वरोजगारका अवसर सिर्जना हुनेछन् ।

सरकारी तथा निजी क्षेत्रमा रोजगारका अवसर सीमित भएको र वैदेशिक रोजगारीमा अवगुण पर्याप्त भएकाले नेपालको अर्थतन्त्रमा आधारभूत रूपमा परिवर्तन ल्याउन सक्ने क्षेत्र भनेको स्वरोजगार नै हो, यसका लागि राज्यसँग व्यवस्थित स्वरोजगार नीति हुनु आवश्यक छ ।

एउटा व्यक्ति स्वरोजगार हुनका लागि के के आवश्यक पर्छ ? स्वरोजगार र शिक्षाको सम्बन्ध कस्तो हुनुपर्छ ? वैदेशिक रोजगारको क्षेत्र र स्वदेशमा उपलब्ध हुने रोजगार क्षेत्रको सम्बन्ध कस्तो बनाउने ? उद्यमी र व्यवसायीको फरक के हो ? देशमा स्वरोजगारका अवसर सिर्जना गर्न उत्पादन नीति, वितरण प्रणाली तथा उपभोग नीति कस्तो बनाउने ? विदेशी श्रमिकसम्बन्धी धारणा के हो ? आयात नीति, निर्यात नीति, श्रम नीति तथा अन्य विद्यमान नीतिका कारण कति नेपाली बेरोजगार भइरहेका छन् वा स्वरोजगारका अवसर गुमाइरहेका छन् र यसको अनुसन्धान तथा विश्लेषण कसले गर्ने ? विज्ञान र प्रविधिको विकासलाई स्वरोजगारको क्षेत्रले कसरी सदुपयोग गर्ने ? आदि प्रश्नलाई समेट्ने गरी स्वरोजगार नीति आउनुपर्छ ।

राज्यले उपलब्ध गराउने तालिम पनि ज्ञान अभिवृद्धिका लागि गराउने हो वा सीप अभिवृद्धि गराउनका लागि गराउने हो भन्ने यकिन गरेर सीप अभिवृद्धि भएको युवालाई स्वरोजगारका क्षेत्रमा प्रवेश गराउने नीति राज्यले लिनुपर्छ ।

वैदेशिक रोजगारीमा जानुअघि आवश्यक सीप अनिवार्य सिकाउने विषय स्वरोजगार नीतिमा समेटिनुपर्छ । उत्पादनमा जोडिएको, व्यापारमा जोडिएको र सेवा प्रवाहमा जोडिएको गरी युवालाई वर्गीकरण गर्न सकिन्छ । उत्पादनमा जोडिएको युवालाई प्राथमिकतामा राख्न र राज्यले उपलब्ध गराउने सहुलियतलाई स्वरोजगारमा जोड्न स्वरोजगार नीतिको आवश्यक छ । नेपाली उद्यमीले स्वरोजगारको अवसर सिर्जना गर्दा राज्यले के कस्तो सेवा-सुविधा उपलब्ध गराउने र स्वरोजगारका अवसर सिर्जना गर्दा कुन क्षेत्रलाई जोड दिने भन्नेजस्ता विषय पनि स्वरोजगार नीतिमा किटान गरिनुपर्छ ।

राज्यले जनतालाई हरेक क्षेत्रमा अनुदान उपलब्ध गराई कल्याणकारी राज्यको पहिचान बनाउन खोजिरहेको भए पनि राज्यको आर्थिक क्षमताले धान्न धौ-धौ परिरहेको छ । अनुदानको अवधारणालाई परिवर्तन गर्दै नागरिकलाई उद्यमी बनाउन सुलभ कर्जा र सीप विकासमा राज्यले सहयोग गर्नुपर्छ । हाम्रा ग्रामीण क्षेत्रमा अर्ध-रोजगार तथा मौसमी स्वरोजगार हुने प्रकृतिका कृषि कार्य हुने गर्छन् । यी अवस्था र क्षेत्रलाई पनि सम्बोधन गर्ने गरी राज्यले नीति ल्याउन आवश्यक छ ।

विद्यालय शिक्षादेखि नै स्वरोजगार र रोजगारका विषयमा विद्यार्थीलाई अवधारणागत स्पष्ट पार्न आवश्यक छ । राज्यका विभिन्न क्षेत्र (जस्तै :खेलकुद, अपांगता क्षेत्र, सेना तथा प्रहरीको परिवार, कर्मचारीको परिवार, वैदेशिक रोजगारमा जाने युवाको परिवार, भूमिहीन किसान आदि) का युवालाई मध्यनजर गर्दै युवालाई स्वरोजगार बनाउन राज्यका कुन-कुन निकायले भूमिका खेल्नुपर्ने हो, सोही अनुरुप राज्यले नीति लिन आवश्यक छ । स्वरोजगारको क्षेत्र नितान्त एकांकी क्षेत्र होइन, यो क्षेत्र अन्य धेरै क्षेत्रसँग अन्तर्सम्बन्धित हुन्छ । त्यसैले आयात-निर्यात नीति, युवा नीति, वैदेशिक रोजगार नीति, शिक्षा नीतिका चुनौतीलाई समेत सम्बोधन गर्दै स्वरोजगारका अवसर सिर्जना गर्नका लागि स्वरोजगार नीति आवश्यक देखिन्छ ।

संविधानमै समाजवाद उन्मुख अर्थ-व्यवस्थाको परिकल्पना गरिए पनि व्यवहारमा युवाहरू आर्थिक उपार्जनमा जोडिन नसक्दा नैराश्यता बढिरहेको छ । हाम्रो उत्पादन प्रणाली (मोड अफ् प्रोडक्सन) पुरानै रहेको, उत्पादनका साधनको वितरण प्रणालीमा कुनै सुधार नभएको तर बारम्बार शासन सत्ताका पात्र मात्र परिवर्तन भएको अवस्था छ । त्यसैले सरकारी तथा निजी क्षेत्रको रोजगारीमा आबद्ध हुनबाट वञ्चित लाखौं ऊर्जाशील युवालाई समेट्ने गरी स्वरोजगार नीति निर्माण गर्न सबै सम्बन्धित निकायको ध्यान आकृष्ट होस् ।

(लेखक युवा स्वरोजगार कोषको कार्यक्रम शाखाप्रमुख हुन् ।)

# चुकिरहेको ओली सरकारको आयु

**शिव लम्साल**

राजनीतिक वृत्तमा निकै आशा, विश्वास र भरोसाका साथ गठन भएको नेपाली कांग्रेस र नेकपा एमालेको शक्तिशाली सरकार प्रभावहीन देखिन्छ । संविधान संशोधन, सुशासन तथा राजनीतिक स्थिरताको विषयलाई प्रधान बनाएर गठन भएको केपी शर्मा ओली नेतृत्वको सरकारले प्रतिबद्धता गरेका कुनै पनि काम तीन महिनासम्म पूरा गर्न सकेको छैन ।

यो बिचमा सरकारले परिणाम आउने गरी न काम सक्यो, न त जनतालाई विश्वास दिलाउनै । औचित्यहीन सानातिना आन्तरिक किचलोको दलदलमा सरकार भाँसिदै गइरहेको छ । दिनानुदिन सरकारप्रति जनविश्वास टुट्दै गइरहेको छ । ओली सरकारका निकै आशा गरिएका मन्त्रीहरूको कार्यशैली पनि सन्तोषजनक देखिएको छैन । मूल मुद्दाभन्दा झिनामसिना कुरामा सरकार अल्झिएको छ । त्यसैले गठनको सय दिन नपुग्दै सरकारको व्यापक आलोचना भइरहेको छ ।

संकटमा रहेको देश र विपत्मा रहेका आम नागरिकलाई राहत दिनुपर्ने सरकार सिंहदरबारको चौघेराभित्र सीमित छ । यी घटना वा परिघटनालाई आधार मान्दा वर्तमान गठबन्धन सरकारको पुष्टि हुन सकेको छैन । जुन नेपाली राजनीतिका लागि निकै सोचनीय विषय बनेको छ । दुई दल (कांग्रेस-एमाले) बिचको सातबुँदे सहमति भई सरकार गठन गर्दा राजनीतिक स्थिरतासँगै जनताका आवश्यकतालाई प्राथमिकतामा राख्ने कबुल गरिएको थियो । सरकारका वाचा र जन-विश्वास दुवैमा धमिरा लाग्न थालेको छ । सर्वत्र प्रश्न उठन थालेको छ, आखिर सरकारले तीन महिनामा के गऱ्यो ?

न्यूनतम साझा नीति तथा कार्यक्रम सार्वजनिक गर्नै दुई महिना लगाएको सरकारले जनतालाई 'डेलिभरी' दिन नसक्दा गठबन्धनको औचित्यमाथि प्रश्न उठाउनेहरू हौसिएका छन् । सरकारको भूमिका झन्-झन् सुस्त देखिँदै छ । चौतर्फी आलोचना र विरोध प्रहारका कारण सरकार रक्षात्मक अवस्थामा पुगेको छ ।

संसदमा तेस्रो दल नेकपा (माओवादी केन्द्र)को नेतृत्वमा सरकार बन्दा लोकतन्त्रकै उपहास भएको भनिएको थियो । प्रचण्ड नेतृत्वको सरकारलाई राजनीतिक अस्थिरताको आधार मानिएको थियो । कांग्रेस र एमालेको गठबन्धनमा सरकार बन्नुको औचित्य राजनीतिक स्थायित्व मात्र थिएन, त्योसँगै जोडिएको जन-जीविकाको सवाल पनि थियो, जसमा अहिलेको सरकार चुकेको छ ।

सरकारले जनचाहना सम्बोधन गर्न नसक्दा सडक तात्ने खतरा रहन्छ र सडकमा उपद्रव मच्चिँदै जाँदा त्यसबाटै नयाँ राजनीतिक अस्थिरता निम्तिन सक्छ भन्ने पक्षलाई सत्तारुढ दलहरूले खासै महत्त्व दिएको पाइएन । खासगरी जनतालाई रिझाएर शासन गर्ने कला अहिलेको सरकारमा देखिएन ।

सरकारले जनचाहना सम्बोधन गर्न नसक्दा सडक तात्ने खतरा रहन्छ र सडकमा उपद्रव मच्चिँदै जाँदा त्यसबाटै नयाँ राजनीतिक अस्थिरता निम्तिन सक्छ भन्ने पक्षलाई सत्तारुढ दलहरूले खासै महत्त्व दिएको पाइएन । खासगरी जनतालाई रिझाएर शासन गर्ने कला अहिलेको सरकारमा देखिएन ।

दसैं, तिहार, म्हपूजा, नेपाल संवत्को नयाँ वर्ष र छठजस्ता पर्वोत्सवको संघारमा यो वर्ष नेपालीले प्राकृतिक विपत्तिको सामना गर्नुपऱ्यो । आकस्मिक रूपमा बाहिरबाट भित्रिएको वायुको चापका कारण दुई-तीन दिनसम्म नेपाली भूमिमा घनघोर वर्षा भयो र यसले बाढी-पहिरोको कहर सिर्जना गऱ्यो । बढ्दो सहरीकरण, अव्यवस्थित घर निर्माण र ढल निकासको पर्याप्त व्यवस्थापन नहुँदा राजधानी काठमाडौं उपत्यका समेत जलमग्न हुन पुग्यो । उपत्यकाभित्रै मानिसलाई नदीले बगाएका दृश्य देखिए ।

देश बाढी-पहिरोको चपेटामा परिरहँदा प्रधानमन्त्री केपी शर्मा ओली भने अमेरिका भ्रमण लम्ब्याइरहेका थिए र महावाणिज्य

> सरकारले जनचाहना सम्बोधन गर्न नसक्दा सडक तात्ने खतरा रहन्छ र सडकमा उपद्रव मच्चिँदै जाँदा त्यसबाटै नयाँ राजनीतिक अस्थिरता निम्तिन सक्छ भन्ने पक्षलाई सत्तारुढ दलहरुले खासै महत्व दिएको पाइएन । खासगरी जनतालाई रिझाएर शासन गर्ने कला अहिलेको सरकारमा देखिएन ।

दूतको कार्यालय उद्घाटनजस्ता झिनामसिना कर्मकाण्डमा अलमलिइरहेका थिए । प्राकृतिक विपत्तिका बेला जनताले देशमा सरकार हुनुको अनुभव गर्न पाएनन् । विगतमा भूकम्प लगायत विपत्तिमा विभिन्न राजनीतिक दल सक्रिय हुन्थे । राहत र उद्धार प्रक्रियाले तीव्रता लिन्थ्यो । यसपालि न सरकारको भूमिका प्रभावकारी देखियो, न त दलहरूकै सक्रियताको लाभ कसैलाई मिल्यो । प्रधानमन्त्री राहत कोषमा जम्मा भएको अर्बौं रुपैयाँ समेत पीडितसम्म पुऱ्याउन सरकारले तदारुकता देखाइरहेको छैन ।

यी र यस्ता अनेक कारण जनतामा यतिबेला सरकार र दलहरूप्रति तीव्र आक्रोश छ । जनतामा पलाउँदै गएको आक्रोशलाई आन्दोलनको रूप दिन विभिन्न शक्ति र तत्त्वहरू सलबलाइरहेका छन् । सरकारकै कमजोरी र अक्षमतालाई आधार बनाएर 'बंगलादेशमा झैं आन्दोलन हुने' हल्ला चल्न थालेका छन् । राजावादी राष्ट्रिय प्रजातन्त्र पार्टीले छठलगत्तै आन्दोलन गर्ने घोषणा गरिसकेको छ । लगातार दश दिनसम्म आन्दोलन गरेर काठमाडौं ठप्प पार्ने राप्रपाको सुर छ । प्रतिपक्षी नेकपा (माओवादी केन्द्र)लगायत अन्य विभिन्न साना दल पनि सडकमा भिड जुटाउने ताकमा छन् । जनताको बढ्दो आक्रोशलाई मत्थर पार्न सक्ने सामर्थ्य सरकारसँग नभएकाले सडक तताउन चाहनेहरू हौसिएका हुन् ।

जनआक्रोश अस्वाभाविक होइन । नेतृत्व क्षमता भनेकै जनताका आक्रोशलाई सुझबुझपूर्ण निर्णयबाट मत्थर पार्दै अघि बढ्नु हो । पहिलेका नेताले भिड नियन्त्रण गर्न सक्ने क्षमता राख्थे । गिरिजाप्रसाद कोइराला, मदन भण्डारी या कृष्णप्रसाद भट्टराईमा भिडलाई नियन्त्रण गर्न सक्ने खुबी र जनप्रिय शैली पनि थियो । यसैकारण उतिबेला नेतृत्वप्रति आशा र विश्वास पनि थियो । नेताप्रति आकर्षण उत्तिकै थियो ।

अहिलेको नेतृत्वमा त्यो क्षमता देखिँदैन । जनताको पनि नेतृत्वप्रति आशा र विश्वास छैन । जुनसुकै पार्टीको किन नहोस्, 'नेता' भन्नासाथ जनतामा एक खालको नकारात्मक विम्ब आरोपित छ । सरकारको 'पर्फमेन्स' फितलो हुँदै जाने, जनतामा आक्रोश बढ्दै जाने, सडकमा भिड बढ्दै जाने र त्यसलाई नियन्त्रण गर्न नेतृत्व असफल हुने हो भने देशमा भयावह संकट उत्पन्न हुन सक्ने खतरा छ ।

सरकारको कुनै नीति नहोला, नेतृत्वप्रति आकर्षण पनि नहोला । यस्तो अवस्थामा सरकारले विधि-विधानको सहारामा जनतालाई डेलिभरी दिएर शान्त र आश्वस्त पार्न सक्थ्यो, त्यसमा पनि सरकार चुकेको छ । विधि-विधानका आधारमा आफ्नो कार्यक्षमता 'सो' गर्न समेत सरकार यस अवधिमा असफल रह्यो । जनतामा पलाउँदै गएको आक्रोशलाई आन्दोलनको रूप दिन विभिन्न शक्ति र तत्त्वहरू सलबलाइरहेका छन् । सरकारकै कमजोरी र अक्षमतालाई आधार बनाएर 'बंगलादेशमा झैं आन्दोलन हुने' हल्ला चल्न थालेका छन् ।

विधि-विधान बमोजिम कार्य गर्नुको साटो सरकारका मन्त्रीमा व्यक्तिवादी शैली देखियो । विधिको शासन होइन, व्यक्तिवादी हिसाबले मनलाग्दी निर्णय गर्ने प्रवृत्तिका कारण सरकार बदनाम, अक्षम र प्रभावहीन देखियो । उदाहरणका लागि निर्वाचन आयोगमा कृष्णमान प्रधानलाई सरकारले सिफारिस गरेको थियो । चर्को विरोधका कारण प्रधान आफैंले अस्वीकार गरे । विधि मिलाएर गरिएको भए यस्तो अवस्था आउँदैनथ्यो । राजदूत नियुक्तिमा पनि भद्रगोल पारा देखियो । शैक्षिक योग्यता नै नपुग्ने मानिसलाई राजदूतमा सिफारिस गरियो, जसबाट सरकारको जगहँसाइ भयो । सरकारप्रति आशा, भरोसा र विश्वासको परिस्थिति नै रहेन ।

असोजमा सार्वजनिक गरिएको सरकारको न्यूनतम साझा कार्यक्रमले संविधान संशोधनलाई प्राथमिकता दिएको छ । कार्यक्रममा भनिएको छ, 'संविधान कार्यान्वयनको समग्र अवस्था, प्राप्त उपलब्धि र कमी-कमजोरी तथा बाँकी कामका सम्बन्धमा वस्तुनिष्ठ समीक्षा गरिनेछ । समीक्षाका निष्कर्ष तथा प्राप्त अनुभवका आधारमा राजनीतिक स्थायित्वको मुख्य राष्ट्रिय चासो र आवश्यकतालाई केन्द्रबिन्दुमा राखेर राजनीतिक पार्टीहरू, नागरिक समाज, बौद्धिक समुदाय, संविधानविद् र आम जनतासँग समेतको छलफल, संवाद र परामर्शबाट बृहत्तर सहमतिका आधारमा संविधान संशोधन गरिनेछ ।'

सरकारको तीनमहिने कार्यकालबाट जनता उत्साही नभएकाले अहिले आएर संविधान संशोधनको एजेन्डा पनि कमजोर बन्दै छ । जनतामा राज्यप्रति नै विश्वास भएन । संविधान संशोधनको ठाउँमा पुग्दा व्यवस्था नै धरापमा पर्ने हो कि भन्ने आशंका सर्वत्र छाएको छ । सरकारको भूमिका प्रारम्भमा ठिकै थियो । प्रधानमन्त्री ओलीले तत्काल सबै मन्त्रालयमा मन्त्री नियुक्त गरेका थिए । संक्रमणकालीन न्यायसम्बन्धी कानुन (टीआरसी विधेयक) पारित भएपछि शान्ति प्रक्रिया नयाँ मोडमा प्रवेश गरेकै हो । पारित ऐन बमोजिमका आयोग र अन्य प्रक्रियामा भने सरकार सुस्त रह्यो ।

यसबिचमा पेट्रोलियम पदार्थको मूल्य घटाउने र टिकटक प्रतिबन्ध फुकुवा लगायत काम भए । सचिव तथा प्रहरी सरुवा-बढुवा भए । सरकारी कर्मचारीले दिउँसो कति बजे खाजा खाने आदि झिनामसिना विषयमा अल्झिनुबाहेक सरकारले खासै उल्लेखनीय 'पर्फमेन्स' देखाएन । गर्नुपर्ने धेरै काम गर्नबाट सरकार चुक्यो । विधि-विधानलाई सरकारले प्राथमिकता नदिँदा विपत्मा पिल्सिएका जनताले चाड पर्वमा समेत सास्ती खेपे । दसैंमा चर्को मूल्यवृद्धिले जनताको ढाड सेकिरहँदा सरकारले बजार अनुगमनमा कडाइ गर्न सकेन । सार्वजनिक यातायातले मनपरी भाडा उठाए, तर सरकारले कुनै अनुगमन र कारबाही गरेन । अहिले पनि बजार भाउ अचाक्ली छ, तर कालो बजारी र तस्करी नियन्त्रणमा सरकार असफल भएको छ ।

विधि-विधानकै कुरा गर्दा भ्रष्टाचारका मुद्दा पनि पर्छन् । यो सरकार गठन भएयता भ्रष्टाचार सम्बन्धमा जनमानसमा उठेका प्रश्नप्रति सरकारी जवाफदेहिता पटक्कै देखिँदैन । बोलीले भ्रष्टाचार नियन्त्रण गर्ने बताए पनि प्रधानमन्त्री ओलीले भ्रष्टाचारसम्बन्धी फाइल खोल्नतर्फ तदारुकता नदेखाएको व्यापक गुनासो असत्य होइन । भ्रष्टाचारका खुलिसकेका फाइल दबाइएको छ भने भ्रष्टाचार छानबिनमा लागेका कतिपय अधिकारीलाई हठात् सरुवा गरिएको छ ।

ललिता निवास जग्गा, गिरी-बन्धु टी-स्टेट, नक्कली भुटानी शरणार्थी, सुन तस्करी, स्काउट जग्गा र सहकारी ठगी प्रकरण लगायत आमचासोका भ्रष्टाचार मुद्दामा सरकारको ' एक्सन' फितलो देखिएको छ । भ्रष्टाचारका काण्ड दबाउनकै लागि यो सरकार बनेको भन्ने विपक्षी आरोपको पुष्टि स्वयं सरकारकै गतिविधिबाट हुँदै छ । नेपाली कांग्रेस र एमालेजस्ता प्रमुख दुई दलको गठबन्धनबाट बनेको यो सरकार पनि असफल भयो भने लोकतन्त्रका लागि त्योभन्दा ठुलो अभिशाप केही हुने छैन । राजनीतिक र आर्थिक नीतिका हिसाबले उदारवादी सोच बोक्ने यी दल असफल भएको खण्डमा देशमा निश्चित रूपमा अतिवादी शक्ति हाबी हुनेछन् ।

एकातिर उग्रवामपन्थी शक्तिले संविधान अपूर्ण भयो भन्दै रडाको मच्चाएका छन्, अर्कोतिर राजावादीले संविधानकै खारेजीको मुद्दा चर्काएका छन् । यसमाथि नयाँ र वैकल्पिक भनिएका अनि 'पपुलिजम् पोलिटिक्स'को जगमा उभिएका विचारहीन, दर्शनहीन र संगठनहीन शक्तिले जनतालाई 'मेनुपुलेट' गर्न सक्ने देखिन्छ । यी त्रिपक्षीय खतराबाट देश र लोकतन्त्रलाई बचाउन पनि अहिलेको सरकारको 'पर्फमेन्स' प्रभावकारी हुनैपर्छ ।

राहत र सुविधाका प्याकेजका साथ उचित डेलिभरी दिएर जनताको मन जित्ने हो भने सरकार लोकप्रिय हुन समय लाग्दैन, तर, तीनमहिने कार्यकालको मूल्यांकन गर्दा सरकार मात्र होइन, सत्तारुढ दलहरू समेत अलोकप्रिय भएका छन् । अलोकप्रियताको डिग्री घटाउने हो भने सरकार व्यक्तिवादी हिसाबले होइन, गठबन्धन संस्कृति र न्यूनतम साझा कार्यक्रमको मजबुनका आधारमा चल्नुपर्छ । आफ्ना दायित्वप्रति गम्भीर हुनैपर्छ । यसो नभएमा सरकारको औत्यितामाथि गम्भीर प्रश्न उठ्छ । नेपाली कांग्रेस र नेकपा एमालेका लागि यो निकै महँगो साबित हुनेछ । र, आम नागरिकमा निराशा छाउनेछ । अनि यो व्यवस्थामाथि नै प्रश्न उठ्नेछ । आफूले गरेका प्रतिबद्धता र आमनागरिकका सवाललाई गम्भीरताका साथ वहन गर्न नसके गठबन्धन सरकारको आयु धेरै लामो रहनेछैन ।रातोपाटी

# माओवादी पार्टीहरूबीच छिट्टै एकता हुन्छः अध्यक्ष दाहाल



भरतपुर। नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले छरिएर रहेका माओवादी पार्टीहरूबीचको एकता प्रक्रिया चाँडै टुङ्गोमा पुग्ने बताउनुभएको छ। चितवनको भरतपुर महानगरपालिका-१३ मा बेपत्ता योद्धा दण्डपाणि न्यौपाने स्मृति भवन निर्माणार्थ आयोजना गरिएको जनसांस्कृतिक कार्यक्रममा उहाँले हिजो एउटै 'स्कुलिङ'बाट आएका तर हाल विभक्त रहेका माओवादीहरू एकताबद्ध भएर जानुपर्नेमा जोड दिनुभयो।

अध्यक्ष दाहालले सबै एकीकृत भएर मात्रै समाजवादी क्रान्तिको तयारीमा लाग्न सकिने उल्लेख गर्नुभयो। "शान्ति सम्झौतामा आउँदा गणतन्त्रमा जाने सहमति भए पनि त्यसलाई जनताको गणतन्त्र बनाउने वा अरूकै भन्ने विषयमा कुनै विन्दुमा पुगेर सङ्घर्ष हुन्छ भन्ने विश्लेषण गरिएको थियो। अहिले त्यो विन्दुमा पुगेका छौँ। त्यसैले एकताबद्ध भएर अगाडि बढौँ", उहाँले भन्नुभयो।

अध्यक्ष प्रचण्डले पछिल्ला उपलब्धिको रक्षा गर्न आमजनतालाई एकताबद्ध गराउँदै समाजवादी क्रान्ति पूरा गर्ने गरी अगाडि बढ्नुको विकल्प नरहेको बताउनुभयो।

उहाँले पछिल्लो पटक आफूले सरकारको नेतृत्व गर्दा सहिदको नामावली राजपत्रमा प्रकाशन, योद्धाहरूको स्मरणमा जनयुद्धलाई राष्ट्रिय दिवस घोषणा र शान्ति प्रक्रियालाई टुङ्गोमा पुऱ्याउनेलगायत काम गरिएको उल्लेख गर्नुभयो। कार्यक्रममा नेपाल कम्युनिष्ट पार्टीका महासचिव नेत्रविक्रम चन्द विप्लवले माओवादी एकताबद्ध भए आगामी निर्वाचनमा पहिलो संविधानसभाको जस्तै अवस्था आउने बताउनुभयो। जनताको जीवन बदल्ने अभिभारा पूरा गर्न एकता आवश्यक रहेको धारणा राख्नुभयो।

माओवादी केन्द्रका उपाध्यक्ष पम्फा भुसालले हजारौँ नागरिकको बलिदानबाट प्राप्त संविधान र सङ्घीयतालाई संस्थागत गर्दै लैजानुपर्ने बताउनुभयो। त्यसका लागि माओवादी र वामपन्थी एकता जरुरी रहेको उहाँको भनाइ थियो। माओवादी केन्द्रका उपमहासचिव जनार्दन शर्माले कम्युनिष्ट आन्दोलनलाई एकताबद्ध गर्न नयाँ ढङ्गले सोच्ने बेला आएको बताउनुभयो। उहाँले सबै कम्युनिष्ट नेताहरूसँग छलफल भइरहेको र माओवादी शक्ति सङ्गठित भएर समाजवादी आन्दोलन अघि बढाउनुपर्ने बताउनुभयो।रासस

# रवि लामिछानेः पार्टी सभापतिको पक्राउसँगै रास्वपाको भविष्य र भावी कदम के होला

काठमाण्डु। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने पक्राउ भएसँगै सो पार्टीको भविष्य र भावी कदमबारे विभिन्न अड्कलबाजी शुरू भएको छ।

पूर्वउपप्रधान तथा गृहमन्त्री लामिछानेलाई सहकारी ठगीसम्बन्धी अभियोगमा शुक्रवार साँझ काठमाण्डूबाट गिरफ्तार गरी प्रहरीले पोखरा पुऱ्याइसकेको छाउनको गिरफ्तारीलाई रास्वपा र स्वयं लामिछानेले "राजनीतिक रूपले अभिप्रेरित कदम" भनिरहेका छन्।तर कतिपयले सहकारी संस्थाको चलाएको हिसाबले जोडिएकाले कानुनबमोजिम उनले पनि कारबाही भोग्नुपर्ने तर्क गरिरहेका छन्। एकजना राजनीतिशास्त्रीले लामिछानेको गिरफ्तारीको समय "रणनीतिक हिसाबले चयन" गरिएको बताएका छन्।

**रास्वपाले अब के गर्छ?**

पार्टी सभापति गिरफ्तारीपछि अब के गर्ने भन्नेबारे रास्वपाले कुनै औपचारिक निर्णय सार्वजनिक गरिसकेको छैन।तर सरकारको कदमविरुद्ध कानुनी लडाइँ गर्ने रास्वपाका प्रमुख सचेतक सन्तोष परियार बताउँछन्। सभापति लामिछानेको गिरफ्तारीलाई उनले राज्यशक्तिको चरम दुरुपयोगको सङ्ज्ञा दिए। "राज्यले गर्न नपर्ने कुरा गरिसक्यो। त्यसको हिसाबकिताब इतिहासले गर्ला। तर अब हामी अदालती न्याय प्रक्रियामा जान्छौँ र हाम्रो बाटो त्यही हुनेछ," बीबीसीसँग परियारले भने।

"सरकारी कदमलाई कानुनी रूपमा चुनौती दिन्छौँ। सरकारले गलत गरेको छ भन्ने कुरा न्यायबाटै प्रमाणित गर्छौँ," प्रमुख सचेतक परियारले थपे।पार्टी सभापति लामिछाने थुनामै रहेमा र कानुनी लडाइँ लम्बिएमा रास्वपा कसरी अगाडि बढ्ला भन्नेबारे धेरैको चासो रहेको पाइन्छ।के रास्वपाले लामिछानेको अनुपस्थितिमा कार्यवाहक तोकेर आफ्ना गतिविधि अगाडि बढाउला त?

प्रमुख सचेतक परियारले भन्छन्ः "अदालती प्रक्रियामा गएपछि हाम्रो नेतृत्वमा केही रिक्तता अथवा केही त्यस्तो हुने भयो भने पार्टीले निर्णय गर्ला। तर अहिले हामीले त्यसबारे केही सोचिसकेका छैनौँ।" गिरफ्तारीविरुद्ध शनिवार साङ्केतिक विरोधका कार्यक्रम गर्ने उनले बताइरहँदा देशका विभिन्न ठाउँमा रास्वपाका कार्यकर्ता



तथा समर्थकले गिरफ्तारीविरुद्ध प्रदर्शन पनि गरेका छन्।शुक्रवार गिरफ्तार हुनुअघि पार्टी मुख्यालयमा पत्रकार सम्मेलनमा सभापति लामिछानेले आफूलाई जेल पठाउन ठूला दलबीच सम्झौता नै भएको आरोप लगाए।

उनले भनेः "जुन दिन सरकार ढाल्ने सम्झौता भएको थियो, 'रविलाई जसरी भए पनि जेल कोच्छौँ, तपाईँ चिन्ता नगर्नूस्' भन्ने सम्झौता उहाँहरूले गर्नुभएको सूचना मलाई छ।"राज्यले दादागिरी गरेको र त्यसको डटेर सामना गर्ने साहस कार्यकर्ताहरूलाई मिलोस् भन्ने अभिव्यक्ति उनले दिए।सो क्रममा लामिछानेले राज्यले आफूविरुद्ध सबै शक्ति नै लगाएर लागिपरेको आरोप लगाए।

> "राज्यले गर्न नपर्ने कुरा गरिसक्यो। त्यसको हिसाबकिताब इतिहासले गर्ला। तर अब हामी अदालती न्याय प्रक्रियामा जान्छौँ र हाम्रो बाटो त्यही हुनेछ,"

आफूले कुनै पनि किसिमको अपराध नगरेको र न्यायिक प्रक्रियालाई सघाउन प्रतिबद्ध रहेको दोहोऱ्याउँदै उनले भनेः "तर राज्यले सम्पूर्ण स्रोत र शक्ति लगाएर जुन कार्य गरेको छ, त्यसलाई नेपाली नागरिकले हेरेका छन् भन्ने मैले विश्वास लिएको छु।"

**राजनीतिशास्त्री के भन्छन्?**

यसअघि पक्राउ गर्न लागिएको चर्चा भए पनि शुक्रवार आएर गरिएको लामिछानेको गिरफ्तारीलाई विभिन्न कोणबाट विश्लेषण गरिँदै छ।केही दिनअघि व्यवसायी मीनबहादुर गुरुङले करोडौँ रुपैयाँ बराबरको जग्गा सत्तारूढ नेकपा एमालेलाई दान गरेपछि त्यसबारे सार्वजनिक वृत्तमा व्यापक टीकाटिप्पणी हुँदै आएको छ।धेरैले त्यसको आलोचना गरिरहेको पृष्ठभूमिमा अहिले गरिएको लामिछानेको गिरफ्तारी संयोग मात्र नभएको राजनीतिशास्त्री कृष्ण पोखरेल बताउँछन्।

"भाटभटेनीका सञ्चालकबाट नेकपा एमालेले पार्टी कार्यालयका लागि जग्गा पाएपछि सरकार र खासगरी एमालेको विरुद्धमा जसरी एउटा माहोलबनिरहेकोथियो त्यसबाट जनताको ध्यान अर्कोतिर मोड्नका लागि यो गिरफ्तारीको समय रोजियो जस्तो मलाई लाग्छ," बीबीसीसँग उनले भने।राजनीतिशास्त्री पोखरेलको बुझाइमा यदि त्यसरी समय नरोजिएको भए सोही प्रकरणमा पूर्वडीआईजी छविलाल जोशीलाई पक्राउ गरिएको समयमै लामिछानेलाई पनि गिरफ्तार गरिन्थ्यो।

**रास्वपालाई फाइदा कि घाटा?**

कतिपयले सभापति रवि लामिछानेको गिरफ्तारीसँगै रास्वपाको कान्ति घट्दै जाने बताउन थालेका छन्।

तर राजनीतिशास्त्री पोखरेलका अनुसार रास्वपाले कुन बाटो लिन्छ भन्ने कुरा अदालतको निर्णयमा निर्भर गर्नेछ।"तल्लो अदालतबाट मात्रै यो टुङ्गिला जस्तो मलाई लाग्दैन। यो लम्बिन सक्छ, मुद्दा माथिल्लो अदालतसम्म पुग्न सक्ला," उनले भने। अर्कोतर्फ उक्त पार्टीले आफ्ना सभापतिको गिरफ्तारीको मुद्दालाई जनताबीच लगेर आफ्नो पक्षमा माहोल पनि सिर्जना गर्न सक्ने अवस्था रहेको पोखरेलको तर्क छ।

"हाम्रा नेतालाई अनावश्यक रूपमा फसाइयो भन्ने भाष्यलाई पुँजीकृत गर्न रास्वपाले कोशिश गर्ला भन्ने जस्तो लाग्छ र त्यसले जनमानसमा कत्तिको असर पार्छ भन्ने कुराले उसको रणनीति निर्धारण गर्ला," उनले थपे। कतिपयलले रास्वपामा विस्तारै वैकल्पिक नेतृत्वको विषयमा अब विवाद शुरू हुन सक्ने अड्कल गरिरहँदा राजनीतिशास्त्री पोखरेल तत्काल त्यो सम्भावना देख्दैनन्।

उनको बुझाइमा रास्वपा सभापतिको मुद्दा लम्बिँदै गयो भने पनि त्यो विकल्पमा उसका नेताहरू अहिले नै जान उपयुक्त नदेख्न सक्छन्।"बरु मुद्दा धेरै लम्बिएमा कसैलाई कार्यवाहक तोकेर पार्टीका गतिविधि सञ्चालन गर्न सक्लान्। तर रवि लामिछानेको नेतृत्वलाई नै चुनौती दिएर अगाडि बढ्लान् जस्तो सम्भावना अहिले म देख्दिनँ," राजनीतिशास्त्री पोखरेलले भने।

**'प्रतिकूल समयको प्रतिक्रिया'**

आफ्ना सभापतिको गिरफ्तारीलाई लिएर रास्वपाका नेता तथा कार्यकर्ताले सरकारको चर्को आलोचना गरिरहेका छन्।अर्कोतर्फ उनीहरूले सभापति लामिछाने सहकारी प्रकरणमा "निर्दोष" भएको भन्दै उनको प्रतिरक्षा गरिरहेका छन्।तर राजनीतिक विश्लेषक श्रीकृष्णअनिरुद्ध गौतम रास्वपा र उसका नेताहरूको अहिलेको प्रतिक्रियालाई "अस्वाभाविक" ठान्दैनन्।"यस्ता प्रकरणमा राजनीतिक दलहरूको आफू अनुकूल भर्सन हुने गर्छ आफ्नो प्रतिरक्षामा आउने यो स्वाभाविक प्रतिक्रिया हो," बीबीसीसँग उनले भने।

पछिल्लो आमनिर्वाचनपछि राजनीतिक दलहरूले एकअर्कालाई कुनै बेला जोगाउने र कुनै बेला सिध्याउन खोज्ने प्रवृत्ति झन् बढ्दै गएको पनि गौतम बताउँछन्।"अहिले नेपालको राजनीति एउटा यस्तो भासमा छ कि जहाँ एकलाई अर्काको आवश्यकता पनि छ र एकले अर्कालाई सिध्याउनु पनि छ," उनले थपे। "उदाहरणका लागि अहिले नेपाली कांग्रेस र एमालेको गठबन्धन टुट्यो भने केपी ओलीलाई तुरुन्तै रास्वपा र माओवादीको साथ चाहिनेछ। अर्कोतर्फ कांग्रेसलाई माओवादी र रास्वपाको साथ चाहिनेछ।"बीबीसी

## सभामुख घिमिरेलाई सांसद लामिछाने पक्राउको जानकारी



काठमाण्डु। सभामुख देवराज घिमिरेलाई प्रतिनिधिसभा सदस्य रवि लामिछाने पक्राउ परेको जानकारी गराइएको छ। जिल्ला प्रहरी कार्यालय कास्कीले सभामुखलाई त्यससम्बन्धी जानकारी लेखीपठाएको सङ्घीय संसद् सचिवालयका महासचिव पद्मप्रसाद पाण्डेयद्वारा शनिबार जारी सूचनामा उल्लेख छ।

चितवन निर्वाचन क्षेत्र नं २ बाट निर्वाचित लामिछानेलाई कास्की जिल्ला अदालतको पक्राउ अनुमतिबमोजिम फौजदारी कसूरको अनुसन्धानका क्रममा पक्राउ गरिएको सूचनामा जनाइएको छ। नेपालको संविधानको धारा १०३ को उपधारा ६ मा 'सङ्घीय संसद्को कुनै सदस्य पक्राउ गरिएमा पक्राउ गर्ने अधिकारीले त्यसको सूचना सम्बन्धित सदनको अध्यक्षता गर्ने व्यक्तिलाई तुरुन्त दिनुपर्नेछ' भनी उल्लेख छ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सभापति लामिछानेलाई कास्कीको सूर्यदर्शन सहकारीको रकम अपचलनमा संलग्न भएको आरोपमा अनुसन्धानका लागि शुक्रबार काठमाडौँबाट पक्राउ गरेको थियो। सूर्यदर्शन सहकारीको संस्थापक अध्यक्ष गीतेन्द्रबाबु (जीबी) राईसँग मिलेर लामिछानेले गोर्खा मिडिया नेटवर्कमा रकम ल्याएर अपचलन गरेको मुद्दा जिल्ला प्रहरी कार्यालय कास्कीले अनुसन्धान गरिरहेको छ।रासस

# 'बाढीपहिरो प्रभावितलाई तत्काल आश्रयको व्यवस्था गरौँ'

काठमाण्डु। बाढीपहिरो तथा डुबान प्रभावित जिल्लाका प्रतिनिधिसभा सदस्यले क्षति भएका सडकलगायत पूर्वाधारको पुनःनिर्माण, वस्ती स्थान्तरण तथा पीडितलाई तत्काल आर्थिक सहयोगमा प्राथमिकतामा राख्न सुझाव दिनुभएको छ।

उहाँहरुले सङ्घीय राजधानीसँग जोडिने र बाहिरिने तथा अन्य मुख्य सडक जुनसुकै विपद्को अवस्थामा नटुट्ने स्थिति बनाउन राज्यले विशेष ध्यान पुऱ्याउन आग्रह गरेका छन्। प्रतिनिधिसभा सदस्यहरुले नदी र खोला किनारा तथा भीर पहरामा गैरकानुनी ढङ्गबाट खानी चलाउने कार्यले बाढी पहिरो र विपद्का घटना निम्त्याएकाले त्यस्ता गतिविधिलाई तत्काल बन्द गराउन राज्यको सक्रियता आवश्यक रहेको बताउनुभयो।

(गत असोज १० देखि १२ गते सम्म भएको वर्षापछि आएको बाढी पहिरो प्रभावित धादिङ र दोलखाका सांसदसँग ती जिल्लामा भएका क्षति, राहत र अबको प्राथमिकताबारे राससले गरेको कुराकानीको सम्पादित अंशः)



**संघीय राजधानीसंग सडक सञ्जाल टुट्न नहुने स्थिति बनाउनुपर्छ : राजेन्द्रप्रसाद पाण्डे (धादिङ)**

धादिङ निर्वाचन क्षेत्र नम्बर १ को प्रतिनिधिसभा सदस्यको नाताले पछिल्लो बाढी पहिरोको घटनापछि सरकारले गरिरहेका कामकारबाहीप्रति मेरो केही प्रतिक्रिया छ। यसवर्ष तुलनात्मकरुपमा बढी वर्षात् हुने पूर्वानुमान र त्यसबाट हुन सक्ने जनधनको क्षति न्यूनीकरणका लागि गर्नुपर्ने पूर्वतयारी र व्यवस्थापन फितलो देखियो। जल तथा मौसम विज्ञान विभागको पूर्वचेतावनीका आधारमा सम्भावित जोखिमको आँकलन गरी जुनस्तरको पूर्वतयारी र व्यवस्थापनमा समयमै निर्णय लिन पर्थ्यो, कमजोरी भयो। यस्ता घटनाबाट आगामी दिनमा त्यसप्रकारको क्षति हुन नदिन के-कस्तो रणनीति बनाउने भनी शिक्षा लिनुपर्छ।

यसवर्ष तीन दिनको अविरल वर्षाबाट काठमाडौँ उपत्यका भित्रने सबै नाका ठप्प हुँदा त्यसको प्रभाव मुलुकभर नै पऱ्यो। काठमाडौँ र धादिङको सीमानामा पर्ने झ्याप्ले खोलामा पहिरो जाँदा त्रिभुवन राजपथ र पृथ्वी राजमार्गलगायत देशको पश्चिम भाग जाने सबै आवगमन ठप्प हुन पुग्यो। त्यस्तै विपी र कोदारी राजमार्ग पनि बाढीपहिराले क्षतविक्षत भए। राजधानीसँग जोड्ने देशभरका सबै सडक एकैसाथ अवरुद्ध भएपछि अवस्था जटिल बन्यो। सिङ्गो मुलुकको 'लाइफ लाइन'का रुपमा रहेका कतिपय सडक र पुल भत्किए। जसबाट आवागमन प्रभावित भयो।

यस घटनाबाट सङ्घीय राजधानीसँग जोड्ने र बाहिरिने सडक जस्तोसुकै विपद् आउँदा पनि टुट्न नहुने स्थिति बनाउनुपर्छभन्ने पाठ सिकाएको छ। तीन तहकै सरकारले यस कुरामा ध्यान पुऱ्याउनुपर्छ। राजधानी भित्र्ने नागढुङ्गा नाकाको विकल्पकारुपमा म तत्कालीन स्थानीय विकास मन्त्री हुँदा रु एक करोड २० लाख बजेट विनियोजन गरी सीतापाइला-धार्के सडक सुरुआत गरिएको हो। यसपटक झ्याप्ले खोलामा आएको पहिरोले त्यो सडकको आवश्यकता र महत्व उजागर भएको छ। त्रिभुवन राजपथ अवरुद्ध भएपछि सो सडकमा सवारी चाप निकै बढ्यो। महत्व पुष्टि भयो।

उक्त सडकबाट साना तथा हलुका सवारी साधन उपत्यका प्रवेश र बर्हिगमनका लागि ठूलो सहयोग पुगेको छ। अब यो सडक बाह्रै महिना निर्वाध सञ्चालन हुने गरी स्तरोन्नति गरिनुपर्छ। सरकारले पुनःनिर्माणका सन्दर्भमा काठमाडौँ जोड्ने सडक कुनै पनि अवस्थामा नरोकिने विषयलाई पहिलो प्राथमिकतामा राखेर काम गर्नुपर्छ। पृथ्वीराजमार्ग स्तरोन्नतिको काम छिटो सम्पन्न गर्नेतर्फ सरकारको ध्यान केन्द्रित हुनुपर्छ। खानीखेलाबाट बाङ् भञ्याङ हुँदै काठमाडौँ प्रवेश गर्ने सडक कालोपत्रे गर्न अब विशेष ध्यान पुऱ्याउनुपर्छ।

धादिङस्थित नदी र खोला किनारमा अन्धाधुन्ध डोजर प्रयोग गरी प्राकृतिक सम्पदाको दोहन गरिँदा त्यसबाट निम्तने विपद् भयानक हुन सक्छ। त्यसबारे समयमै सोच विचार पुऱ्याउन आवश्यक छ। त्यसकारण खोला किनारा तथा भीरपहरामा गैरकानुनी ढङ्गबाट मापदण्ड विपरित स्वीकृति नलिइ खानी चलाउने काम तत्काल बन्द गर्नुपर्छ। अहिले खोलाका किनारमा धैरै डोजर प्रयोग गरी प्राकृतिक सम्पदा नोक्सान गर्ने काम भएको छ। त्यसमा संलग्न व्यवसायीले गैरकानुनी ढङ्गले काम गर्ने मात्र नभई राज्यलाई कर नतिर्ने कार्य भइरहेको छ। त्यसबाट हुन सक्ने प्राकृतिक जोखिम र क्षति आँकलन गर्न गाह्रो भएको छ। खोलाका किनारका खेतीयोग्य जमिन यसै पटकको बाढीले पुरेर नोक्सानी पुऱ्याएको छ। त्यो क्षतिको पनि आँकलन गर्न सक्ने अवस्था छैन। त्यसकाण पनि गैरकानुनी ढङ्गले खानी चलाउने तर कर नतिर्ने प्रवृत्ति अन्त्य हुनुपर्छ।

**राहत र पुनःस्थापना द्रुत गतिमा हुनुपर्छ : गंगा कार्की (दोलखा)**

सङ्कटग्रस्त क्षेत्र असमान ढङ्गबाट घोषणा गरिएको छ। त्यो क्षतिको यथार्थमा आधारित छैन। दोलखालाई सङ्कटग्रस्त सूचीको तेस्रो श्रेणीमा राखिएको छ, यो बेठिक छ किन भने यहाँ क्षति धेरै भएको छ। त्यसलाई सच्याउनपर्छ। बाढीपहिराबाट माथिल्लो तामाकोसी जलविद्युत् आयोजनामा क्षति भएको छ। त्यहाँ नेपाली सेनाका दुई र अरु दुई जना कर्मचारीको मृत्यु भएको छ। खिम्तीलगायत अन्य जलविद्युत् आयोजनामा क्षति पुगेको छ। जिल्लाभित्र बाढी पहिरोबाट अवरुद्ध भएका बाटोघाटालाई व्यवस्थित तुल्याउन राज्यले प्रभावकारी ढङ्गबाट काम गर्नुपर्छ। राहत र पुनःस्थापनामा सरकारबाट हेलचक्र्याइँ हुनभएन।

राज्यले नजिकिँदो चिसो मौसमलाई ख्याल गरी प्रभावित क्षेत्रका नागरिक घर बस्न पाउने अवस्था बनाओस्। जिल्लाको बिँगु, शैलुङ र गौरीशङ्कर गाउँपालिकामा बढी क्षति पुगेको छ। पहिरो नियन्त्रण, राहत वितरण, भत्केका घर टहरा तथा सडक निर्माण, बेपत्ताको खोजी मुख्य विषय हो। स्थानीय सरकारले मात्रै पुनःनिर्माण गर्न सम्भव छैन। सङ्घीय सरकारले सहयोग गर्नुपर्छ। पुनःस्थापना, पीडितलाई गास, बास र कपास तथा बस्ती स्थान्तरण विषयलाई सरकारले प्राथमिकतामा राखेर काम गरोस्।रासस

# क्षतिग्रस्त तामाकोसी जलविद्युत् आयोजनाको मर्मतसम्भार शीघ्र थालिने

काठमाण्डु। ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले बाढीबाट क्षतिग्रस्त माथिल्लो तामाकोशी जलविद्युत् आयोजनाको मर्मतसम्भार यथाशीघ्र थालेर बिजुली उत्पादन गरिने बताउनुभएको छ।

जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव सुरेश आचार्य, नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, दोलखाका प्रमुख जिल्ला अधिकारी टुवराज पोखरेलसहित आयोजनाको क्षतिग्रस्त संरचनाको निरीक्षणपछि उहाँले आयोजनामा भएको क्षतिका कारण राज्यले अकल्पनीय घाटा व्यहोर्नुपरेको बताउँदैयथाशक्यचाँडोमर्मतसम्भार गरी विद्युत् उत्पादन गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो।

मन्त्री खड्काले आयोजनाबाट चाँडोभन्दा चाँडो विद्युत् उत्पादन गर्न सरकारका तर्फबाट हरसम्भव सहयोग हुने प्रतिबद्धता दोहोऱ्याउनुभएको उहाँको निजी सचिवालयले जनाएको छ। आयोजनाका प्रमुख कार्यकारी अधिकृत मोहनप्रसाद गौतमले आगामी तीन साताभित्रमा विद्युत् उत्पादन थाल्नेगरी काम भइरहेको बताउनुभयो।रासस


नेपाल सरकार
गृह मन्त्रालय
## जिल्ला प्रशासन कार्यालय, धनुषा
जनकपुरधाम

### बोलपत्र स्वीकृतिको आशय सम्वन्धि सूचना

प्रकाशन मितिः २०८१।०७।०४

मिति २०८१।०५।२१ मा जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सार्वजनिक सूचना बमोजिम म्यादभित्र रितपूर्वक प्राप्त हुन आएका बोलपत्रहरुमध्ये तपसिल बमोजिमको बोलपत्रहरु न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिएको हुँदा उक्त बोलपत्रहरु स्वीकृतिको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनार्थ सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| S. N. | Contract No. | Description of Work | Name and address of bidder | Bid Amount (w/o VAT and Contingencies) |
|---|---|---|---|---|
| 1 | DAO/Dhanusha /Works/NCB/01-2081/82 | Various Maintenance and Painting works at District Administration Office, Dhanusha. | Baidehi Construction, Paudeshwar-6, Dhanusha | 15,51,615.70 |

प्रमुख जिल्ला अधिकारी



## भूमिसुधार तथा मालपोत कार्यालय, धनुषा

### सूचना ! सूचना !! सूचना !!!

जिल्ला धनुषा बेंगाडावर गा.वि.स. वडा नं. ०७ हाल मिथिला न.पा. वडा नं.०९ मा बस्ने सिता देवि कार्की समेतको नाउँमा दर्ता कायम रहेको तपसिल बमोजिमका जग्गामा जिल्ला धनुषा बेंगाडादर गा.वि.स वडा नं ७ मिथिला न.पा वडा नं ०९ मा बस्ने गंगा कुमार श्रेष्ठ मोही रहेको र निजको नाउँ मेरो जग्गाधनी प्रमाण पुर्जामा रही रहेकोमा निज मोहीको यस ठाउँमा बसोबास नभएको र जिनको शेष पछी हक खाने एकासगोलको श्रीमान्, श्रीमती, बाबु आमा, छोरा, छोरी, बुहारी, नाती नातीबुहारी ३५ वर्ष पुगेको अविवाहीता छोरी धर्मपुत्र, दाजु भाईहरु कानूनी हकदार समेत नभएको हुदाँ उक्त जग्गा म जग्गाधनीले आफै जोती कमाई आइरहेको छु। तर उक्त जग्गाको मोही गंगा कुमार श्रेष्ठको लगतमा हाल सम्म यथावत कायम नै रहेको हुदाँ निज मोहीको नाउँ कट्टा गरी जग्गाधनी प्रमाण पूर्जा तथा श्रैस्ताको मोही महलबाट समेत मोहीको नाउँ कट्टा गरिदिन श्री भूमिसुधार तथा मालपोत कार्यालय धनुषाको नाउँमा पत्र लेखि पाउँ भनी जग्गाधनी सिता देवि कार्की समेतले मिति २०८१/०४/२७ गतेमा दिएको निवेदनमा कारवाही हुदाँ दावी जग्गाको मोही गंगा कुमार श्रेष्ठ वा निजको एकासगोलको माथि उल्लेखित हकदारहरु कोही भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र सम्पूर्ण प्रमाणहरु साथ आफै वा बारेश मार्फत लिखित जवाफ सहित हाजिर हुनु भनी सार्वजनिक सूचना प्रकाशित गर्ने भनी मिति २०८१/०६/२१ मा आदेश भएको हुदाँ उक्त आदेश बमोजिम यो सूचना प्रकाशित गरिएको छ। दाबी जग्गाबाट मोही गंगा कुमार श्रेष्ठ को नाम कट्टा हुनु नपर्ने कुनै कारण भए सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफै वा वारेश मार्फत लिखित जवाफ सहित हाजिर हुन आउनुहोला। अन्धया दाबी जग्गाबाट मोहीको नाउँ कट्टा भई जाने व्यहोरा यसै सूचना द्वारा जानकारी गराईन्छ।

तपसिल


| सि.न. | गा.वि.स. | वडा नं. | कि.न. | क्षेत्रफल | मोहीको नाउँ | जग्गाधनीको नाउँ |
|---|---|---|---|---|---|---|
| १ | बेंगाडावर | ७ख | २२२ | ०-३-०-० | गंगा कुमार श्रेष्ठ | सिता देवि कार्की समेत |

# 'सिन्वारको मृत्यु हमासको निम्ति गम्भीर आघात तर होइन युद्धको अन्त्य'

बीबीसी

काठमाण्डु । याह्या सिन्वारको हत्या गाजामा हमासविरुद्धको युद्धमा इजेरलको अहिलेसम्मको सबैभन्दा ठूलो जीत हो। उनको मृत्यु हमासको निम्ति गम्भीर आघात हो। उनले सङ्गठनलाई लडाकु फौजमा रूपान्तरण गरेका थिए।

उनी योजनाबद्ध विशेष फौजी कारबाहीमा नभई दक्षिणी गाजाको रफाहमा इजरेली फौजसँगको आकस्मिक भिडन्तमा मारिएका हुन्।घटनास्थलमा खिचिएको तस्बिरमा लडाकु पोसाकमा रहेका सिन्वार तोप आक्रमणको निशानामा परेको भवनको भग्नावशेषमा ढलेको अवस्थामा देखिन्छन्।



इजरेली प्रधानमन्त्री बेन्जमिन नेतन्याहूले सैनिकहरूको प्रशंसा गरेका छन्। उनले त्यसलाई ठूलो जीतको रूपमा अर्थ्याए तर युद्ध अन्त्य नभएको पनि स्पष्ट रूपमा उल्लेख गरेका छन्। "हामीलाई जसले घात गर्छ उसले के भोग्नुपर्छ भन्ने कुरा आज हामीले प्रस्ट गरेका छौँ, एक पटक फेरी विश्वलाई कुकर्मीमाथिको असल जीत देखाएका छौँ," नेतन्याहूले भनेका छन्, "तर मेरो प्रियजनहरू अझैँ युद्ध सकिएको छैन।"

ठूलो चुनौती आफूहरूको अगाडि विद्यमान रहेको उनले स्वीकार गरेका छन्। "हामीमा सहनशीलता, एकता, साहस र दृढताको खाँचो छ, हामी सँगसँगै लड्ने छौँ र ईश्वरको कृपाले सँगै जित्ने छौँ," नेतन्याहूले उल्लेख गरेका छन्। गाजामा युद्धको समर्थन गर्ने नेतन्याहू र इजरेलको बहुसङ्ख्यक हिस्सा जीत चाहन्छ।

प्रधानमन्त्रीले हमासको राजनीतिक र सैन्य शक्ति नष्ट गर्ने र बन्धकहरूलाई घर फर्काउने युद्धको लक्ष्य रहेको पटक पटक दोहऱ्याउँदै आएका छन्।त्यो प्राप्त भएको छैन बरु एक वर्ष लामो युद्धमा कम्तीमा ४२ हजार प्यालिस्टिनीहरू मारिएका छन् र गाजाको ठूलो भाग भग्नावशेष बनेको छ।

तर बाँकी बन्धकहरू मुक्त भएका छैनन्, हमास लडिरहेको छ र उसले कहिले काहीँ इजरेली फौजलाई मारिरहेका छन्। सिन्वारको मृत्यु इजरेलले चाहेको जीत हो। तर नेतन्याहूले युद्धका अन्य लक्ष्य पूरा भएको दाबी नगर्दासम्म युद्ध उनले भने जसरी जारी रहनेछ।याह्या सिन्वार गाजा स्ट्रीपको खान युनीसस्थित शरणार्थी शिविरमा सन् १९६२ मा जन्मिएका थिए।सन् १९६७ को मध्यपूर्व युद्धमा इजिप्टबाट इजरेलले गाजा कब्जामा लिँदा उनी पाँच वर्षका थिए।उनको परिवार सात लाख प्यालिस्टीहरूमध्ये थिए जो सन् १९४८ को युद्धमा इजरेली फौजद्वारा घर छाड्न बाध्य बनाइएका थिए वा भागेका थिए।

उमेरले उनी दुई दशकको हुँदा इजरेलद्वारा आफ्नो गुप्तचरीको निम्ति काम गर्ने चारजना प्यालेस्टिनीको हत्या गरेको आरोपमा उनलाई दोषी ठहऱ्याएको थियो।जेलमा २२ वर्ष बिताउँदा उनले हिब्रु भाषा सिके, आफ्ना शत्रुहरूबारे अध्ययन गरे, उनीहरूविरूद्ध कसरी लड्ने भन्ने विषयमा पनि तयारी गरे भन्ने विश्वास गरिन्छ।उनी जेलमा छँदा इजरेलसँग उनको डीएनएको नमुना र दाँतसम्बन्धी विवरणहरू थिए। जसको आधारमा इजरेलीहरू उनको शरीर पहिचान गर्न सक्थे।

सन् २०११ मा एकजना इजरेली सेनासँग साटासाट गर्दा रिहा गरिएका एक हजारभन्दा धेरै प्यालेस्टिनीहरूमा उनी पनि एक थिए। गत वर्षको अक्टोबर ७ तारिखमा सतर्कतापूर्वक योजनाअनुसार गरिएको शृङ्खलाबद्ध हमलाहरूमा सिन्वार र उनका मानिसहरूले इजरेललाई अहिलेसम्मकै सबैभन्दा ठूलो पराजय र सामूहिक आघात बेहोर्न बाध्य बनाएका थिए जुन अहिले पनि गहिरो ढङ्गले महसुस गरिन्छ।

करिब १२ सय इजरेलीको हत्या, अपहरण र उनीहरूका दुस्मनको मनाएको उत्सवले कैयौँ इजरेलीहरूलाई नाजी नरसंहारको झल्को महसुस गराएको थियो।बन्दी साटासाटबारे सिन्वारको आफ्नै अनुभवले पनि अपहरणको महत्त्व र शक्तिबारे उनलाई आश्वस्त तुल्याएको हुनुपर्छ।

गाजामा बाँकी रहेका १०१ जना बन्धकका परिवारजन तेलअभिबका चोकमा एक वर्षदेखि भेला हुँदै आएका छन्।उनीहरूले आफ्ना मानिसहरूलाई घर फर्काउन नयाँ वार्ता प्रक्रिया अघि बढाउन इजरेली सरकारलाई आग्रह गर्दै आएका छन्।इजरेलले अपहरितहरूमध्ये आधा जतिको हत्या भइसकेको हुनसक्ने बताएको छ। कतिपय इजरेलीहरू आफ्नो हित रक्षाको निम्ति नेतन्याहूले गाजामा युद्ध लम्ब्याउन चाहेको विश्वास गर्छन् । जसले गर्दा सिन्वार र उनका मानिसहरूलाई इजरेलमा पस्न दिने गरी भएको सुरक्षा विफलतामा आफ्नो हिस्साको लेखाजोखा अनि गम्भीर भ्रष्टाचारको अभियोगसम्बन्धी सुनुवाइको अनन्तकालसम्म स्थगन गर्न सकियोस् भन्ने नेतन्याहूको चाहना रहेको हुनसक्ने ती इजरेलीहरू ठान्छन्।तर इजरेली प्रधानमन्त्रीले सबै खालका आरोपहरू अस्वीकार गर्छन्। केवल गाजामा हमासमाथि 'सम्पूर्ण जीत'मा उनले जोड दिँदै त्यसले इजरेलको सुरक्षा पुनर्स्थापित गर्ने बताएका छन्।

इजरलेले अपवाद छाड्ने हो भने आफ्ना सैनिकसँगको निगरानीयुक्त भ्रमणबाहेक अन्य संस्थाहरूलाई जस्तै बीबीसीलाई पनि गाजामा प्रवेश गर्न दिँदैन। सिन्वारको जन्मस्थल खान यूनिसमा विश्वासिला स्थानीय स्वतन्त्र पत्रकारले बीबीसीको निम्ति गरेको अन्तर्वार्तामा प्यालेस्टिनीहरू विद्रोही सुनिए। उनीहरूले युद्ध जारी रहने बताए।"यो युद्ध सिन्वार, हानिया वा मशालमाथि निर्भर छैन, न कुनै अन्य नेता वा अधिकारीहरूमाथि नै," डा. रमादान फरिसले भने।

यो प्यालेस्टिनी जनता निमिट्यान्न पार्ने उद्देश्य लिएको युद्ध हो, हामी सबैलाई थाहा छ, सबैले बुझेका छौँ। यो मुद्दा सिन्वार वा अरू कसैकोभन्दा निकै ठूलो छ।" अदनान अशौरले सिन्वारको मृत्युलाई लिएर केही मानिस दुखी भएको र अन्य केहीको उदासीन रहेको बताए। उनलाई सिन्वारको मृत्युले हमासलाई प्रभाव पार्ला भनी सोधियो।"मेरो बिचारमा पार्दैन, मलाई प्रस्ट पार्न दिनुस्ः हमास सिन्वार मात्रै होइन्न' यो समग्र जनताको हो ।

**'गाजामा युद्ध जारी छ।**

सन् १९९० को दशक यता इजरेलद्वारा हमासका नेता मारिँदै आएका छन् तर प्रत्येकका उत्तराधिकारी हुने गरेका छन्।इजरेलले सिन्वारको मृत्युमा खुसी मनाइरहँदा हमासले अझैँ उसका बन्धकहरूलाई राखेको छ र उ लडिरहेको छ।

# नेत्रहीन क्रिकेट विश्वकपमा नेपालको सहभागिता



काठमाण्डु । पुरुष तथा महिलाहरुको क्रिकेटमा आफ्नो बेग्लै पहिचान बनाउन सफल नेपालले नेत्रहीनहरुको क्रिकेटमा पनि सशक्त उपस्थिति जनाउँदै आइरहेको छ । आगामी मंसिर ७ गतेदेखि १८ गतेसम्म पाकिस्तानमा आयोजना हुने चौंथो टि ट्वान्टी नेत्रहीन विश्वकप क्रिकेट प्रतियोगिताका लागि नेपालले तयारी गरिरहेको छ। पुरुषहरुको उक्त विश्वकपमा नेपालबाट प्रतिनिधित्व गर्ने खेलाडीहरुको अन्तिम छनोट यही कात्तिक ४ गते र ५ गते काठमाडौँमा हुनेभएको छ। छनोट भएका खेलाडीहरुलाई आगामी तिहारपछि बन्द प्रशिक्षणमा राखिने जानकारी नेत्रहीन क्रिकेट संघ नेपालका अध्यक्ष पवन घिमिरेले दिएका छन् । यसअघि गत असारमा पहिलो चरणको छनोटअन्तर्गत १९ जना खेलाडीहरु छनोट गरिएको थियो । तत्कालीन माओवादी द्वन्दका बेला २०६० सालमा आँखाको ज्योति गुमाउन पुगेका नेपाली सेनाका प्रमुख सेनानी घिमिरेकै सक्रियतामा नेपालमा २०६३ सालमा नेत्रहीनहरुको क्रिकेटको सुरुआत भएको थियो।

उनले नेत्रहीन क्रिकेट खेलाडी, कप्तान, प्रशिक्षक, अम्पायर तथा नेत्रहीन क्रिकेट सङ्घ नेपालको अध्यक्ष समेत भूमिका निर्वाह गरेर नेत्रहीन क्रिकेटलाई स्थापित गर्न योगदान दिएका छन् । नेत्रहीन क्रिकेटका पाकिस्तानी प्रशिक्षकले काठमाडौंको कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय क्रिकेट मैदानमा ३३ जना प्रशिक्षण दिएर नेपालमा नेत्रहीनको क्रिकेटको सुरुवात गरेका थिए । अहिले नेपालमा स्थानीयस्तरदेखि अन्तराष्ट्रिय तहसम्मकै प्रशिक्षकहरु कार्यरत रहेका छन् । यो खेल विभिन्न जिल्लामा विस्तार हुने क्रम जारी रहेको छ । विभिन्न जिल्लामा रहेका दृष्ट्रिविहीनहरुलाई प्रोत्साहनका लागि विभिन्न तहको प्रतियोगिता आयोजना गर्ने गरिएको छ। राष्ट्रिय खेलकुद परिषदले आयोजना गर्ने गरेको पारा तथा विशेष खेलकुदमा नेत्रहीन क्रिकेटलाई पनि प्रतियोगिताको रुपमा समावेश गर्ने गरिएको छ।

नेत्रहीनहरुको क्रिकेटमा विश्वका विभिन्न ११ देशको सहभागिता रहेकामा नेपालको हालको स्थान छैठौं, सातौं हुनु मुलुकका लागि उपलब्धिमूलक नै मान्नु पर्दछ।

यी वाहेक अन्य देशका स्कूल कलेजहरुमा पनि नेत्रहीन क्रिकेट खेल्ने गरिएको छ । तर यसको संस्थागत विकास भने हुन सकेको छैन् । नेपाली नेत्रहीन क्रिकेट टिमले सन् २००८ मा पाकिस्तानसँग मैत्रीपूर्ण खेल खेलेर आफ्नो अन्तर्राष्ट्रिय सहभागिताको सुरुवात गरेको थियो । त्यतिखेरै नेपाली टिमले पाकिस्तानमा नौ वटा मैत्रीपूर्ण खेल खेलेको थियो ।

नेपालले सन् २०१२ मा भारतको बेङ्गलोरमा भएको नेत्रहीनहरुको विश्वकपमा भाग लिएर विश्वकपमा सहभागिता प्रारम्भ गरेको थियो । त्यसबखत नेपालले पहिलोपटक बङ्गलादेशको टिमलाई पराजित गर्न सफल भएको थियो । भारतको केरलामा सन् २०१६ मा भएको एशियाली नेत्रहीन क्रिकेट प्रतियोगितामा पनि नेपालले आफ्नो सहभागिता जनाएको थियो । यसअघि सन् २०२१ मा भारतमा आयोजना भएको तेस्रो टि ट्वान्टी विश्वकपमा कोरोनाले आक्रान्त पारेको अवस्थामा पनि नेपालले भाग लिएको थियो । त्यतिखेर भारतले उपाधि जितेको थियो ।

**नेपालबाटै महिला क्रिकेट सुरु**

यहाँ उल्लेखनीय पक्ष के छ भने धेरै सङ्ख्यामा दृष्ट्रिविहीन महिलाहरुलाई क्रिकेटमा समाहित गर्ने मुलुकमा नेपाल अग्रपङ्क्तिमा पर्दछ । नेत्रहीन महिलाहरुको क्रिकेटको सुरुआत नेपालले नै गरेको थियो । वेलायतमा समेत नेपाली प्रशिक्षककै सहयोगमा नेत्रहीन महिला क्रिकेट सुरु गरिएको थियो । सन् २००९ मै नेपाली महिला टिमले काठमाडौंमा आयोजित मैत्रीपूर्ण खेलमा बेलायतलाई पराजीत गरेको थियो । त्यतिखेर नेपाल सरकारले महिला टिमलाई राष्ट्रिय सम्मान प्रदान गरेको थियो । अब सन् २०२५ मा भारतमा आयोजना हुने नेत्रहीन महिलाहरुको विश्वकपमा नेपालको पनि सहभागिता रहने लक्ष्य राखिएको छ ।

**मैदानको अभाव**

शारिरीक रुपले सक्षम क्रिकेट खेलाडीहरुको लागि नेपालका विभिन्न स्थानमा क्रिकेट मैदान उपलब्ध भए पनि नेत्रहीन खेलाडीहरुका लागि क्रिकेट मैदानको व्यवस्था हुन सकेको छैन । चाहे अभ्यास गर्दा होस् अथवा कुनै प्रतियोगिता आयोजना गर्नुपर्दा मैदानका लागि नेपाल क्रिकेट सङ्घलगायतलाई गुहार्नु पर्ने अवस्था आउने गरेको छ। त्रिभुवन विश्वविद्यालय कीर्तिपुरस्थित क्रिकेट मैदान नेपाल क्रिकेट सङ्घले प्रयोग गरिरहेको छ । सोही सङ्घले प्रयोग गर्ने गरेको मूलपानी क्रिकेट मैदानका लागि पनि सरकारले लगानी गरेको छ । त्यस्ता मैदान नेत्रहीनहरुलाई पनि सहज रुपमा उपलब्ध गराउने व्यवस्था गर्न सम्बन्धित निकायले प्राथमिकता दिनु पर्दछ।

राष्ट्रिय खेलकुद परिषदको स्वामित्वमा नेपालभर हजारौं रोपनी जमिन रहेका छन् । कयौं जमिन अतिक्रमणमा परिसकेका छन् । नेत्रहीन क्रिकेट खेलाडीहरुका लागि छुट्टै क्रिकेट मैदानका लागि सरकारले बजेट विनियोजन गर्नु पर्दछ भनेर पटकपटक आवाज उठ्ने गरेको पनि छ । नेत्रहीन क्रिकेट सङ्घ नेपालका पदाधिकारीहरुले नेत्रहीन क्रिकेट र अपाङ्गता खेलकुदका बारेमा बेलाबखत सरकारको ध्यानाकर्षण गर्दै आइरहेका छन् । पछिल्लो पटक युवा तथा खेलकुद मन्त्री तेजुलाल चौधरीसँग सङ्घका पदाधिकारीहरुले छलफल गरेका थिए।

**दृष्टिविहीनहरुले कसरी खेल्छन् ?**

दृष्ट्रिविहिन क्रिकेट खेलाडीहरुले आवाजको प्रयोग गरेर क्रिकेट खेल्ने गर्दछन्। नेत्रहीनहरुले क्रिकेट खेल्दा प्रयोग गर्ने हार्ड प्लाष्टिकको बलभित्र रहेका साइकलका बल बेरिङको माध्यमबाट बल बज्ने गर्दछ । त्यही आवाज सुनेको आधारमा आवाजलाई पछ्याउँदै ब्याटिङ गर्नेले ब्याटिङ गर्दछ भने बलिङ र फिल्डिङ गर्नेले पनि त्यसैलाई पछ्याएर क्रिकेट खेल्ने गरेका छन्।

सबै नेत्रहीन खेलाडीले देख्छन् कि देख्दैनन् ?

दृष्ट्रिविहीन क्रिकेट खेल्ने सबै खेलाडी पुर्ण दृष्ट्रिविहीन हुँदैंनन् । वल्ड ब्लाइण्ड युनियनले मान्यता दिएको वैधानिक दृष्ट्रिविहीनअन्तर्गत क्रिकेटमा तीन प्रकारका खेलाडीहरुले खेल्ने गर्दछन्। जस्तै बी वान जसले पूर्ण रुपमा देख्दैन । बि टु जसले पाँच मिटरसम्म कुनै वस्तु हल्लिएको अनुभव गर्ने तर नदेख्ने तथा ठम्याउन नसक्ने, बि थ्री क्याटगोरीमा २० मिटर दूरीसम्म कुनै वस्तु हल्लिएको तथा चलिरहेको अनुभव गर्दछन्।

एक टिममा चार जना बि वान, तीन जना बि टु तथा चार जना बि थ्री क्षमता भएका खेलाडीलाई खेलाउने गरिन्छ । पूर्ण दृष्ट्रिविहिन तथा कम देख्ने क्षमता खेलाडीहरुको समग्रता नेत्रहिन क्रिकेट मानिएको छ।

सन् १९२२ मा अष्ट्रेलियाबाट नेत्रहीनहरुको क्रिकेटको सुरुवात भएको थियो । तर १०० वर्ष पुगिसकेको अवस्थामा पनि विश्वमा यो खेललाई अझ ब्यापक बनाउन सकिएको छैन । नेपाली नेत्रहीन खेलाडीहरुले अन्तर्राष्ट्रिय पहिचान बनाइसकेको अवस्थामा महत्वपूर्ण पदकहरु भित्र्याएर मुलुकको छवि अझ उच्च बनाउन नेत्रहीन क्रिकेट पनि महत्वपूर्ण माध्यम बन्न सक्दछ । तर यसका लागि शारिरिक रुपमा सक्षम क्रिकेट खेलाडीहरुलाई नेत्रहीन क्रिकेट खेलाडीहरुलाई पनि यथोचित सुविधा, यस खेलका लागि सरकारको उच्च प्राथमिकता तथा यथोचित लगानी भने अत्यावश्यक भैसकेको महसुस गरिएको छ।रासस

# इजरायलद्वारा अस्पतालमा आक्रमण



एएफपी

गाजास्ट्रिप । इजरायली सेनाले शनिबार उत्तरी सहर बेत लाहियाको इन्डोनेसियाली अस्पताललाई घेरा बन्दी गरी आक्रमण गरेको गाजाका स्वास्थ्य अधिकारीहरूले बताएका छन् ।

"इजरायलले अस्पताललाई पूर्ण रूपमा घेरी बिजुली लगायतका सेवाहरु अवरुद्ध गरी अस्पतालका भवनहरुलाई निशाना बनाइ आक्रमण गरेको स्वास्थ्य सेवा निर्देशक मारवान सुल्तानले बताउनु भएको छ । उहाँका अनुसार आक्रमणका कारण उक्त क्षेत्रका "चिकित्सा कर्मचारी तथा बिरामीहरू गम्भीर जोखिममा रहेका छन् ।

गाजाको स्वास्थ्य मन्त्रालयले एक विज्ञप्ति जारी गर्दै इजरायलले अस्पतालका भवनहरुमा लक्षित गरी गरिएको आक्रमणमा "मेडिकल स्टाफका अतिरिक्त ४० जना भन्दा बढी बिरामी घाइते भएको जनाएको छ । अस्पताल क्षेत्रमा भएको खतरनाक आक्रमणले बिरामी तथा स्वास्थ्य कर्मचारीहरूमा ठूलो त्रास निम्त्याएकोसमेत विज्ञप्तिमा उल्लेख गरिएको छ ।

यस महिनाको सुरुमा उत्तरी गाजामा नयाँ आक्रमण सुरु गरेको इजरायलले पुन ; समूहबद्ध भएका हमास लडाकुलाई लक्षित गरेको जनाइएको छ । गाजाको नागरिक सुरक्षा एजेन्सीले यस अघि नजिकैको जबालियामा भएको इजरायली हमलामा ३३ जनाको मृत्यु भएको जनाएको छ ।संयुक्त राष्ट्रसङ्घको मानवीय मामिला एजेन्सीले "उत्तरी गाजामा सर्वसाधारणले सामना गरिरहेको डरलाग्दो र खतरनाक अवस्थाबारे चेतावनी जारी गर्दै यहाँका बासिन्दाहरु निरन्तरको आक्रमणका कारण पिडादयी अवस्थाको बीचमा बाँच्न बाध्य रहेको शुक्रबार जनाएकोछ।

# नेतन्याहूको निवासलाई निशाना बनाइ ड्रोन हमला

एएनआई

तेल अभिभ ।

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुको निजी निवासलाई निशाना बनाइ शनिबार लेबनानबाट ड्रोन हमलामा भएको इजरायलको प्रधानमन्त्रीको कार्यालयले एक विज्ञप्ति मार्फत जनाएको नेतान्याहुले शुक्रबार गाजाका जनतालाई सम्बोधन गर्दै भन्नुभयो "यदि हमासले हतियार छोड्न र बन्धकहरूलाई फिर्ता गर्न सहमत भएमा युद्ध भोलि समाप्त हुन सक्छ ।"

इजरायलले हमास प्रमुख र अक्टोबर ७ मा भएको आक्रमणका मास्टरमाइन्ड



छ ।विज्ञप्तिमा नेतन्याहु र उहाँकी पत्नी सारा हमलाको समयमा घरमा नभएको तथा घटनामा कुनै चोटपटकको रिपोर्ट नभएको उल्लेख गरिएको छ ।

टाइम्स अफ इजरायलको रिपोर्ट अनुसार शनिबार बिहान लेबनानबाट उडाइएका अन्य दुई ड्रोनहरू इजरायलको हवाई सुरक्षा द्वारा खसालेका थिए ।इजरायल र हमास बीच चलिरहेको द्वन्द्वको बीचमा, इजरायली प्रधानमन्त्री बेन्जामिन याह्या सिन्वारको हत्या भएको पुष्टि गरेको केही घण्टापछि उहाँले यस्तो टिप्पणी गर्नुभएको हो । इजरायली रक्षा बलले बिहीबार सिन्वार र अन्य दुई आतंककारी इजरायलले मारेको खुलासा गरेको छ ।

नेतान्याहुले हमासले हाल गाजामा १०१ जनालाई बन्धक बनाएको खुलासा गर्नु भएको छ जसमा इजरायलसहित २३ वटा विभिन्न देशका नागरिकहरु रहेका छन् ।


# इजरायलद्वारा अस्पतालमा आक्रमण

एएफपी

गाजास्ट्रिप । इजरायली सेनाले शनिबार उत्तरी सहर बेत लाहियाको इन्डोनेसियाली अस्पताललाई घेरा बन्दी गरी आक्रमण गरेको गाजाका स्वास्थ्य अधिकारीहरूले बताएका छन् ।

"इजरायलले अस्पताललाई पूर्ण रूपमा घेरी बिजुली लगायतका सेवाहरु अवरुद्ध गरी अस्पतालका भवनहरुलाई निशाना बनाइ आक्रमण गरेको स्वास्थ्य सेवा निर्देशक मारवान सुल्तानले बताउनु भएको छ । उहाँका अनुसार आक्रमणका कारण उक्त क्षेत्रका "चिकित्सा कर्मचारी तथा बिरामीहरू गम्भीर जोखिममा रहेका छन् । गाजाको स्वास्थ्य मन्त्रालयले एक विज्ञप्ति जारी गर्दै इजरायलले अस्पतालका भवनहरुमा लक्षित गरी गरिएको आक्रमणमा "मेडिकल स्टाफका अतिरिक्त ४० जना भन्दा बढी बिरामी घाइते भएको जनाएको छ । अस्पताल क्षेत्रमा भएको खतरनाक आक्रमणले बिरामी तथा स्वास्थ्य कर्मचारीहरूमा ठूलो त्रास निम्त्याएकोसमेत विज्ञप्तिमा उल्लेख गरिएको छ । यस महिनाको सुरुमा उत्तरी गाजामा नयाँ आक्रमण सुरु गरेको इजरायलले पुन ; समूहबद्ध भएका हमास लडाकुलाई लक्षित गरेको जनाइएको छ । गाजाको नागरिक सुरक्षा एजेन्सीले यस अघि नजिकैको जबालियामा भएको इजरायली हमलामा ३३ जनाको मृत्यु भएको जनाएको छ ।


# फ्रान्सेली विदेशमन्त्री एकता भ्रमणका लागि युक्रेनमा

एएफपी

किएभ । फ्रान्सेली विदेशमन्त्री जीन-नोएल ब्यारोट युक्रेनका लागि फ्रान्सको समर्थन व्यक्त गर्ने दुई दिने युक्रेन भ्रमणका लागि शनिबार किभ आइपुग्नु भएको छ ।

फ्रान्सेली विदेशमन्त्री ब्यारोट किएभमा रहदा समकक्षी एन्ड्री सिबिगा लगायतका व्यक्तीहरुसँग भेटवार्ता गर्ने कार्यक्रम तय भएको स्रोतले जनाएको छ। फ्रान्सको इन्टर पब्लिक रेडियोमा शुक्रबार बोल्दै विदेश मन्त्री ब्यारोटले भ्रमणको उद्देश्य फ्रान्स कुनै पनि सङ्कटबाट पछि हट्ने छैन भन्ने प्रतिवद्धतासहित युक्रेनको जोखिममा सुरक्षा, खाद्य र ऊर्जा लगायतका विषयमा सययात्रा जनाउनु रहेको उल्लेख गर्नु भएको छ।

उहाँले यस अघि रूसद्वारा अपहरण गरिएका युक्रेनी बालबालिकाको विषयमा पनि छलफल गर्ने बताउनु भएको थियो । अमेरिकी राष्ट्रपति जो बाइडेन , जर्मनी, फ्रान्स र बेलायतका नेताहरूले "न्यायपूर्ण र स्थायी शान्ति सुरक्षित गर्ने प्रयासमा युक्रेनलाई समर्थन जारी राख्ने" संकल्प शुक्रबार व्यक्त गरेका छन् ।

युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले पश्चिमी सहयोगीहरूलाई "विजय योजना" प्रस्तुत गरेको केही दिनपछि ब्यारोटको युक्रेन भ्रमण भएको हो । राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले आफ्नो पहललाई बढावा दिन वासिङ्टन, पेरिस, बर्लिन, रोम र लन्डनको यात्रा गरिसकेता पनि अझै पूर्ण समर्थन प्राप्त भईसकेको छैन ।

# सातौं अन्तरराष्ट्रियआमन्त्रित राइनो गोल्ड कप सुरु

मध्यविन्दु । दुर्लभ एकसिङ्गे गैंडासंरक्षणका लागि जनचेतना जगाउने ध्येयले नवलपरासी(बर्दघाट-सुस्तापूर्व)को कोल्हुवामा सातौँ अन्तरराष्ट्रिय आमन्त्रित राइनो संरक्षण गोल्ड कप फुटबल प्रतियोगिता आजदेखि सञ्चालन हुँदै छ।

मध्यविन्दु नगरपालिका-२ कोल्हुवास्थित राइनो रङ्गशालामा आयोजना हुने सो प्रतियोगितामा 'ए' डिभिजनका तीन वटासहित भारतीय टिमका १२ क्लब सहभागी हुनेछन् । खेलकुदका माध्यमबाट युवामा वन, वन्यजन्तु एवं वातावरण संरक्षणका लागि चेतनाको विकास र विस्तार गर्ने, खेलकुद तथा पर्या-पर्यटनको वृद्धि गरी आन्तरिक तथा बाह्य पर्यटक आकर्षित गर्नेलगायतका उद्देश्यले प्रतियोगिता आयोजना गरिएको राइनो क्लबका अध्यक्ष दोमन भण्डारीले बताउनुभयो ।

गण्डकी प्रदेशका सामाजिक विकास युवा तथा खेलकुदमन्त्री बिन्दुकुमार थापाले उद्घाटन गर्नुहुने प्रतियोगिताको उद्घाटन खेलमा हनामी क्लब र देशभक्त फुटबल क्लब भिड्ने छन् । भारतको मणिपुरबाट फुटबल क्लब आमन्त्रित रूपमा खेलमा सहभागी हुने राइनो क्लबका अध्यक्ष भण्डारीले जानकारी दिनुभयो ।

यही कात्तिक १४ गतेसम्म हुने प्रतियोगिताको विजेताले उपाधिसहित रु आठ लाख पुरस्कार हात पार्नेछ । प्रतियोगिताका सर्वोत्कृष्ट खेलाडी, सर्वाधिक गोलकर्ता, उत्कृष्ट गोलरक्षक, डिफेन्डर, मिडफिल्डर, स्ट्राइकर र प्रशिक्षकलाई पनि आकर्षक पुरस्कारको व्यवस्था रहेको अध्यक्ष भण्डारीले बताउनुभयो ।

# सडक अभावले गोरखामा कुहिँदै करोडौँको स्याउ, बजार ल्याइदिन सरकारसँग माग

भक्तपुर । गोरखाको चुमनुब्री गाउँपालिकामा ३० हजार बोटमा फलेका करोडौँ मूल्य बराबरको स्याउ कुहिने अवस्थामा पुगेको भन्दै जनप्रतिनिधि र व्यवसायीले सरकारसँग बजारसम्म स्याउ ल्याइदिन माग गरेका छन् ।



उत्पादन महाअभियान नेपालका अध्यक्ष रमेश पण्डितले सडक अभावले गाउँमै अलपत्र परेको स्याउलाई अनुदानमा बजारसम्म ल्याउने व्यवस्था गरिदिन सरकारसँग माग गर्नुभयो । उहाँले भन्नुभयो, "कृषि र पर्यटनको अथाह सम्भावना रहेको गोरखाको चुमनुब्री गाउँपालिकामा करोडौँको स्याउ बाटो नहुँदा बजारसम्म ल्याउन नसकेर कुहिने अवस्थामा पुगेको छ, सरकारले ती स्याउलाई बजारसम्म ल्याउने व्यवस्था गरिदिनुपर्छ ।"

गत महाअष्टमीको दिनमा महाअभियानले हेलिकप्टरबाट चार सय ५० किलो स्याउ काठमाडौँ ल्याउँदा प्रतिकेजी रु छ सय ६६ पर्न गएको भन्दै सरकारले ती स्याउ नल्याए किसानको करोडौँको स्याउ कुहिने बताउनुभयो ।

चुमनुब्री गाउँपालिकाका अध्यक्ष निमा लामाले भौगोलिक दृष्टिकोणले विकट रहेको हिमालपारीको गाउँ चुमनुब्रीमा स्याउका ३० हजार बिरुवाको खेती रहेकामा यातायातको सुविधा नहुँदा करोडौँको स्याउ बिग्रने अवस्थामा पुगेको बताउनुभयो । उहाँले यहाँको स्याउलाई मनास्लु स्याउ नामकरण गरेको बताउनुभयो । उहाँले कृषि र पर्यटनलाई जाड्नेगरी छिटो सडकको पहुँच पुऱ्याए स्याउ, कोदो, मकैको लोकल रक्सी र वाइन उत्पादनगरी ब्राण्ड बनाउन सकिने धारणा राख्नुभयो ।

बाह्र हजार पाँच सय स्याउको बोट लगाएका पर्यटन व्यवसायी लाक्पा ढुङ्गु लामाले आफूले स्याउको बिरुवा रोप्दा तीन वर्षसम्ममा गाउँमा सडक पुग्ला भन्ने सोचेर खेती सुरु गरे पनि सडक नपुग्दा नोक्सानी व्यहोर्नु परेको बताउनुभयो ।उहाँले भन्नुभयो, "गत वर्षभन्दा यस वर्ष दोब्बर स्याउको उत्पादन बढेको छ, एउटा बोटमा कम्तीमा ४५ वटा स्याउ फल्छ, मेरोमा मात्रै पाँच लाख दाना छ, केही स्याउको दाना, सुकुटी, वाइनलगायत बनाएर बिक्री गरौँला, करिब तीन लाखभन्दा बढी स्याउ कुहिने अवस्थामा पुगेको छ, अरु किसानको पनि अवस्था उस्तै छ ।"

गोरखाकै धार्चे गाउँपालिकाकी उपाध्यक्ष सुनिला गुरुङले आफ्नो पालिकामा आलु, किवी, ड्रागन फ्रुटको प्रशस्त खेती रहे पनि बजार नपाएको बताउनुभयो । उहाँले भन्नुभयो, "किवी र ड्रागन फ्रुटको उत्पादन राम्रो छ, तर सडक नपुग्दा बजार नपाएको अवस्था छ ।"रासस


## लुम्बिनी विकास बैंक लिमिटेडको
## तपसिलका ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्ने तथा धितो लिलाम बिक्री सम्बन्धी २१ दिने अत्यन्त जरुरी सूचना

प्रकाशित मिति २०८१/०७/०४ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस लुम्बिनी विकास बैंक लिमिटेडका विभिन्न शाखा कार्यालयबाट तपाई तपसिलमा उल्लिखित ऋणीहरुले लिनु भएको ऋण कर्जाको यस विकास बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनुपर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, तरताकेता गरिएको एवं राष्ट्रिय दैनिक पत्रिकामा बिभिन्न मितिमा सूचना प्रकाशित गर्दा समेत ऋणको साँवा ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि नतिरी नबुझाई विकास बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गर्नुभएकोले विकास बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी विकास बैंकको नियमानुसार लिलाम प्रकृया द्वारा बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले विकास बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ । प्राप्त हुन आएका बोलपत्रहरु २२ (बाइसौं) दिन (बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक विदा परेमा विदाको लगतै बैंक खुलेको दिनमा बोलपत्र बुझाउने/खोलिने हुँदा) तपसिलमा उल्लिखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी, प्रोप्राइटर, धितो/जमानी दिने तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ । तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन । साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी, प्रोप्राइटर/सञ्चालक, धितो/जमानी दिनुहुने सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि विकास बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम कारबाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त ब्यहोरा अनुरोध गर्दै सूचनाको म्यादभित्र धनी विकास बैंकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउन हुन समेत अनुरोध गरिएको छ ।

### तपसिल

**क्र.सं. १. ऋणीको विवरण**

**नाम : रहमान इम्पोरियम्**
ठेगाना : फतुवा महेशपुर - २, रौतहट
दर्ता नं. ६६८७/४८७/२९/१८, दर्ता मिति : २०७५/०८/१२
स्थायी लेखा नम्बर ६०८८०४४४२, दर्ता मिति : २०७५/०८/१२
दर्ता गर्ने निकाय : उद्योग मन्त्रालयको कम्पनी रजिष्ट्रारको कार्यालय
**प्रोप्राइटर : एजाज खाँ, शाखा कार्यालय : गौर**

**व्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **१. नाम : एजाज खाँ**<br>बाबुको नाम : खुर्सेद खाँ पैठान<br>बाजेको नाम : रहमान खाँ<br>ठेगाना : फरदहवा - ८, रौतहट<br>हाल : राजपुर - ३, रौतहट<br>ना.प्र.प.नं. : ४२३७, जि.प्र.का. रौटहट<br>जारी मिति : २०६३/०९/०९ | **२. नाम : खुर्सेद खाँ पैठान**<br>बाबुको नाम : रहमान खाँ<br>बाजेको नाम : मिरजान खाँ<br>ठेगाना : फरदहवा - ८, रौतहट<br>हाल : राजपुर - ३, रौतहट<br>ना.प्र.प.नं. : ११५२, जि.प्र.का. रौटहट<br>जारी मिति : २०३७/०६/२१ |
| **३. नाम : फुलजहान खातुन**<br>पतिको नाम : एजाज खाँ<br>ससुराको नाम : खुर्सेद खाँ पैठान<br>ठेगाना : फरदहवा - ८, रौतहट<br>हाल : राजपुर - ३, रौतहट<br>ना.प्र.प.नं. : ३२१०४६-५६३८<br>जि.प्र.का. रौटहट<br>जारी मिति : २०६८/०१/०८ | **४. नाम : आलम नेसा**<br>पतिको नाम : खुर्सेद खाँ पैठान<br>ससुराको नाम : रहमान खाँ<br>ठेगाना : फरदहवा - ८, रौतहट<br>हाल : राजपुर - ३, रौतहट<br>ना.प्र.प.नं. : ६/१६, जि.प्र.का. रौटहट<br>जारी मिति : २०४९/०४/३२ |

**५. नाम : एकवाल अहमद खाँ**
बाबुको नाम : खुर्सेद खाँ पैठान, बाजेको नाम : रहमान खाँ
ठेगाना : फरदहवा - ८, रौतहट, हाल : राजपुर - ३, रौतहट
ना.प्र.प.नं. : ३२-०१-७५- ००५५८, जि.प्र.का. रौटहट, जारी मिति : २०७५/०१/२७

**धितोको विवरण**
खुर्सेद खाँ पैठानको नाममा मालपोत कार्यालय रौतहटमा दर्ता रहेको राजपुर फरहदवा - ८ ख, रौतहट स्थित कित्ता नं. ६६९ र ६६७ को क्षेत्रफल क्रमशः ०-१-२-१० (विघा) र ०-१-१८-१० (विघा) जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

**क्र.सं. २. ऋणीको विवरण**

**नाम : प्रकाश यादव**
बाबुको नाम : राम चन्द्र राय यादव, बाजेको नाम : पाचु राय यादव
ठेगाना : सखुअवा - ९, रौतहट, हाल : माधवनारायण - ३, रौतहट
ना.प्र.प.नं. : ०३२३०१४/५२१, जि.प्र.का. रौतहट, री मिति : २०६३/११/१३
**शाखा कार्यालय : गौर**

**व्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **१. नाम : गीता देवी**<br>पतिको नाम : प्रकाश यादव<br>ससुराको नाम : राम चन्द्र राय यादव<br>ठेगाना : सखुअवा - ९, रौतहट<br>हाल : माधवनारायण - ३, रौतहट<br>ना.प्र.प.नं. : ३२३०१४/ ५७६<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०६३/११/१६ | **२. नाम : हिरामती देवी**<br>पतिको नाम : गजेन्द्र राय यादव<br>ससुराको नाम : राम चन्द्र राय यादव<br>ठेगाना : सखुअवा - ९, रौतहट<br>हाल : माधवनारायण - ३, रौतहट<br>ना.प्र.प.नं. : ३२३०१४/५७४<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०६३/११/१६ |

**धितोको विवरण**
१. हिरामती देवी/गीता देवीको नाममा मालपोत कार्यालय गरुडा, रौतहटमा दर्ता रहेको सखुअवा - ८ क, रौतहट स्थित कित्ता नं. ९०३ को क्षेत्रफल ०-०-१० (बिघा) जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।
२. हिरामती देवीको नाममा मालपोत कार्यालय गरुडा, रौतहटमा दर्ता रहेको सखुअवा - ८ क, रौतहट स्थित कित्ता नं. १७१ को क्षेत्रफल ०-२-० (बिघा) जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

**क्र.सं. ३. ऋणीको विवरण**

**नाम : धिरज हार्डवेयर**
दर्ता गर्ने निकाय : घरेलु तथा साना उद्योग कार्यालय, गौर, रौतहट
दर्ता नं. : ५०७/३९, दर्ता मिति : २०६६/०६/०६
रजिष्टर्ड कार्यालय : झुनखुनवा - ९, रौतहट
**प्रोप्राइटर : रामेश्वर साह, शाखा कार्यालय : गौर**

**व्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **१. नाम : रामेश्वर साह**<br>बाबुको नाम : जिया लाल साह<br>बाजेको नाम : लछु साह<br>ठेगाना : झुनखुनवा - ९, रौतहट<br>हाल : यमुनामाई - ५, रौतहट<br>ना.प्र.प.नं. : २८९८<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०४५/०१/१८ | **२. नाम : श्रदा देवी**<br>पतिको नाम : रामेश्वर साह<br>ससुराको नाम : जिया लाल साह<br>ठेगाना : झुनखुनवा - ९, रौतहट<br>हाल : यमुनामाई - ५, रौतहट<br>ना.प्र.प.नं. :२५५९<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०६२/०८/२७ |

**धितोको विवरण**
१. रामेश्वर साहको नाममा मालपोत कार्यालय गौर, रौतहटमा दर्ता श्रेष्ता कायम रहेको झुनखुनवा - ९, रौतहट स्थित कित्ता नं. ८११, ८००, ५३६, ४८२ र ८०४ को क्षेत्रफल क्रमशः ०-१-८३/४, ०-१-०, ०-०-१०, ०-२-६ र ०-१-० को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।
२. रामेश्वर साहको नाममा मालपोत कार्यालय गौर, रौतहटमा दर्ता श्रेष्ता कायम रहेको झुनखुनवा - ५ ख, रौतहट स्थित कित्ता नं. ९ र ५७६ को क्षेत्रफल क्रमशः ०-५-७ र ०-१-० को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

**क्र.सं. ४. ऋणीको विवरण**

**नाम : मुस्कान कृषि तथा पशु फार्म**
दर्ता गर्ने निकाय : घरेलु तथा साना उद्योग कार्यालय, गौर, रौतहट
दर्ता नं. : ९१५७/१४५७/२५०/७६८, दर्ता मिति : २०७७/१२/२६
रजिष्टर्ड कार्यालय : गौर -४, रौतहट
**संचालक/प्रोप्राइटर : कमलेस सहनी**

**नाम : कमलेस सहनी**
बाबुको नाम : कोदै सहनी, बाजेको नाम : सरजुग सहनी
ठेगाना : गौर -७, रौतहट
ना.प्र.प.नं. : ११८७, जि.प्र.का. रौतहट, जारी मिति : २०५९/०८/१६
**शाखा कार्यालय : गौर**

**व्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **१. नाम : कमलेस सहनी**<br>बाबुको नाम : कोदै सहनी<br>बाजेको नाम : सरजुग सहनी<br>ठेगाना : गौर -७, रौतहट<br>ना.प्र.प.नं. : ११८७, जि.प्र.का. रौतहट,<br>जारी मिति : २०५९/०८/१६ | **२. नाम : हेमचली देवी**<br>पतिको नाम : कोदै सहनी<br>ससुराको नाम : सरजुग सहनी<br>ठेगाना : टिकुलिया -३, रौतहट<br>हाल : गौर -४, रौतहट<br>ना.प्र.प.नं. : १७८, जि.प्र.का. रौतहट<br>जारी मिति : २०४६/०२/२५ |
| **३. नाम : कोदै सहनी**<br>बाबुको नाम : सरजुग सहनी<br>बाजेको नाम : फुलो सहनी<br>ठेगाना : गौर -४, रौतहट<br>ना.प्र.प.नं. : ४१४-८६८९०३४८<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०३६/०४/१० | **४. नाम : रिता देवी**<br>पतिको नाम : कमलेस सहनी<br>ससुराको नाम : कोदै सहनी<br>ठेगाना : गौर -४, रौतहट<br>ना.प्र.प.नं. : ३२-०१-७८-०७५७०<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०७८/०६/२४ |

**धितोको विवरण**
१. कोदै सहनीको नाममा मालपोत कार्यालय गौर, रौतहटमा दर्ता कायम रहेको पुरेनवा -७, रौतहट स्थित कित्ता नं. १२४९, १५५३, ४०४१ र ८९५ को क्षेत्रफल क्रमशः ०-०-११, ०-१-१, ०-०-१.५ र ०-०-१२ (विगाह) भएको जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।
२. हेमचलि देवीको नाममा मालपोत कार्यालय गौर, रौतहटमा दर्ता कायम रहेको पुरेनवा -७, रौतहट स्थित कित्ता नं. १६२ र ३३६६ को क्षेत्रफल क्रमशः ०-०-५ र ०-०-१२ (विगाह) भएको जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

**क्र.सं. ५. ऋणीको विवरण**

**नाम : चौधरी किराना स्टोर्स**
दर्ता कार्यालय : नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ती व्यवस्थापन विभाग
दर्ता नं. : ११८/०६३/०६४, दर्ता मिति : २०६३/१०/०८
ठेगाना : सरमुजवा - ८
**संचालक तथा शेयरधनी : उपेन्द्र प्रसाद, शाखा कार्यालय : गौर**

**व्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **१. नाम : उपेन्द्र प्रसाद**<br>बाबुको नाम : लछुमन प्रसाद कलवार<br>बाजेको नाम : छटु साह कलवार<br>ठेगाना : जि. रौतहट सरमुजवा - ८, रौतहट<br>हाल : जि. रौतहट बोधीमाइ - ७, रौतहट<br>ना.प्र.प.नं. : ६६७<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०५०/०९/०१ | **२. नाम : सिन्धु कुमारी**<br>पतिको नाम : उपेन्द्र प्रसाद<br>ससुराको नाम: लछुमन प्रसाद कलवार<br>ठेगाना : जि. रौतहट सरमुजवा - ८, रौतहट<br>हाल : जि. रौतहट बोधीमाइ - ७, रौतहट<br>ना.प्र.प.नं. : ३९२<br>जि.प्र.का. रौतहट.<br>जारी मिति : २०५६/०३/२९ |

**धितोको विवरण**
सिन्धु कुमारीको नाममा मालपोत कार्यालय मौलापुरमा दर्ता रहेको सरमुजवां - ८ क, रौतहट स्थित कित्ता नं. ४८५ को क्षेत्रफल ०-०-७ को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत

**क्र.सं. ६. ऋणीको विवरण**

**नाम : भाग्य नारायण तिवारी**
बाबुको नाम : राम प्रबेश तिवारी, बाजेको नाम : रमन श्वामी तिवारी
ठेगाना : समनपुर - ४, रौतहट, हाल : गढीमाइ - २, रौतहट
ना.प्र.प.नं. : ८१८०२१२०, जि.प्र.का. रौतहट, जारी मिति : .२०३७/०८/१९
**शाखा कार्यालय : गौर**

**व्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **१. नाम : गायत्री कुमारी**<br>पतिको नाम : भाग्य नारायण तिवारी<br>ससुराकोको नाम : राम प्रवेश तिवारी<br>ठेगाना : समनपुर - ४, रौतहट<br>हाल : गढीमाइ - २, रौतहट<br>ना.प्र.प.नं. : १०३०<br>जि.प्र.का. रौतहट<br>जारी मिति : .२०४४/१२/११ | **२. नाम : उदय कुमार तिवारी**<br>बाबुको नाम : भाग्य नारायण तिवारी<br>बाजेको नाम : राम प्रवेश तिवारी<br>ठेगाना : समनपुर - ४, रौतहट<br>हाल : गढीमाइ - २, रौतहट<br>ना.प्र.प.नं. : ३२१०८९/३९५८<br>जि.प्र.का. रौतहट<br>जारी मिति : .२०६७/०९/२३ |

**३. नाम : हृदयन नारायण तिवारी**
बाबुको नाम : भाग्य नारायण तिवारी, बाजेको नाम : राम प्रवेश तिवारी
ठेगाना : समनपुर - ४, रौतहट, हाल : गढीमाइ - २, रौतहट
ना.प्र.प.नं. : ३२१०८९/३९५९, जि.प्र.का. रौतहट, जारी मिति : .२०६७/०९/२३

**धितोको विवरण**
गायत्री कुमारीको नाममा मालपोत कार्यालय गरुडामा दर्ता रहेको समनपुरं - ४, रौतहट स्थित कित्ता नं. १२५१ कोा क्षेत्रफल ०-३-६.५-० को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

**क्र.सं. ७.**

| ऋणीको विवरण | व्यक्तिगत जमानत दिनेको विवरण |
|---|---|
| **नाम : ईनजामामुल हक**<br>बाबुको नाम : मकबुल अहमद<br>बाजेको नाम : मोजबिल मिया<br>ठेगाना : धोबिनी - ३, पर्सा<br>हाल : धोबिनी - ५, पर्सा<br>ना.प्र.प.नं. : ३४-०१-७२-०३९६३<br>जि.प्र.का. पर्सा<br>जारी मिति : २०७२/०५/०६<br>**शाखा कार्यालय : वीरगंज** | **नाम : सकीला खातुन**<br>पतिको नाम : मकबुल अहमद<br>ससुराको नाम : मोजबिल मिया<br>ठेगाना : धोबिनी - ३, पर्सा<br>हाल : धोबिनी - ५, पर्सा<br>ना.प्र.प.नं. : ३४१०२८/७७<br>जि.प्र.का. पर्सा<br>जारी मिति : २०६६/०४/१५ |

**धितोको विवरण**
सकीला खातुनको नाममा मालपोत कार्यालय पर्सामा दर्ता रहेको धोबिनी - ३, पर्सा स्थित कित्ता नं. ५२९ को क्षेत्रफल २०४१ बर्ग मिटरको जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत

**क्र.सं. ८. ऋणीको विवरण**

**नाम : भागिरथ प्रसाद तत्वा**
बाबुको नाम : बिधासागर प्रसाद तत्वा, बाजेको नाम : भोला दास तत्वा
ठेगाना : श्रीसिया नौतज - ५, पर्सा, हाल : पोखरीया - ६, पर्सा
ना.प्र.प.नं. : ८८७०१३१५, जि.प्र.का. पर्सा, जारी मिति : २०४५/०१/१२
**शाखा कार्यालय : पोखरीया**

**व्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **१. नाम : बिकाश कुमार दास**<br>बाबुको नाम : भागिरथ प्रसाद तत्वा<br>बाजेको नाम : बिधासागर प्रसाद तत्वा<br>ठेगाना : श्रीसिया नौतज - ५, पर्सा<br>हाल : पोखरीया - ६, पर्सा<br>ना.प्र.प.नं. : ३४-०१-७३-०५४४१<br>जि.प्र.का. पर्सा<br>जारी मिति : २०७३/०५/०५ | **२. नाम : रबि कुमार दास**<br>बाबुको नाम : भागिरथ प्रसाद तत्वा<br>बाजेको नाम : बिधासागर प्रसाद तत्वा<br>ठेगाना : श्रीसिया नौतज - ५, पर्सा हाल : पोखरीया - ६, पर्सा<br>ना.प्र.प.नं. : ३४-०१-७३-०५४६१<br>जि.प्र.का. पर्सा<br>जारी मिति : २०७३/०५/०५ |
| **३. नाम : राहुल कुमार दास**<br>बाबुको नाम : भागिरथ प्रसाद तत्वा<br>बाजेको नाम : बिधासागर प्रसाद तत्वा<br>ठेगाना : श्रीसिया नौतज - ५, पर्सा<br>हाल : पोखरीया - ६, पर्सा<br>ना.प्र.प.नं. : ३४-०१-७४-१३३६७<br>जि.प्र.का. पर्सा<br>जारी मिति : २०७४/१०/१५ | **४. नाम : बिधासागर प्रसाद तत्वा**<br>बाबुको नाम : भोला दास तत्वा<br>बाजेको नाम : लक्षमण दास तत्वा<br>ठेगाना : श्रीसिया नौतज - ५, पर्सा<br>हाल : पोखरीया - ६, पर्सा<br>ना.प्र.प.नं. : ८८७००५५७<br>जि.प्र.का. पर्सा<br>जारी मिति : २०३४/०१/१७ |

**५. नाम : पुनम देबी**
पतिको नाम : भागिरथ प्रसाद तत्वा, ससुराको नाम : बिधासागर प्रसाद तत्वा
ठेगाना : श्रीसिया नौतज - ५, पर्सा हाल : पोखरीया - ६, पर्सा
ना.प्र.प.नं. : ४९१, जि.प्र.का. पर्सा, जारी मिति : २०५०/०८/१३

**धितोको विवरण**
भागिरथ प्रसाद तत्वाको नाममा मालपोत कार्यालय पर्सामा दर्ता रहेको सिर्सिया नौ.त.ज. - ४, पर्सा स्थित कित्ता नं. २३४ र ३६ को क्षेत्रफल क्रमशः ०-१-३-८ र ०-२-०-० बिघाको जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

**क्र.सं. ९. ऋणीको विवरण**

**नाम : शिवशंवकर मुखिया बिन**
बाबुको नाम : रामानन्द मुखिया बिन, बाजेको नाम : सुब्दार भगत
ठेगाना : सुर्जाहा - २, पर्सा, हाल : पाकहामैनपुर - २, पर्सा
ना.प्र.प.नं. : ३४-०१-६९-२९५२, जि.प्र.का. पर्सा, जारी मिति : २०६९/०८/१०
**शाखा कार्यालय : पोखरीया**

**व्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **१. नाम : भागमति देवी बिन**<br>पतिको नाम : रामानन्द मुखिया बिन<br>ससुराको नाम : गृर्जा बिन<br>ठेगाना : सुर्जाहा - २, पर्सा<br>हाल : पाकहामैनपुर - २, पर्सा<br>ना.प्र.प.नं. : ३४१०८०/१८०<br>जि.प्र.का. पर्सा<br>जारी मिति : २०६७/०५/२५ | **२. नाम : रामानन्द मुखिया बिन**<br>बाबुको नाम : गृर्जा बिन<br>बाजेको नाम : सुब्दार भगत<br>ठेगाना : सुर्जाहा - २, पर्सा<br>हाल : पाकहामैनपुर - २, पर्सा<br>ना.प्र.प.नं. : ९१५५१८१६<br>जि.प्र.का. पर्सा<br>जारी मिति : २०५७/०३/०५ |

**धितोको विवरण**
रामानन्द मुखिया बिनको नाममा मालपोत कार्यालय पर्सामा दर्ता रहेको प्रसौनीभाठा - १, पर्सा स्थित कित्ता नं. १७० को क्षेत्रफल ०४९१.६० ब.मी को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

**क्र.सं. १०. ऋणीको विवरण**

**नाम : पंकज राय यादव**
बाबुको नाम : रामवावु राय यदव, बाजेको नाम : लक्ष्मी नारायण यादव
ठेगाना : गौर - ७, रौतहट
ना.प्र.प.नं. : ३२-०१-७२-०१७३८, जि.प्र.का. रौतहट, जारी मिति : २०७२/०३/१५
**शाखा कार्यालय : गौर**

**व्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **१. नाम : रामबाबु राय यादव**<br>बाबुको नाम : लक्ष्मी नारायण यादव<br>बाजेको नाम : चुलन यादव<br>ठेगाना : टिकुलिया - १, रौतहट<br>हाल : गौर - ७, रौतहट<br>ना.प्र.प.नं. : ३२५, जि.प्र.का. रौतहट<br>जारी मिति : २०४५/०२/१४ | **२. नाम : सुशिला देवी**<br>पतिको नाम : राम बाबु राय यदव<br>ससुराको नाम : लक्ष्मी नारायण यादव<br>ठेगाना : टिकुलिया - १, रौतहट<br>हाल : गौर - ७, रौतहट<br>ना.प्र.प.नं. : २२६, जि.प्र.का. रौतहट<br>जारी मिति : २०४६/०२/२५ |

**धितोको विवरण**
पंकज राय यादवको नाममा मालपोत कार्यालय रौतहटमा दर्ता रहेको देवाही - २, रौतहट स्थित कित्ता नं. ९७६ को क्षेत्रफल ०-५-४ (विगाहा) जग्गा, सो जग्गामा बनेको घर तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

**क्र.सं. ११. ऋणीको विवरण**

**नाम : श्रीपा एग्रिकल्चर प्रा.लि.**
दर्ता गर्ने निकाय : नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय
दर्ता नं. : २६३८६/७७/०७८, दर्ता मिति : २०७८/०३/१३
ठेगाना : गणेशमान चारनाथ - ६, धनुषा
**संचालक/शेयरधनी : विनोद बुढाथोकी, शाखा कार्यालय : जनकपुर**

**नाम : विनोद बुढाथोकी**
बाबुको नाम : मेग बहादुर बुढाथोकी, बाजेको नाम : कृपासुर बुढाथोकी
ठेगाना : मन्थली - १०, रामेछाप, हाल : गणेशमान चारनाथ - ६, धनुषा
ना.प्र.प.नं. : २११०३७/१५२६६, जि.प्र.का. रामेछाप, जारी मिति : २०६६/११/११

**व्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **१. नाम : विनोद बुढाथोकी**<br>बाबुको नाम : मेग बहादुर बुढाथोकी<br>बाजेको नाम : कृपासुर बुढाथोकी<br>ठेगाना : मन्थली - १०, रामेछाप<br>हाल : गणेशमान चारनाथ - ६, धनुषा<br>ना.प्र.प.नं. : २११०३७/१५२६६<br>जि.प्र.का. रामेछाप<br>जारी मिति : २०६६/११/११ | **२. नाम : सृजना भुसाल बुढाथोकी**<br>पतिको नाम : विनोद बुढाथोकी<br>ससुराको नाम : मेग बहादुर बुढाथोकी<br>ठेगाना : मन्थली - १०, रामेछाप<br>हाल : गणेशमान चारनाथ - ६, धनुषा<br>ना.प्र.प.नं. : ६४-०१-७०-०१९३२<br>जि.प्र.का. रामेछाप<br>जारी मिति : २०७०/०४/२२ |

**धितोको विवरण**
१. विनोद बुढाथोकीको नाममा मालपोत कार्यालय जनकपुर, धनुषामा दर्ता रहेको भरतपुर - ६ क, १ क र ७ क धनुषा स्थित कित्ता नं. ५३९, १७३५ र ३०० को क्षेत्रफल क्रमशः ०-१-१०-०, ०-०-१९-० र ०-७-१३-८ (विगहा) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।
२. विनोद बुढाथोकीको नाममा मालपोत कार्यालय जनकपुर, धनुषामा दर्ता कायम रहेको तल्लो गोदार - ४ क, धनुषा, हाल गणेशमान चारनाथ - २, धनुषा स्थित कित्ता नं. १०४, ४१७ र ४१८ को क्षेत्रफल क्रमशः ०-१९-५-०, ०-०-१५-० र ०-०-१५-० (विगाहा) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

**क्र.सं. १२.**

| ऋणीको विवरण | व्यक्तिगत जमानत दिनेको विवरण |
|---|---|
| **नाम : बुधराम राउत बीन**<br>बाबुको नाम : दिन दयाल राउत बीन<br>ठेगाना : बतरा - ५, बारा<br>हाल : फेटा - ४, बारा<br>ना.प्र.प.नं. : ३३३०८७/५१३<br>जि.प्र.का बारा<br>जारी मिति : २०६३/१०/१४<br>**शाखा कार्यालय : वीरगंज** | **नाम : रिना देवी**<br>पतिको नाम : बुधराम राउत बीन<br>ससुराको नाम : दिन दयाल राउत बीन<br>ठेगाना : बतरा - ५, बारा<br>हाल : फेटा - ४, बारा<br>ना.प्र.प.न. : ३३३०८७/१०८१<br>जि.प्र.का. बारा<br>जारी मिति : २०६३/१०/१६ |

**धितोको विवरण**
रिना देबीको नाममा मालपोत कार्यालय बारामा दर्ता रहेको बतरा - १, बारा स्थित कित्ता नं. ५१६ को क्षेत्रफल ०-०-५ को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत

**क्र.सं. १३.**

| ऋणीको विवरण | धितोको विवरण |
|---|---|
| **नाम : बिन्दा महतो धानुक**<br>बाबुको नाम : दुखि महतो धानुक<br>बाजेको नाम : जुलुम महतो धानुक<br>ठेगाना : इटियाही - ६, बारा<br>हाल : बिश्रामपुर -५, बारा<br>ना.प्र.प.नं. : १५२९/१५५२, जि.प्र.का. बारा<br>जारी मिति : २०६२/०२/१८<br>**शाखा कार्यालय : वीरगंज** | कलावती देबी धनुकाइनको नाममा मालपोत कार्यालय बारामा दर्ता रहेको बारा जिल्ला, नकटुवा - ७, स्थित कित्ता नं. ९० क्षेत्रफल ०-१-६१/२ विगाहा जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |

**व्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **१. नाम : उमारावती देवी**<br>पतिको नाम : बिन्दा महतो धानुक<br>ससुराको नाम : दुखि महतो धानुक<br>ठेगाना : इटियाही - ६, बारा<br>हाल : बिश्रामपुर -५, बारा<br>ना.प्र.प.नं. : ३३१०७४/८१२८<br>जि.प्र.का. बारा<br>जारी मिति : २०६५/०४/०८ | **२. नाम : कलावती देबी धनुकाइन**<br>पतिको नाम : दुखि महतो धानुक<br>ससुराको नाम : जुलुम महतो धानुक<br>ठेगाना : नकटुवा - ७, बारा<br>हाल : बिश्रामपुर -५, बारा<br>ना.प्र.प.नं. : १५५४/८६३<br>जि.प्र.का. बारा<br>जारी मिति : २०३३ |

**३. नाम : लक्ष्मी महतो धानुक**
बाबुको नाम : बिन्दा महतो धानुक, बाजेको नाम : दुखि महतो धानुक
ठेगाना : इटियाही - ६, बारा, हाल : बिश्रामपुर -५, बारा
ना.प्र.प.नं. : ३३-०१-७१-०६५०४, जि.प्र.का. बारा, जारी मिति : २०७१/१०/२८

**नोट :** बोलपत्र आवेदन फारम यस बैंकको शाखा कार्यालयहरुबाट रु ५००/-(पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ । लिलाम बिक्री सम्बन्धी सम्पूर्ण शर्त तथा बन्देजहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछन ।

**पुनश्च :**

- उल्लिखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा विकास बैंक आफैंले सकार गर्दा साविकमा विकास बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा विकास बैंक आफैंले सकार गरि लियो भनी कहि कतै उजुर वाजुर गर्न पाउनु हुने छैन ।
- समितिबाट लिलाम बिक्री सदर भएपछि सम्बन्धित विभाग/शाखाले बोलपत्र स्वीकृत भएको बोलपत्रदातालाई बाँकी रकम जम्मा गर्नको लागि बढिमा ३० दिनको समय दिईनेछ ।
- ऋणीले धितो दिएका फरक फरक सम्पत्तिहरु एकै पटक लिलामीमा निकाल्दा केही सम्पत्तिहरु खरिदको लागि मात्र बोलपत्र पेश भएमा विकास बैंकको हितलाई ध्यानमा राखी ती बोलपत्रहरु स्वीकृत गर्न सकिनेछ ।
- बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको १२:०० बजेसम्म बोलपत्र पेश गर्न सकिने छ । साथै बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको ३.०० बजे प्रतिनिधिहरुको उपस्थितिमा बोलपत्र खोलिने छ । तर सबै प्रतिनिधिहरुको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति र समय :**
**२०८१ कार्तिक २५ गते आइतबार १२:०० बजे सम्म ।**
**बोलपत्र खोलिने मिति र समय : २०८१ कार्तिक २५ गते आइतबार ३:०० बजे**
**बोलपत्र खोलिने स्थान : लुम्बिनी विकास बैंक लिमिटेडको, सम्बन्धित शाखा कार्यालय**

लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.
निरन्तर सहयात्रा

(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था)

केन्द्रीय कार्यालय:
सनराईज विजपार्क, डिल्लीबजार, काठमाण्डौं
फोन नं. : ०१-४५१३२३२, ४५१३२३४, ४५२१६९६,
फ्याक्स नं. ०१-४५१३५२६

# धोती, कुर्ता र सारी जुलुस प्रदर्शन



**टुडे समाचारदाता**

जनकपुरधाम । मिथिलाको पहिरनमा संस्कृति अभियानीहरुको एक समूहले धोती, कुर्ता र सारी जुलुस प्रदर्शन गरेका छन् ।

मिथिलाको मुख्य पोशाकको रुपमा पुरुषले धोती र कुर्ता तथा महिलाले सारी लगाएर जनकपुरधाममा आइतबार प्रदर्शन गरेका छन् ।

आफ्नो पोशाक, कला र संस्कृतिलाई जगेर्ना गर्ने उद्देश्यले धोर्तीकुर्ता तथा सारी जुलुस निकालेर प्रदर्शन गरेका छन् ।

मिथिलाको आफ्नो पहिरन तथा मिथिला संस्कृति हामीहरुले नै जोगाउनुपर्छ भन्ने उद्देश्यले आफूहरुले जुलुस निकालेको जुलुसमा सहभागी संजय कुशवाहाले बताए । उनले यसलाई अभियानकै रुपमा आफूहरुले अगाडि बढाएको बताए ।

यता धोर्तीकुर्ता तथा सारी जुलुस अभियानी मोहन महतो कोइरीले आफूहरुले विगत ७ वर्षदेखि यो अभियान संचालन गर्दै आइरहेको र सो अभियान यस पटक प्रत्येक छठ घाटमा लैजाने योजना रहेको बताए । उनले आउन लागेको मिथिलाको पर्व छठको समयमा धोती कुर्ता लगाएरै छठको घाटमा पुग्न आग्रह गरे ।

# हिन्दु–मुस्लिम एक साथ ऐतिहासिक भगवती मन्दिर र पोखरीको स्वरुप फेर्दै

हिन्दु समुदायकी प्रदेशसभा सदस्य किरण कुमारी साह तथा मुस्लिम समुदायकी राजविराज नगरपालिकाका कार्यवाहक नगरप्रमुख ईसरत प्रवीणले विशेष चासो राख्दै मर्मत सम्भार र सौन्दर्यकरणका लागि क्रमश: आफ्नो संसदीय विकास कोष र नगरपालिकाबाट बजेट उपलब्ध गराएपछि राजविराज-७ मा विभिन्न मन्दिरहरुको निकटमा अवस्थित सो मन्दिर र पोखरीको कायापलट हुन लागेको छ ।

**टुडे समाचारदाता**

राजविराज । राजविराजको मुटुमै रहेको ऐतिहासिक तथा धार्मिक महत्वको चन्डेश्वरी भगवती मन्दिर र भगवती पोखरीको स्वरुप फेरिँदै छ ।

मन्दिर र पोखरी अहिले मर्मत-सम्भार भइ नयाँ रुपमा परिणत हुने क्रममा छ । हिन्दु समुदायकी प्रदेशसभा सदस्य किरण कुमारी साह तथा मुस्लिम समुदायकी राजविराज नगरपालिकाका कार्यवाहक नगरप्रमुख ईसरत प्रवीणले विशेष चासो राख्दै मर्मत सम्भार र सौन्दर्यकरणका लागि क्रमशः आफ्नो संसदीय विकास कोष र नगरपालिकाबाट बजेट उपलब्ध गराएपछि राजविराज-७ मा विभिन्न मन्दिरहरुको निकटमा अवस्थित सो मन्दिर र पोखरीको कायापलट हुन लागेको छ ।



प्रदेश सभा सदस्य साहले पटक पटक गरी सो मन्दिर र पोखरी सौन्दर्यकरणका लागि हाल सम्म आफ्नो संसदीय विकास कोषबाट करिब ६० लाख रुपैयाँ उपलब्ध गराइ सकेकी छिन् । त्यस्तै कार्यवाहक नगरप्रमुख प्रवीणले नगरपालिकाबाट पहिलो चरणमा ५० लाख रुपैयाँ उपलब्ध गराइएकी छिन् ।

दुवै जनाले अहिले सम्म उपलब्ध बजेटबाट भगवती मन्दिर र पोखरीको सौन्दर्यकरण थालनी गरेर आगामी आर्थिक वर्षहरुमा उपलब्ध हुने बजेटले थप सौन्दर्यकरण कार्य गरिने प्रतिबद्धता समेत जनाएकी छन् ।

प्रदेश सभा सदस्य साह आफ्नो संसदीय विकास कोषको बजेटबाट मन्दिर र पोखरी प्रवेश गर्ने दुईवटा मार्गमा प्रवेशद्वार तथा पोखरीको एक भागमा पूजाघाट निर्माण गरिएको छ । 'पुजाघाटको अभावले गर्दा छठ पर्व लगायत विभिन्न धार्मिक कार्यक्रमका अवसरमा पूजा विधि गर्न भक्तजनलाई समस्या हुँदै आएको थियो, प्रदेश सांसद साहले भनिन्- अघिल्लो वर्षको बजेटबाट प्रवेशद्वार तथा पोखरीको एक भागमा टायल्स सहितको पूजाघाट निर्माण गराएका छौँ, आगामी आर्थिक वर्षको बजेटलाई क्रमशः पोखरीको चारैतिर टायल्स सहितको पुजा घाट निर्माण कार्य सम्पन्न गर्ने योजना बनाएका छौँ ।'

प्राचीन एवं धार्मिक महत्वको स्थल संरक्षण र संवर्द्धनको अभावमा जीर्ण बन्न लागेकाले आफूले विशेष चासो देखाएको उनको कथन छ । यता राजविराज नगरपालिकाले सो मन्दिर र पोखरीको सौन्र्यकरणका लागि ५० लाख रुपैयाँको बजेट विनियोजन गरेको छ । आवश्यकता अनुसार आगामी वर्षमा समेत बजेट थपिने कार्यवाहक नगरप्रमुख ईसरत प्रवीण बताउँछिन् । 'धर्म फरक भए पनि हाम्रा चाडपर्व, मठ, मन्दिर, मस्जिद साझा, एकअर्काको धर्म, संस्कृति, धार्मिक स्थलको संरक्षण, संवर्द्धन र सम्मान गर्दा हिन्दु-मस्लिमबीचको सम्बन्ध अझ प्रघाट बनाउन समेत मदत पुऱ्याउँछ, उनले थपिन्- राजविराजमा हिन्दु-मुस्लिम एकअर्काको चाडपर्वमा सहभागी हुने र सहयोग गर्ने परम्परा नै बनेको छ ।"

नगरपालिकाले छुट्याएको बजेटबाट अहिले सो मन्दिर र पोखरीमा रंगरौगन, चारैतिर वृक्षारोपण, शौचालय र पर्खाल निर्माणको काम सकिएको छ । त्यस्तै पोखरीको चारैतिर विद्युतीकरण जडान र पर्खालका भित्ताहरुमा विभिन्न देवी देउता तथा धार्मिक र सांस्कृतिक महत्वका कलात्मक चित्रहरु कोर्ने र आकर्षक रुपमा सजाउने काम धमाधम भइरहेको कार्यवाहक नगरप्रमुख प्रवीणको भनाई छ ।

मन्दिर समितिका अध्यक्ष रामानन्द देवले संरक्षणको अभावमा जीर्ण बन्दै गएको मन्दिर भवन र बेवारिसे अवस्थामा रहेको पोखरीको मर्मत सम्भार गरी नयाँ रुप दिएकोमा दुवै महिला जनप्रतिनिधि धन्यवादको पात्र रहेको प्रतिकृया दिए ।

ऐतिहासिक र धार्मिक महत्वको सो मन्दिर र पोखरीको सौन्दर्यकरण काम सम्पन्न भएपछि राजविराज नगरक्षेत्रका मुख्यवस्तीका साथै आसपास र बाहिरबाट आउने भक्तजनका लागि सहज हुने विश्वास गरिएको छ ।

# वीरगञ्जमा सरसफाइकर्मी कुटिए

**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगञ्ज महानगरपालिकाका एक जना सरसफाइकमी कुटिएका छन् ।

शनिबार वीरगञ्ज महानगरपालिकाको वडा नम्बर १५ भिस्वामा फोहोर संकलनका लागि गएका २२ वर्षीय सरसफाइकर्मी राजेश मल्लिक कुटिएका छन् ।



फोहोर उठाउने बेल्चाले स्थानीय निरजल गिरी र उनका दुई जना छोराले कुटेको मल्लिकले जानकारी दिए । बेल्चा प्रहारले मल्लिकको बायाँ हात, पिठ्युँ र घाँटीमा चोट लागेको छ। सरसफाइकर्मीमाथि कुटपिट गर्ने गिरीलाई पर्सा प्रहरीले नियन्त्रणमा लिएको महानगरपालिकाको सरसफाइ शाखा प्रमुख सर्फुदिन मियाँले बताए । सरसफाईकर्मी मल्लिकले बताए अनुसार शनिबार भिस्वा टोलमा ठेला लिएर फोहोर संकलन गर्ने क्रममा निरजले गिरी फोहोर लिएर आएका थिए। 'उनले फोहोरको भाँडा मैले बोकेको बेल्चामै टकटकाएर झार्न थाले,' सरसफाईकर्मी मल्लिकले भने, 'बेल्चा हामीले हातले समाउँछौं, त्यही हातले सिट्टी समाएर फुक्छौं, मुखमा फोहोर जान्छ भनेर मैले ठेलामै फोहोर फाल्न भन्दा विवाद भएको हो ।'

शहरलाई सफा राख्न अहोरात्र खट्ने सरसफाइकर्मीमाथि कुटपिट गर्नेलाई कानुन बमोजिम कारबाही गरिने वीरगञ्जका मेयर राजेशमान सिंहले जनाए ।

# मदिरा सेवन गरी यात्रुवाहक बस चलाउँदा चालक प्रहरी फन्दामा

**टुडे समाचारदाता**

जनकपुरधाम। मदिरा सेवन गरी यात्रुबाहक वस चलाउँदा एक चालक प्रहरी फन्दामा परेका छन् । पक्राउ पर्नेमा प्रदेश १-०२०० ख ०४१० नम्बरको सुनौलो बिहानी काजल ट्राभल्सका चालक मनोज कुमार यादव छन् ।



उनलाई शुक्रबार साँझ राजविराजको मुख्य बजार क्षेत्रबाट पक्राउ गरिएको सप्तरी प्रहरीले जनाएको छ । साँझ ६ बजेतिर बजार क्षेत्रमा मदिरा सेवन गरी तीब्र गतिमा वस चलाउँदै गर्दा प्रहरीको टोलीले चेक जाच गरेपछि यादवलाई पक्राउ गरेको प्रहरी नायव निरीक्षक समेत रहेका सूचना अधिकारी जितेन्द्र कुमार बस्नेतले जानकारी दिए ।

दुर्घटना नियन्त्रण तथा न्युनीकरण गर्ने उदेश्यले खटिएका प्रहरी टोलीमाथि नै रक्सीले मातेका चालक यादव दुर्व्यवहारमा उत्रिएपछि नियन्त्रणमा लिई उनीमाथि अभद्र व्यवहार मुद्दा दर्ता गरी जिल्ला प्रशासन कार्यालयबाट ६ दिनको म्याद थपेर आवश्यक कारबाही प्रक्रिया अघि बढाइएको छ।

# पक्राउको विरोधमा प्रदर्शन




**टुडे समाचारदाता**

वीरगञ्ज । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) पर्साले वीरगञ्जमा केपी शर्मा ओली सरकारको विरोधमा प्रदर्शन गरेको छ । रास्वपाका सभापति रवि लामिछाने पक्राउ परेको विरोधमा वीरगञ्जमा प्रदर्शन गरिएको छ ।

'राजनीतिक प्रतिशोधको विरुद्धको ऐक्यबद्धता, शान्तिपूर्ण ऱ्याली' को ब्यानरसहित जिल्ला संयोजक हरि पन्तको अगुवाईमा निकालिएको जुलुस नगरका विभिन्न भागको परिक्रमा गर्दै घण्टाघरमा पुगेर कोण सभामा परिणत भएको थियो ।

संयोजक पन्तले राजनीतिक प्रतिशोध साँधेर सरकारले सभापतिलाई पक्राउ गरेको भन्दै पार्टीले निः सर्त रिहाइको माग गरेको बताए ।

सहकारी ठगी प्रकरणमा शुक्रबार सभापति लामिछाने काठमाण्डुमा पक्राउ परेका थिए भने अहिले उनी जिल्ला प्रहरी कार्यालय कास्कीको हिरासतमा छन् ।

# चार पालिकाले अझै बजेट ल्याउन सकेन

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको चार पालिकाले अझै बजेट ल्याउन सकेको छैन ।

जिल्लाको कविलासी नगरपालिका, विष्णु, बसबरिया र पर्सा गाउँपालिकाले बजेट ल्याउन नसकेको छैन । राजनीतिक खिचातानी र बजेट बाँडफाँटमा कुरा नमिल्दा बजेट आउन ढिलाइ भइरहेको जनाइएको छ ।




बजेट नआउँदा चारवटै पालिकामा विकास निर्माणका कामकाजसमेत ठप्प भएको छ भने नागरिकले सामाजिक सुरक्षा भत्ता पनि पाउन सकेका छैनन् । बजेट नआउँदा कर्मचारीसमेतले तलब पाउन सकेको छैन ।

चारवटै पालिकामा राजनीतिक किचलो तथा बजेट बाँडफाँटमा जनप्रतिनिधिबीच कुरा मिल्न सकेको छैन । यसको असर बजेटमा पनि परेको छ । बजेट नआउँदा विकास निर्माणका काम पूर्ण रूपमा ठप्प छ । चाडवाडका बेलामा पनि कर्मचारीले तलब भत्ता नपाउँदा दैनिक जीवनयापन धाउनमा कठिनाइ भएको छ । बजेट नआएकै कारण यी पालिकामा सामाजिक सुरुक्षा भत्तासमेत वितरण हुन सकेको छैन ।

कविलासी नगरपालिका, बसबरिया र पर्सा गाउँपालिकाले असारमै गाउँसभाको उद्धाटन गरे पनि बन्द सत्रमा कुरा नमिल्दा बजेट ल्याउन सकिरहेको छैन ।

असार पहिलो साता आफू गम्भीर बिरामी परेका कारण समयमा गाउँसभा गर्न नसकेको अध्यक्ष जवाहर यादवले जनाएका छन् । तर अन्य जनप्रतिनिधिले भने अध्यक्ष यादवको एकल दम्भका कारण बजेट आउन नसकेको आरोप लगाउँदै आएको छ ।

कविलासी नगरपालिकामा बजेट बाँडफाँटमै समस्या रहेको छ । मेयर ब्रह्मदेव राय, उपमेयर पुनम कर्ण र वडाअध्यक्षबीचमा बजेट बाँडफाँटमा कुरा नमिल्दा नगरसभा हुन सकेको छैन। नगरका प्रमुख प्रशासकीय अधिकृत विष्णु यादव सरुवा भएपछि प्रशासनिक कामकाजमा समेत समस्या भएको छ । पालिकामा निमित्त प्रशासकीय अधिकृतसमेत तोकिएको छैन । जसले बजेट ल्याउनमा समस्या उत्पन्न भएको छ ।

बसबरियामा अध्यक्ष रामसिंहासन राय र उपाध्यक्ष सरिता साहबीचमा पनि मनमुटाव छ । उपाध्यक्ष साहले अध्यक्ष रायले आफूहरूको अधिकार नदिएका कारण बजेट ल्याउन नदिएको बताइन् । उनले अध्यक्ष राय तानाशाह बन्दा पालिकामा समस्या आएको बताइन् । उनले भनिन्, 'अध्यक्षको तानाशाहीको हामीले विरोध गरेका छौं, निर्वाचित सबैले आ-आफ्नो पदीय दायित्व अनुसार अधिकार प्रयोग गर्न पाउनु पर्छ भन्ने हाम्रो माग हो,' उनले अघि थप्दैं भनिन्, 'जबसम्म अधिकारको प्रत्याभूति हुँदैन, तबसम्म बजेट आउन दिंदैनौं ।'

त्यस्तै अध्यक्ष रायले बहुमत सदस्य उपाध्यक्षतिर भएकाले बजेट पास हुन नसकेको बताए । उनले बजेट ल्याउनेबारेमा आवश्यक छलफल भइरहेको जानकारी दिए। कुल ३३ गाउँसभा सदस्य रहेको बसबरियामा २० जना उपाध्यक्ष साहतर्फ छन् भने अध्यक्ष रायतर्फ जम्मा १३ जना सदस्य छन् ।

त्यसैगरि पर्सा गाउँपालिकामा निमित्त प्रमुख प्रशासकीय अधिकृत सुरेशकुमार यादवलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आर्थिक अख्तियारी नदिंदा बजेट ल्याउन समस्या भएको गाउँपालिकाका अध्यक्ष धीरेन्द्र रायले बताए । उनले अबको एक हप्ताभित्रमा बजेट आउने दाबी गरेका छन् ।बजेट नआउँदा पालिकाको सम्पूर्ण कामकाज ठप्प रहेको छ। उनका अनुसार बजेट नआउँदा पालिकाका कर्मचारी तथा वृद्धवृद्धाले समेत सामाजिक सुरक्षा भत्ता पाउन सकेका छैनन् ।

# फरार ट्रक चालक पक्राउ

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीमा एक जना फरार ट्रक चालक पक्राउ परेका छन् । पूर्वपश्चिम राजमार्ग अन्तर्गत सर्लाहीको लालबन्दी नगरपालिका- ९ स्थित बस्तीपुरमा दुई साताअघि दुर्घटना गराएर फरार रहेको मिनी ट्रक चालकलाई सर्लाही प्रहरीले पक्राउ गरेको छ।



असोज १५ गते राति ११ बजे बस्तीपुरस्थित जनज्योति क्याम्पस नजिक पुर्वपश्चिम राजमार्गमा हरिवन नगरपालिका -११ का अब्दुल साह फकिरका छोरी २१ वर्षीया अप्सरी खातुन गम्भीर घाइते अवस्थामा फेला परेको थियो। उनलाई उपचारका लागि प्रादेशिक अस्पताल मलंगवा लग्दा चिकित्सकले मृत घोषणा गरेका थिए।

सुरुमा परिचय नै नखुलेको महिलाको सवारीको ठक्करबाट मृत्यु भएको निष्कर्षसहित सर्लाही प्रहरीले अनुसन्धान अघि बढाएको थियो । राजमार्गका विभिन्न स्थानमा रहेका सीसीटिभीको फुटेज संकलन गरी अनुसन्धान गर्दै जाँदा सो दुर्घटनामा प्रदेश १-०१-००१ ख ३९४८ नम्बरको ६ चक्के मिनीट्रक संलग्न रहेको खुलेको इलाका प्रहरी कार्यालय लालबन्दीका प्रमुख एवं प्रहरी निरीक्षक सुजन पाठकले जानकारी दिए।

सर्लाही प्रहरीले ट्रकचालक ईलामको सूर्योदय नगरपालिका -१ का ३७ वर्षीय जीतबहादुर राईलाई समेत नियन्त्रणमा लिएको छ।

# प्रहरीद्वारा सचेतनामूलक सूचना

**टुडे समाचारदाता**

रौतहट । करेन्ट लागेर मृत्यु हुनेको संख्यामा वृद्धि भएसंगै प्रहरीले १० बुँदे सचेतनामूलक सूचना जारी गरेको छ।

रौतहट जिल्लामा छोटो अवधिमै करेन्ट लागेर ८ जनाको मृत्यु भएपछि करेन्टबाट जोगिन सर्वसाधारणको सचेतनाको लागि सूचना जारी गरिएको रौतहट प्रहरीका प्रहरी उपरीक्षक दिलीप घिमिरेले जानकारी दिए। विद्युतीय करेन्ट बाट जोगिन जिल्ला प्रहरी कार्यालय रौतहटले खाली खुट्टा वा पानी जमेको स्थानमा बिजुलीको काम नगर्न, बिजुली सम्बन्धी मर्मतको काम बिजुली मिस्त्री बाट मात्र गराउन, घरमा वायरिङ गराउँदा कमसल पुरानो वा जोडजाड गरिएको तार प्रयोग नगर्न सकभर अन्डर ग्राउन्ड वायरिङ गरेर मात्रै बिजुलीको काम गर्न आग्रह गरेको छ।



त्यस्तै घरमा बिजुलीको बोर्ड राख्दा साना बालबालिकाले छुन नसकिने उचाइमा राख्न, घरको एक ठाउँ बाट अर्को ठाउँ वा एउटा कोठा बाट अर्को कोठामा आफ्नो सुविधा अनुकूल हुनेगरी जथाभाबी तार नझुन्ड्याउन, जोखिम र सुरक्षालाई ध्यान राख्न, खेतमा पानी पठाउन सिँचाइ मिटरको प्रयोग गरी मात्र पानी तान्ने मोटर जडान गर्न, रातको समय वा अँध्यारोमा बिजुलीको तार चलाउने, मर्मत कार्य गर्ने वा खेतमा पानी नपटाउन प्रहरीले जारी गरेको सूचनामा उल्लेख छ।

त्यस्तै खेतमा पानी पठाउँदा अनिवार्य रूपमा एकजना कुरुवा खेतमा बस्न, कहिल्यै पनि डाइरेक्टर हुटिङ लगाई बिजुली चोरी नगर्न, सामान्यतया काम काज गर्दा हातले छुन सकिने वा खुट्टा लाग्न सकिने ठाउँमा बिजुलीको तार स्विच बोर्ड नराख्न सूचनामार्फत आग्रह गरेको छ।

**बालबालिकालाई निमोनियाबाट जोगाऔं**

**निमोनियाबाट बालबालिकालाई बचाउन,**

- नियमित रुपमा लगाईने खोपहरु लगाऔं ।
- आमाको दुधका साथै पोषणयुक्त थप आहार खुवाऔं ।
- धुलो, धुवाँ, चिसो तथा प्रदुषणबाट बचाऔं ।
- सरसफाईमा उचित ध्यान दिऔं ।
- संक्रमण भएमा चिकित्सकसँग परामर्श गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८